# बेलकोटगढी नगरपालिकाको
# राजस्व अभिवृद्धि कार्ययोजना

## ०७८/७९-०८०/८१

**बेलकोटगढी नगरपालिकाको कार्यालय**

**नुवाकोट, वाग्मती प्रदेश**

मंसिर २०७७

## प्रतिवेदन तयारी

| | |
|---|---|
| **शीर्षक :** | **बेलकोटगढी नगरपालिकाको राजस्व सुधार कार्ययोजना ०७८/७९-०८०/८१** |
| **नगरपालिका** | बेलकोटगढी नगरपालिका, नुवाकोट, बाग्मती प्रदेश |
| **प्राविधिक सहयोग** | सेमिड नेपाल, एकान्तकुना, ललितपुर |
| **समन्वय र सहयोग** | पूर्णिमा (नेपालमा भूकम्पपछिको पुनःस्थापन कार्यक्रम/मोट म्याकडोनाल्ड) |
| **मिति** | मंसिर, २०७७ |


## कृतज्ञता ज्ञापन

बेलकोटगढी नगरपालिकाका लागि पूर्णिमा (नेपालमा भूकम्पपछिको पुनस्थापन कार्यक्रम/मोट म्याकडोनाल्ड) को आर्थिक सहयोगमा सेन्टर फर इम्पावरमेन्ट, इनोभेसन एण्ड डेभलपमेन्ट (सेमिड) नेपालको प्राविधिक सहयोगमा प्रस्तुत राजस्व सुधार कार्ययोजना तयार गरिएको हो ।

यस कार्ययोजना तर्जुमा प्रक्रियामा स्थानीयस्तरबाट योगदान पु¥याउने नगरपालिकाका प्रमुखश्री राजेन्द्ररमण खनाल, उपप्रमुख श्री कविता ढुंगाना, प्रमुख प्रशासकीय अधिकृत श्री लेखनाथ पोखरेल, कार्यपालिकाका पदाधिकारीहरु तथा नगरपालिकाका कर्मचारीहरुप्रति परामर्शदाताको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछौं । त्यसै गरी यस कार्यलाई सफल पार्न आवश्यक समन्वय, रचनात्मक सुझाव तथा सहयोग प्रदान गर्नुहुने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका निजामती सेवाका उच्च पदस्थ कर्मचारीहरु र पूर्णिमा कार्यक्रमका पदाधिकारी एवं विषय विशेषज्ञ श्री सन्तोष विष्ट, श्री सीमा रजौरिया, श्री महेश नेपाल एंव नगरपालिका योजना तथा शासन सल्लाहकार श्री कमल खनाल, इन्जिनियर अरविन्द श्रेष्ठ एवं उद्यम विकास संयोजक श्री चक्रपाणि तिमिल्सिनामा हार्दिक धन्यवाद व्यक्त गर्दछौ ।

प्रस्तुत कार्ययोजनाको कार्यान्वयनबाट नगरपालिकाको आन्तरिक राजस्वमा अपेक्षा अनुरुप स्रोत परिचालन र व्यवस्थापन क्षमतामा अभिवृद्धि भई स्थानीय सेवा प्रवाहमा सुधार हुने विश्वास र यस कार्ययोजनाको सफलतापूर्वक कार्यान्वयनका लागि बेलकोट नगरपालिकालाई शुभकामना समेत व्यक्त गर्दछौं ।

मंसिर २०७७

सेमिड नेपाल,
एकान्तकुना, ललितपुर

# विषयसूची

**परिच्छेद- एक : परिचय ........ १**
१.१ पृष्ठभूमि ........ १
१.२ स्थानीय राजस्व परिचालनको सैद्धान्तिक मान्यता ........ २
१.३ राजस्व सुधार कार्ययोजनाको औचित्य ........ २
१.४ अध्ययनको उद्देश्य ........ ३
१.५ अध्ययन विधि तथा प्रक्रिया ........ ४
१.६ योजनाका सीमाहरु ........ ७
**परिच्छेद- दुई : नगरपालिकाको संक्षिप्त परिचय र राजस्व परिचालनको अवस्था ........ ८**
२.१ बेलकोटगढी नगरपालिकाको संक्षिप्त परिचय ........ ८
२.२ नगर कार्यपालिकाको संगठन स्वरुप र मानव संसाधनको अवस्था ........ ९
२.३ राजस्व प्रशासनको वर्तमान अवस्था ........ ११
२.४ राजस्व परिचालन सम्बन्धी प्रयासहरु ........ १२
**परिच्छेद- तीन : नगरपालिकाको राजस्व अधिकार तथा आय सम्भाव्यता ........ १५**
३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था ........ १५
३.१.१ संवैधानिक व्यवस्था ........ १५
३.१.२ कानुनी व्यवस्था ........ १५
३.२ कर राजस्व बाँडफाँड सम्बन्धी व्यवस्था ........ १९
३.३ बेलकोटगढी नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था ........ २०
३.४ आन्तरिक स्रोत तर्फका राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण ........ २३
३.४.१ कर राजस्व ........ २३
३.४.२ गैरकर राजस्व ........ ३२
**परिच्छेद- चार : आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था ........ ३७**
४.१ राजस्व परिचालन सम्बन्धी नीति ........ ३७
४.२ आन्तरिक राजस्व संकलनका लागि संस्थागत क्षमता ........ ३७
४.२.१ स्थानीय राजस्व परामर्श समिति ........ ३७
४.२.२ नगरपालिकाको राजस्व प्रशासन ........ ३८
४.३ राजस्व परिचालनमा रहेका सवालहरु ........ ३८
४.३.१ कानुनी तथा नीतिगत सवाल ........ ३८
४.३.२ संगठन, क्षमता, पूर्वाधार सम्बन्धी सवाल ........ ३९
४.३.३ अभिलेख व्यवस्थापन तथा स्रोतहरुको प्राथमिकीकरणको सवाल ........ ४०
४.३.४ स्थानीय आर्थिक विकासको सवाल ........ ४०
४.३.५ पारदर्शिता र जवाफदेहिताको सवाल ........ ४०
४.३.६ आन्तरिक नियन्त्रण, शीर्षकगत प्रविष्टि र प्रतिवेदन ........ ४०
**परिच्छेद- पाँच : राजस्व सुधार कार्ययोजना ........ ४१**
५.१ नगरपालिकाको राजस्व सुधार कार्ययोजना ........ ४१
५.१.१ राजनीति तथा कार्यनीति ........ ४१
५.१.२ राजस्व सुधार कार्ययोजना ........ ४३
**परिच्छेद- छ : आगामी तीन वर्षको आय प्रक्षेपण ........ ४८**
६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण रकम र प्रक्षेपणका आधारहरु ........ ४८
६.२ नगरपालिकाको आगामी तीन आर्थिक वर्षको कूल राजस्व प्रक्षेपण सक्षेपमा ........ ५१
**परिच्छेद- सात : अनुगमन तथा मूल्यांकन व्यवस्था ........ ५३**
**अनुसूचीहरु ........ ५५**
**सन्दर्भ सामग्रीहरु ........ ७१**

**तालिकाहरु**


२.१ तत्कालिन गाविस वर्तमान नगर वडाहरू र जनसंख्या ............................................................८
२.२ बेलकोटगढी नगरपालिकामा हाल कार्यरतकर्मचारीहरुको विवरण..........................................१०
२.३ स्थानीय राजस्व परामर्श समिति....................................................................................१२
३.१ तहगत राजस्व अधिकार..............................................................................................१५
३.२ एकल कर प्रशासन अन्तर्गतको राजस्वलाई स्थानीय र प्रदेश तहबीच बाँडफाँट............................१८
३.३ कर राजस्वको बाँडफाँट सम्बन्धी व्यवस्था (प्रतिशतमा)..........................................................१९
३.४ कर राजस्वको बाँडफाँटका लागि सूचकांक (प्रतिशतमा)...........................................................१९
३.५ बेलकोटगढी नगरपालिकाको तुलनात्मक वित्तीय स्थिति (रु.हजारमा) ..........................................२१
३.६ बेलकोटगढी नगरपालिकाको आन्तरिक राजस्व स्रोतको विवरण ................................................२२
३.७ नगरपालिकाको आन्तरिक राजस्वको विद्यमान अवस्था, सम्भावना र सुधार गर्नुपर्ने पक्षहरु.................२३
३.८ सम्पत्ति करका लागि प्रस्तावित मूल्यांकनका आधार, दर र संकलन हुन सक्ने रकम ........................२७
३.९ मालपोत योग्य जमिनको अनुमानित विवरण.........................................................................२९
३.१० मालपोतबाट संकलन हुन सक्ने सम्भावित रकम र तीन आर्थिक वर्षका लागि प्रक्षेपण रकम ............ २९
३.११ बेलकोटगढी नगरपालिकामा रहेको व्यवसायीहरुको प्रकार र संख्या ...........................................३१
३.१२ नगरपालिकाको आन्तरिक राजस्वको विद्यमान अवस्था, सम्भावना र सुधार गर्नुपर्ने पक्षहरु.................३२
४.१ स्थानीयराजस्व परामर्श समितिका पदाधिकारीको विवरण ........................................................३८
५.१ राजस्व सुधार कार्ययोजना............................................................................................४३
६.१ बेलकोटगढी नगरपालिका राजस्व प्रक्षेपण .........................................................................४८
६.२ कुल आयमा आन्तरिक आयको तुलनात्मक स्थिति र वृद्धिदर ....................................................५२
७.१ अनुगमन योजना.........................................................................................................५३


**चित्र**


१. वित्तीय हस्तान्तरण........................................................................................................१
२. राजस्व सुधार कार्ययोजना तर्जुमाको औचित्य ........................................................................ ३
३. राजस्व सुधार कार्ययोजना तर्जुमा विधि र प्रक्रिया ..................................................................४
४. नगरपालिकाको संगठन संरचना........................................................................................१०
५. राजश्व परिचालन प्रक्रिया र चक्र ....................................................................................१२
६. नगरपालिकाको राजस्व प्रकार .......................................................................................१६
७. नगरपालिकाले स्रोत प्राप्त गर्ने क्षेत्र ...................................................................................१६


**ग्राफहरू**


१. बेलकोटगढी न.पा. को कुल आयमा आन्तरिक स्रोतको अवस्था ...................................................२१
२. बेलकोटगढी न.पा. को आन्तरिक स्रोतमा कर र गैरकरको अवस्था ............................................ २२
३. सम्पत्ति कर र संभावित करको दायरामा ल्याउने करदाता संख्याको प्रक्षेपण .................................२८
४. मालपोतको संभावित तथा प्रक्षेपित रकम रु ..................................................................... ३०
५. घरजग्गा बहाल कर र सम्भावित करको दायरामा ल्याउने करदाता संख्याको प्रक्षेपण ...................... ३०
६. व्यवसाय कर रकम र करको दायरामा ल्याउने करदाता संख्याको प्रक्षेपण ....................................३१
७. बेलकोट न.पा. ले सामुदायिक वनबाट प्राप्त हुने आम्दानीको प्रक्षेपण ......................................... ३५
८. कुल आयमा आन्तरिक स्रोतको तुलनात्मक अवस्था र वृद्धिदर..................................................५२


# परिच्छेद- एक : परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानले राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने गरी तीनवटै तहको सरकारको कार्यजिम्मेवारी निर्धारण गरेको छ। यसै बमोजिम स्थानीय सरकारलाई संविधानद्वारा प्रदान गरिएको कार्यजिम्मेवारी पुरा गर्न आवश्यक पर्ने स्रोत साधनको परिपूर्तिका लागि अन्तरसरकार वित्तीय हस्तान्तरण, आन्तरिक ऋण,राजस्व बाँडफाँड र आन्तरिक स्रोत परिचालन गर्ने व्यवस्था समेत रहेको छ।

संघ तथा प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान गरी ४ किसिमका अनुदानहरु अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गत स्थानीय तहले प्राप्त गर्दछन्। त्यसैगरी संघ तथा प्रदेश सरकारबाट असुल हुने राजस्व तथा प्राकृतिक स्रोतबाट प्राप्त हुने रकमको निश्चित प्रतिशत स्थानीय सरकारलाई बाँडफाँड हुने प्रावधान रहेको छ। जसलाई चित्र नं. १ मा प्रस्तुत गरिएको छ।

**चित्र नं. १ : वित्तीय हस्तान्तरण**




यी अनुदान तथा राजस्व बाँडफाँडबाट प्राप्त रकमले मात्र स्थानीय तहको खर्च आवश्यकता पुरा हुन सक्दैन। खर्च आवश्यकता र स्रोतका बीचको फासला कम गर्न राज्यको राजस्व अधिकारको समेत तहगत सरकारबीच बाँडफाँड गरिएको छ। नेपाल सरकारको पूर्व स्वीकृतिमा स्थानीय तहहरुले आफ्नो बजेट व्यवस्थापन गर्न ऋण लिन सक्ने कानूनी व्यवस्था समेत गरिएको छ। नेपाल सरकारले ऋण लिने पूर्व स्वीकृतिको आधार सम्बन्धित स्थानीय सरकारको आन्तरिक स्रोतको परिमाण र दिगोपनालाई मानिएको छ।

प्रस्तुत प्रतिवेदनमा बेलकोटगढी नगरपालिकाको आन्तरिक स्रोतको संभाव्यता, परिचालनको अवस्था र त्यसमा सुधार गर्नुपर्ने पक्षहरुमा अध्ययन गरी नतिजा समावेश गरिएको छ।

## १.२ स्थानीय राजस्व परिचालनको सैद्धान्तिक मान्यता

स्थानीय राजस्वका स्रोतहरु स्थिर, विचलन नहुने, प्रशासन गर्न सहज हुने र निरन्तर रुपमा आम्दानी प्राप्त हुने किसिमको हुनुपर्ने सैद्धान्तिक मान्यता रहेको छ। स्थानीय राजस्व परिचालन गर्दा करदाताको तिर्न सक्ने क्षमता (Ability to Pay), करदाता मैत्री (Tax Payer Friendly), सवै करदातालाई समता अर्थात समान व्यवहार हुने, विनियोजन दक्षता र खर्चमा प्रभावकारितालाई प्रोत्साहन गर्ने, पारदर्शिता र सुनिश्चितता रहेको, पर्याप्त स्रोत परिचालन हुने, र मितव्ययिता जस्ता पक्षहरुलाई पनि ध्यान दिनुपर्दछ।


संविधान र कानून वमोजिम स्थानीय तहको व्यवस्था जनताको माग र आवश्यकतालाई सम्वोधन गरी जनताको सवभन्दा नजिकको सरकारका रुपमा शिक्षा, स्वास्थ्य, कृषि, पशुस्वास्थ्य, खानेपानी, सरसफाई, फोहरमैला व्यवस्थापन, विपद व्यवस्थापन, यातायात व्यवस्थापन, आर्थिक उपार्जन र रोजगारी उपलब्ध गराउनका लागि भएको हो। स्थानीय तहका जनप्रतिनिधिलाई आफ्नो राजनैतिक आकांक्षा र जनतासँग गरिएको प्रतिवद्धता पुरा गर्न तथा जनताले महसुस गर्नेगरी सुधार गर्न साधनको आवश्यकता हुन्छ तथा चुस्त, राम्रो र प्रभावकारी प्रशासन चाहिन्छ जसका लागि चाहेको स्थान वा विषयमा लगानी गर्ने स्वायत्तता चाहिन्छ। स्थानीय तहले स्वायत्तता उपयोग गर्ने सर्वोत्कृष्ठ उपाय भनेको आफ्नो खर्चको लागि आवश्यक रकमको व्यवस्था आफैले लगाएको करबाट संकलन गर्नु हो। स्थानीय तहले लगानी नगरे, रोजगारी सिर्जना नगरे, जनताको आम्दानीमा ध्यान नदिए, सार्वजनिक सेवा र पूर्वाधार विकासमा काम नगरे वा गुणस्तर नभए जनताले विश्वास गर्दैनन् भने व्यवसायीले पनि त्यस्ता स्थानमा वस्न रुचाउँदैनन् र अन्यत्र राम्रो सेवा र विकासका अवसर भएका स्थानमा बसाई सर्ने सम्भावना हुन्छ। आफ्नै नियन्त्रणमा भएको साधनले मात्र जनताका माग अनुसारका सेवा र सुविधा उपलब्ध गराउन तथा निर्वाचन क्षेत्रप्रति जवाफदेहिता बहन गर्न सजिलो हुन्छ। राजस्व परिचालनले साधनको व्यवस्थाका साथै सार्वजनिक उत्तरदायित्व पनि बढाउँछ। त्यसैले स्थानीय तहमा राजस्व परिचालन अपरिहार्य छ र यस्तो राजस्वको परिचालन व्यवसायिक, कार्यकुशल र प्रभावकारी हुनुपर्छ।

## १.३ राजस्व सुधार कार्ययोजनाको औचित्य

संविधानले तहगत सरकारलाई कार्यजिम्मेवारी निश्चित गरी ती जिम्मेवारीहरु पुरागर्न आवश्यक स्रोतको व्यवस्था गर्दा अन्तरसरकारी वित्तीय हस्तान्तरणको अलावा आफ्नो अधिकारक्षेत्रमा तोकिएका स्रोतबाट अधिकार प्रदान गरिए अनुरुप स्थानीय तहले राजस्व परिचालन गरी साधन स्रोतको जोहो गर्दछन्। स्थानीय आवश्यकता पूरा गर्ने सामर्थ्य बृद्धिका लागि पनि आन्तरिक स्रोत परिचालनमा स्थानीय सरकारको क्षमता अभिबृद्धि हुन अपरिहार्य हुन्छ। अर्कोतर्फ स्थानीय तहलाई कर वा गैर कर वापत रकम तिर्ने स्थानीय निवासीहरुले आफुले तिरेको करको सदुपयोग भए नभएको निगरानी गर्ने र यस बिषयमा नियमित रुपमा आफ्नो गाउँपालिका /नगरपालिकासँग प्रश्न सोध्ने हुनाले स्थानीय गाउँपालिका/नगरपालिकाहरु पनि जनताप्रति उत्तरदायी हुने वातावरण सिर्जना हुन्छ। सेवा प्रवाहमा पनि सुधार हुन्छ र जनताको सन्तुष्टीको मात्रा पनि बढ्दैजान्छ। साथै आन्तरिक स्रोतबाट परिचालित राजस्व खर्च गर्दा बाह्य शर्त नहुने हुँदा आफ्नो कानून वमोजिम खर्च गर्न सक्ने भएकाले यसको मात्रा जति बढीभयो त्यति बढीमात्रामा स्थानीय तहले स्वायत्तता अनुभूति गर्दछन्। यसरी सरकारका तहले जति बढी स्वायत्ततापूर्वक काम गर्न पाउँछन् त्यति नै संघीयताको अभ्यास सफल र सुदृढ हुँदै स्थानीय माग र आवश्यकता वमोजिम विकास हुने अपेक्षा गरिएको हुन्छ।

नगरपालिकामा थप आन्तरिक राजस्व परिचालन गर्न यसको अधिकार क्षेत्रभित्रका सबै उपलब्ध आन्तरिक आयका स्रोतहरुबाट संभाव्य राजस्व परिचालन गर्नु अनिवार्य हुन्छ। यसमा सुधार ल्याउन नगरपालिकाको वाह्य वातावरण तथा राजस्व प्रशासनको समेत विश्लेषण गर्नुपर्ने हुन्छ। यसैले राजस्वपरिचालनमा सुधारका कृयाकलापहरु पहिचान गरी सोको कार्यान्वयनबाट स्थानीय तहको आन्तरिक आयमा पर्न सक्ने प्रभाव समेतका आधारमा आगामी दिनमा प्राप्त हुन सक्ने राजस्वको प्रक्षेपण गर्न यो राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको हो। यस राजस्व सुधार कार्ययोजनाबाट नगरपालिकालाई आफ्नो आन्तरिक आय परिचालनमा सुधारका साथैराजस्व प्रक्षेपणलाई यथार्थपरक, समन्यायिक,सहभागितामूलक र वैज्ञानिकबनाई वजेट तर्जुमा प्रकृयालाई थप व्यबस्थित गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ। यसरी राजस्व सुधार कार्ययोजना तर्जुमाको औचित्यको सारांशलाई निम्न चित्र नं. २ मा प्रस्तुत गरिएको छ।

**चित्र नं. २ : राजस्व सुधार कार्ययोजना तर्जुमाको औचित्य**




## १.४ अध्ययनको उद्देश्य

**मुख्य उद्देश्य:** यस अध्ययनको मुख्य उद्देश्यबेलकोटगढी नगरपालिकाको आन्तरिक राजस्व परिचालन गर्ने क्षमता अभिवृद्धि गर्दै आन्तरिक राजस्व वृद्धि गर्न सहयोग पुऱ्याउनु रहेको छ।

**विशिष्ट उद्देश्य** : यस अध्ययनका विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका छन।

(क) नगरपालिकाको आगामी ती बर्षका लागि आन्तरिक राजस्व सुधार कार्ययोजना तयार गर्नु।

***यस अन्तर्गत:***

(१) नगरपालिकाको आन्तरिक राजस्वका श्रोतहरुको विश्लेषण, कर दर तथा दायराहरुको विश्लेषण, कर प्रशासन तथा संयन्त्रको लेखाजोखा गर्न सुधारात्मक पक्षको पहिचान गर्ने।

(२) आन्तरिक राजस्व सुधारका लागि आगामी तीन वर्षमा लिइनु पर्ने रणनीति तथा कार्यनीति सहितको विस्तृत कार्ययोजना तयार गर्ने ।

(३) आगामी आर्थिक वर्षका लागि एक नमुना आर्थिक विधेयकको खाका तयार गर्नु रहेको छ ।

**(ख) संस्थागत एंव व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्ने:**

***यस अन्तर्गत:***

(१)नगरपालिका तहमा लगाइने कर, सेवा, शुल्क, दस्तुरका दर निर्धारण, आन्तरिक राजस्व प्रक्षेपण तथा कर प्रशासनमा सुधारका लागि आवश्यकीय क्षमता विकास गर्न स्थानीय तह राजस्व परामर्श समिति, कार्यदल एंव करप्रशासन सम्वन्धित कर्मचारी लाई तालिम प्रदान गर्ने ।


(२) कर सचेतना सम्बन्धी प्रचार प्रसार सामाग्री तयार गर्ने ।

(३)नगरपालिकाको सहभागितात्मक वार्षिक योजना तर्जुमा प्रक्रियामा करको दर तथा दायरा बारे छलफल गराउन उपयोगी हुने सामाग्री तयार गर्ने रहेको छ ।

## १.५ अध्ययन विधि तथा प्रक्रिया

नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा प्रक्रियामा स्थानीय पदाधिकारी, कर्मचारी, सम्बन्धित समितिहरु र सरोकारवालाहरुको अपनत्व र क्षमता अभिवृद्धि गर्ने उद्देश्यले सहभागितामूलक विधि अलवम्बन गरिएको थियो । यसको मार्गदर्शकका रुपमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी भएको स्थानीय तहको राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शन २०७६ लाई लिइएको छ ।

**चित्र नं. ३ राजस्व सुधार कार्ययोजना तर्जुमा विधि र प्रक्रिया**




साथै स्थानीय आवश्यकता अनुसार सम्भाव्य स्थानीय राजस्वका स्रोतहरुलाई समेट्ने उद्देश्यले तथ्यांक तथा सूचना संकलनका औजारहरुको आवश्यक परिमार्जन र सहजीकरण गरिएको थियो । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी निर्देशिका वमोजिम कार्ययोजना तर्जुमाका ११ चरणहरु रहेका छन् ।

नगरपालिकाले राजस्व सुधार कार्ययोजना तर्जुमा गर्ने कार्यक्रम तय गरी सो सम्बन्धमा भएको निर्णय अनुसार गरेको अनुरोधमा पूर्णिमा परियोजनाले जारी गरेको सूचनामा नै जानकारी भएको र

सेमिडमार्फत यो कार्यक्रम कार्यान्वयन गर्ने सम्झौता भएपछि नगरपालिकामा भ्रमण गरी नगरपालिकाका प्रमुख, उपप्रमुख लगायत अन्य पदाधिकारीहरुसँग भएको छलफल कार्यक्रममा नगरपालिकाको उपप्रमुखको संयोजकत्वमा राजस्व सुधार कार्यदल गठन भएको थियो । साथै उक्त छलफल कार्यक्रममा आवश्यक सन्दर्भ सामग्री संकलन गरिएको थियो। नपुग तथ्यांक तथा सूचनाहरु टेलिफोन तथा इमेल मार्फत संकलन गरिएको थियो ।

विश्वव्यापी माहामारीका रुपमा रहेको कोभिड १९ का कारणले मन्त्रालयले निर्धारण गरेका उपर्युक्त चरणहरुमा उल्लिखित कृयाकलापहरुलाई निम्नलिखित बुँदाहरुमा समायोजन गरी कार्ययोजना तर्जुमा कार्य सम्पादन गरिएको छ ।

## १. *सन्दर्भ सामग्रीको संकलन तथा अध्ययन*

यस चरणमा राजस्व सुधार कार्ययोजनासँग सान्दर्भिक संघीय, प्रदेश तथा स्थानीयस्तरसँग सम्वन्धित सामग्रीहरुको संकलनका लागि आवश्यक तथ्यांक तथा सूचनाको चेकलिष्ट तयार गरियो । यस अन्तर्गत पालिकास्तरीय आवश्यक सूचना संकलन तथा छलफलका लागि चेकलिष्ट तयार गरि नगरपालिकामा पठाइएको र सो बमोजिम पालिकास्तमा छलफल गरिएको थियो ।

चेकलिष्ट बमोजिम संकलित तथा अध्ययन गरिएका सामग्रीहरुमा Fiscal federalism in Nepal :Challenges and Opportunities (RK Shah), Explaning Property Tax in Developing Countries (Sepulveda and Vazquez), Federalism in Nepal (LBFC),नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ (संशोधन सहित), अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन २०७६, सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन २०७५, औद्योगिक नीति २०६७, व्यापार नीति २०७२, आपूर्ति नीति २०६९, औद्योगिक व्यवसाय ऐन २०७३ (संशोधन २०७६), प्राइभेट फर्म दर्ता ऐन, २०१४ (संशोधित २०७५) तथा नियमावली, २०३४ (संशोधित २०७६), साझेदारी ऐन, २०२० (संशोधन २०७५), कम्पनी ऐन, २०६३ (संशोधन २०७५),उपभोक्ता हित संरक्षण ऐन, २०७५, वन ऐन २०७६, सहकारी ऐन २०७५, राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण ऐन, २०७६ पन्धौं योजना, नेपाल सरकारको नीति तथा कार्यक्रम लगायतका संघीय नीति, ऐन, निमावली, योजना आदि रहेका छन् ।

यसैगरी प्रदेश सरकार अन्तर्गतका सम्बन्धित सन्दर्भ सामग्रीहरुमा बाग्मती प्रदेश आर्थिक ऐन २०७६, औद्योगिक व्यवसाय ऐन, २०७५ आदि रहेका छन् । नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम, आर्थिक ऐन, विनियोजन ऐन साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्धारा जारी गरेका सम्बन्धित नमूना कानूनहरु आदिरहेका छन्।

## २. *नगरपालिकासँग सम्पर्क, छलफल र सूचना संकलन विधि निर्धारण*

अध्ययनको पहिलो चरणमा नै नगरपालिकामा भ्रमण गरी नगरपालिकाका प्रमुख, उपप्रमुख लगायत शाखा प्रमुखहरुसँग छलफल गरि कार्ययोजना तयारीका प्रक्रिया र नगरपालिकाबाट गर्नुपर्ने भूमिकाका विषयमा स्पष्ट गरिएको थियो । सोही क्रममा अध्ययन प्रक्रियालाई सहयोग पुऱ्याउन उपप्रमुखको संयोजकत्वमा कार्यदलको गठन, सूचना संकलनका लागि सामाजिक परिचालक (गणक) परिचालन गर्ने छलफल भएको थियो ।

यस चरण पश्चात विश्वव्यापी महामारीका रुपमा देखिएको कोभिड १९ का कारण देशभर लागू गरिएको लकडाउन अवधिको विभिन्न समयमा नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत,

पूर्णिमा कार्यक्रम अन्तर्गतका सल्लाहकारसँग जुम प्रविधिबाट प्रत्यक्ष छलफल गरी नगरपालिकाले हालसम्म परिचालन गरिआएका कराधारहरु, राजस्व परिचालनको अवस्था, सुधार गर्न सकिने क्षेत्र, राजस्व प्रशासनको बर्तमान संरचना, यसमा सुधार गर्न सकिने क्षेत्र, पदाधिकारी तथा कर्मचारीको क्षमता विकासका सवालहरुका विषयमा स्पष्ट पारिएको थियो । यसरी प्राप्त सूचनाका आधारमा राजस्वको स्थानीय अवस्थावारे जानकारी हासिल हुनुका साथै मुख्य सवालहरु पहिचानगर्न मद्दत पुग्यो ।

## ३. *तथ्याङ्क तथा सूचना विश्लेषण*

संकलित नगरपालिकाको विगतका आय तथा व्यय, आर्थिक ऐन तथा विनियोजन ऐन, नीति तथा कानूनहरु र पूर्वनिर्धारित प्रश्नावली तथा ढाँचामारनगपालिका र वडास्तरका प्राथमिक तथा द्धितीय स्रोतबाट प्राप्त तथ्यांक तथा सूचनाहरु विश्लेषण गरियो । जसबाट कार्ययोजना तर्जुमा सम्बन्धी अपुग सूचना, अस्पष्टता र मुख्य सवाल सम्बन्धी जानकारी भयो ।

यी विषयमा थप प्रष्टताका लागि नगरपालिका पदाधिकारी, कर्मचारीहरु र सरोकारवालाहरुसँग जुम प्रविधिको प्रयोग गरी भएको अन्तर्क्रियामा एक आपसमा प्रष्ट हुनुपर्ने विषय, नगरपालिकाले भोगिरहेका चुनौतिहरु, अपेक्षा र आवश्यकता बारेमा जानकारी आदान प्रदान भयो *(सहभागिहरुको नामावली **अनुसूची १क मा**)* । त्यसपछि सवै प्राप्त सूचनाहरु र अन्तर्क्रियाबाट प्राप्त वस्तुस्थिति वारेको थप स्पष्टता पछि केही अझ स्पष्ट हुनुपर्ने बिषयहरुमा पूर्णिमा सल्लाहाकार र प्रमुख प्रशासकीय अधिकृत तथा लेखा अधिकृतसँग टेलीफोन छलफल गरी स्पष्ट भएपछि सोही आधारमा राजस्व सुधार कार्ययोजनाको प्रथम मस्यौदा प्रतिवेदन तयार गरी नगरपालिकालाई उपलब्ध गराइयो । साथै उक्त मस्यौदा वारे पुनः जुम प्रविधिको प्रयोग गरी दफावार छलफल गरिने बारे समेत अवगत गराउँदै नगरपालिकालाई राजस्वका देहाय विषयमा अभिमुखीकरण गर्नुपर्ने विषयमा समेत जानकारी दिइयो ।

क) स्थानीय करको सिद्धान्त, नगरपालिकाको आन्तरिक स्रोत सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्थाहरु, राजस्व परिचालन सम्बन्धमा नेपालका गाउँपालिका तथा नगरपालिकाहरुले गरेका असल अभ्यासहरुका विषयमा अभिमुखीकरण तथा अन्तर्क्रिया ।

ख) स्थानीय व्यवसाय दर्ता, नवीकरण र त्यसको महत्वका विषयमा निजी क्षेत्रलाई अभिुखीकरण गरी स्थानीय कर सम्बन्धी बुझाईमा सुधार ।

ग) करको दर र दायरा बृद्धिमा नगरपालिकाको भूमिका एवं राजस्व प्रशासन र राजस्व परिचालनमा लैंगिक तथा सामाजिक समावेशी सम्बन्धी जानकारी अभिवृद्धि ।

घ) नगरपालिकाको आन्तरिक राजस्वको वर्तमान अवस्थामा भएको उपयोग सम्बन्धी लोखाजोखा तथा स्थानीय सरकारहरुले गरेका राजस्वको र उपयोग वारे जानकारी ।

पुनश्चः उपरोक्त विषयहरुलाई बेलकोटगढी नगरपालिकामा थप अभिमुखीकरण सँगसँगै तयार गरिएको दस्तावेजमा उल्लिखित विषयहरुको प्रमाणिकरणकरण गरिएको थियो । सोही अभिमुखीकरण कार्यक्रममा नगर प्रमुखको अध्यक्षतामा प्रतिवेदनलाइ परिस्कृत गर्न कार्यदल समेत गठन गरिएको थियो ।अभिमुखीकरण कार्यक्रममा सहभागीहरुको नामावली ***अनुसूची १ख*** मा उल्लेख गरिएको छ ।

### ४. *राजस्व सुधार कार्ययोजना तयारी तथा राजस्व प्रक्षेपण*

बुँदा नं. १ देखि ३ सम्मका क्रियाकलापहरु तथा प्राप्त सूचनाको विश्लेषणका आधारमा पहिचान भएको वार्षिक कुल संभाव्यता र सोबाट प्राप्त हुनसक्ने राजस्वलाई आगामी तीन आर्थिक वर्षका लागि प्रक्षेपण गरियो। यसरी तर्जुमा भएको मस्यौदालाई बेलकोटगढी नगरपालिका तथा मोटम्याकडोनाल्ड/पूर्णिमा कार्यक्रम आयोजना कार्यालयमा आवश्यक पुनरावलोकन तथा सुझावका लागि प्रस्तुत भई प्राप्त सुझावलाई समावेश गरेर अन्तिम मस्यौदा तयार गरी नगरपालिकामा पेश गरिएको हो ।

### ५. *राजस्व सुधार कार्ययोजनाको कार्यान्वियन तथा अनुशरण*

यसरी नगरपालिकामा प्रस्तुत गरिएको राजस्व सुधार कार्ययोजनालाई नगरपालिकाले आवश्यक छलफल तथा स्वीकृति गरी कार्यान्वयन गर्ने र कार्ययोजना बमोजिम कार्य भए नभएको भन्ने बारेमा समय समयमा समीक्षा र आवश्यकता अनुसार सुधार गर्न छलफल गर्न नियमित रुपमा गर्ने अनुगमन सम्बन्धी सुझाव गरिएकोछ ।

## १.६ योजनाका सीमाहरु

प्रस्तुत राजस्व सुधार कार्ययोजना निम्नानुसारका सीमामा रही तयार गरिएको छ ।

१. प्रस्तुत अध्ययन नगरपालिकाको कार्यालयबाट प्राप्त अभिलेख तथा दस्तावेज, नगरपालिकाका पदाधिकारीहरु तथा सम्बन्धित कर्मचारीहरु र अन्य सरोकारवालाहरुसँग गरिएको अन्तर्क्रिया तथा कार्यशालाबाट प्राप्त सूचनाको आधारमा तयार गरिएको हो ।

२. संघ तथा प्रदेश सरकारबाट नगरपालिकाले प्राप्त गर्ने राजस्व बाँडफाँट र समानीकरण अनुदानको रकम प्रक्षेपण हालको अभिलेखलाई आधार मानी वार्षिक १०% ले बृद्धि हुने अनुमान गरी लेखाजोखा गरिएको तथा नगरपालिकाले संकलन गर्ने आन्तरिक स्रोतमा केन्द्रित रही योजना तर्जुमा गरिएको छ ।

३. राजस्व प्रक्षेपण गर्ने क्रममा आधिकारिक एवं प्रमाणिक तथ्यांक नभएको अवस्थामा सहभागीहरुसँगको अन्तर्क्रियाबाट सम्पुष्टि गरिएको थियो ।

४. नगरपालिकाको गठन भएको ३ वर्ष पनि पुरा नभएको र अभिलेख पनि व्यवस्थित भैनसकेले ऐतिहासिक प्रवत्ति देखिने तथ्यांकीय विश्लेषणका लागि आवश्यक तथ्यांक र सूचनाको अभावमा स्टाटिस्टिकल टुल्सहरुको प्रयोग गरी विश्लेषण तथा प्रक्षेपण गर्न सकिएको छैन ।


# परिच्छेद- दुई : नगरपालिकाको संक्षिप्त परिचय र राजस्व परिचालनको अवस्था

यस परिच्छेदमा नगरपालिकाको राजस्व अधिकारसम्बन्धी संवैधानिक तथा कानूनी प्रावधानहरुको संक्षिप्त अध्ययन गरिएको छ । साथै नगरपालिकाको संक्षिप्त परिचय र नगरपालिकाको राजस्व परिचालनको वर्तमान अवस्थाका सामान्य समिक्षा गरिएको छ ।

## २.१ बेलकोटगढी नगरपालिकाको संक्षिप्त परिचय

### <u>अवस्थिति र पहुँच</u>

बागमती प्रदेश नुवाकोट जिल्लाको दक्षिण–पश्चिम क्षेत्रमा रहेको बेलकोटगढी नगरपालिका २०७४ सालमा गठन भएको हो । तत्कालीन गाउँ विकास समितिहरु दुइ पिपल, रातेमाटे, रातमाटे, बेलकोट र जिलिङ्ग र मदनपुरको केही भाग समेत समेटी यस नगरपालिकाको गठन भएको छ। यो नगरपालिकलाई १३ वटा वडामा विभाजन गरिएको छ। यसको क्षेत्रफल १५५.६ वर्गकिलोमिटर रहेको छ। यस नगरपालिकाको पुर्वतर्फ ककनी नगरपालिका, पश्चिममा तार्केश्वर नगरपालिका, उत्तरमा बिदुर नगरपालिका र लिखु नगरपालिका, र दक्षिणतर्फ धादिङ जिल्ला पर्दछ। यो नगरपालिका काठमाण्डौसँग काठमाण्डौ – त्रिशुली सडक तथा पृथ्वी राजमार्गको गल्छीबाट बिदुर धुन्चे सडक खण्डले पहुँच पुगेको छ। बेलकोटगढी नगरपालिकाको कार्यालय रहेको स्थानसम्म काठमाण्डौ – त्रिशुली सडकबाट ४८ कि.मि.र काठमाण्डौ–गल्छी हुँदै जाने सडकबाट ८१ कि.मि.दुरीमा रहेको छ ।




***तालिका २.१** :तत्कालिन गाविस वर्तमान नगर वडाहरू र जनसंख्या*

| तत्कालीन गाविस | वर्तमान वडा नं | परिवार संख्या | जनसंख्या (२०६८) |
|---|---|---|---|
| बेलकोट | १, १०, ११ | १,५४९ | ७,६६० |
| कुमरी | २, ३, ४ (केही भाग) | १,६१८ | ८,६७२ |
| दुईपिपल | ४ (केही भाग), ५, ६ | १,५६९ | ७,७९० |
| रातमाटे | ७ | ८२२ | ३,७९३ |
| जिलिङ | ८, ९ | १,२७१ | ६,२८६ |
| मदानपुर (केही भाग)८ | १२, १३ | ४७१८ | ५,६८७ |
| **जम्मा** | | **११५४७** | **३९,८८८** |

*स्रोत: नेपाल सरकार, नेपाल राजपत्र २०७३ फागुन २७ गते संख्या ५८*

**जनसंख्या**

बेलकोटगढी नगरपाकिाको कुल जनसंख्या २०६८ को जनगणना अनुसार ३९८८८ रहेको थियो भने कुल घरधुरी संख्या ११५४७ रहेको थियो । कुल जनसंख्या मध्ये आर्थिकरुपमा ५७ प्रतिशत सक्रिय जनसंख्या रहेको थियो । पुरुष महिलाको अनुपातमा १:०.८७ रहेको यस नगरपालिकामा साक्षरता दर ६१.६७ (पुरुष ६९.९२ र महिला ५४.११ प्रतिशत) रहेको छ । यस नगरपालिका अन्तरगत बसोवास गर्ने विभिन्न जातजाती मध्ये मुख्यतः ब्राह्मण, तामाङ, क्षेत्री, नेवार र अन्य जातजाती रहेका छन । यस नगरपालिकाको भूवनोटको सन्र्दभमा विशेष गरेर भिरालो पहाडी क्षेत्र भएकोले यहाँका घर बस्तीहरु छरिएर रहेका छन् । गल्छी–विदुर सडक तथा त्रिशुली नदीको किनारातर्फ र महाँदेवफाँटतर्फ भने बजार विस्तार हुने क्रममा रहेकोले वस्तीहरु बाक्लो हुँदै गइरहेकोछ । बेलकोटगढी  किल्ला, चिम्टेश्वर महादेव मन्दिर यहाँका प्रमुख आर्कषण केन्द्र रहेका छन ।

**सडक पहुँच**

दुईवटा राष्ट्रिय राजमार्ग (काठमाण्डौ–ककनी–विदुर र गल्छी–विदुर) बाहेक अन्य ग्रामिण सडकहरु कच्ची मात्र छन् र नगरपालिकाका सबै वडाहरुमा सुख्खायाममा मात्र सडकको पहुँच रहेको छ ।

**पेशा**

यस नगरपालिकाका वासिन्दाको मुख्य पेशा र कृषि पशुपालन नै रहेको छ। अन्नबालीतर्फ परम्परागत रुपमाको उत्पादन भईरहेको भएतापनि तरकारी खेतीको व्यवसायिक रुपमा विस्तार भैरहेको छ भने उच्च भेगमा माछापालन (ट्राउट) प्रति आकर्षण बढ्दै गईरहेको छ। अन्य आर्थिक तथा रोजगारी गतिविधिहरुमा त्रिशुली नदी किनार र आसपास ढुंगा, गिट्टी, बालुवा संकलन तथा बिक्रि, ढुवानी, साना उद्योग सञ्चालन, क्रसर ल्पाण्ट सञ्चालन लगायत अन्य व्यापार व्यवसाय आदि रहेका छन् ।

**विद्युत तथा इन्धन**

२०६८ को जनगणना अनुसार यस नगरपालिकाका करिब७५ प्रतिशत घरधुरीले विद्युत सेवाको प्रयोग गरेको छ भने बाँकी घरधुरीले ग्याँस, मट्टितेल र सौर्य उर्जाको प्रयोग गर्दछन ।

**सामाजिक पुर्वाधार**

यस नगरपालिकामा क्याम्पस १ वटा, माध्यमिक विद्यालय ९ वटा, प्राथमिक विद्यालय १८ वटा, आधारभुत विद्यालय १६ वटा, स्वास्थ्यचौकी ७ वटा, स्वास्थ्य इकाइ २ वटा, बैंक तथा वित्तिय संस्था ३ वटा, वचत ऋण सहकारी संस्था ६ वटा, सामुदायिक बन उपभोक्ता समिति ४३ वटा, क्लव तथा गैसस सस्था ३ वटा, प्रहरीचौकी ४ वटा रहेका छन् ।

**खानेपानी तथा सरसफाई**


यस नगरपालिका अर्न्तगतका कुल घरधुरी मध्ये ८० प्रतिशत घरधुरीले पाईप द्धारा खानेपानी सुविधा प्राप्त गरेको छ भने बाकि घरधुरीले मुल इनार बाटै खानेपानीको प्रयोग गर्ने गरेका छन । यस नगरपालिकाका घरधुरीहरु हालसम्म व्यवस्थित ढल निकास सुविधाबाट बञ्चित रहेका छन ।

## २.२ नगर कार्यपालिकाको संगठन स्वरुप र मानव संसाधनको अवस्था

स्थानीय सरकार सञ्चालन ऐन तथा संघीय मामिला तथा सामानय प्रशासन मन्त्रालयले प्रस्ताव गरेको नमुना संगठन तालिकाबमोजिम बेलकोटगढी नगरपालिकाले संरचना स्वीकृत गरेको छ।

तथापिनगरसभाका लागि व्यवस्था गरेको समितिहरु गठन गरेको देखिन्न । नगर कार्यपालिकाको संगठन संरचना तल *चित्र नं. ४* मा दिइएको छ ।

चित्र नं. ४ : नगरपालिकाको संगठन संरचना




यस नगरपालिकामा १३ वडाहरु रहेको र वडाहरुमा वडा सचिव र कार्यालय सहायकको दरबन्दी रहेको छ । हाल पाँचवटा वडाहरुमा प्राविधिक सहायकबाट काम चलाईएको छ भने केही वडा सचिवहरुले एकभन्दा बढी वडा काम गरिरहेका छन् ।

यस नगरपालिकाले हालसम्म पनि करार सेवाबाट प्राविधिकहरुको व्यवस्थापन गरेको छ । हाल नगरपालिकामा कार्यरत कर्मचारीहरुले विवरण तलको तालिकामा दिइएको छ ।

***तालिका २.२****:बेलकोटगढी नगरपालिकामा हाल कार्यरत कर्मचारीहरुको विवरण*

| क्र.स. | प्द | तह/श्रेणी | समूह | संख्या |
|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | रा.प.द्वि. | प्रशासन | १ |
| २ | उपसचिव | अधिकृत दसौं | | १ |
| ३ | कृषि विकास अधिकृत | अधिकृत आठौं | प्राविधिक | १ |
| ४ | लेखा अधिकृत | अधिकृत सातौं | प्रशासन | |
| ५ | शाखाअधिकृत | अधिकृत सातौं | प्रशासन | १ |
| ६ | श्रोत व्यक्ति | मा. शिक्षक दोश्रो | शिक्षा | १ |
| ७ | सिभिल इञ्जिनियर | अधिकृत सातौं | प्राविधिक | १ |
| ८ | सिभिल इञ्जिनियर | अधिकृत छैठौं | प्राविधिक | ३ |

| क्र.स. | पद | तह/श्रेणी | समूह | संख्या |
|---|---|---|---|---|
| ९ | अधिकृत | छैठौ | प्रशासन | २ |
| १० | सुचना अधिकृत | अधिकृत | प्राविधिक | १ |
| ११ | नायब सुब्बा | | प्रशासन | २ |
| १२ | स्वास्थ्य संयोजक | हेल्थ असिस्टेण्ट | प्राविधिक | १ |
| १३ | रोजगार संयोजक | अधिकृत | प्रशासन | १ |
| १४ | सब इन्जिनियर | | प्राविधिक | १ |
| १५ | सहायक सब इन्जिनियर | | प्राविधिक | १ |
| १६ | वडा सचिव | | प्रशासन | ५ |
| १७ | सामाजिक परिचालक | ना.सु. | प्रशासन | १ |
| १८ | सहायक स्वास्थ्य संयोजक | अहेब | प्राविधिक | १ |
| १९ | खा.पा.से.टे. | | प्राविधिक | १ |
| २० | नायब प्रा. सहायक | | प्राविधिक | २ |
| २१ | वडा सचिव | ना.प्र.स. | प्राविधिक | ४ |
| २२ | सुपरभाईजर | | प्राविधिक | १ |
| २३ | चालक | | | ३ |
| २४ | चौकीदार | | | १ |
| २५ | कार्यालय सहयोगी | | | ३ |
| २६ | सरसफाईकर्ता | | | १ |
| **नगरपालिका कार्यालय जम्मा** | | | | **४१** |
| **वडा कार्यालय तर्फ** | | | | |
| १ | कार्यालय सहयोगी | | | **१३** |
| **जम्मा** | | | | **५४** |

*स्रोत: www.belkotgadhimun.gov.np, 2077*

## २.३ राजस्व प्रशासनको वर्तमान अवस्था

बेलकोटगढी नगरपालिकाको वर्तमान संगठन तालिकामाउल्लेख भएअनुसार अधिकृत१०र सहायक ४४रहेका छन् । संगठन तालिका बमोजिम नगरपालिकाले राजस्व प्रशासन शाखा गठन गरी राजस्व सम्वन्धी छुट्टै अधिकृतस्तरीय कर्मचारीको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

### राजस्व प्रशासन चक्र र प्रक्रिया

स्थानीय तहमा राजस्व परिचालनलाई सुदृढ बनाउन देहाय बमोजिमको चक्र अनुसारका विभिन्न खुड्किलाहरु जस्तै :

(क) नीति तथा कार्यविधिहरुको निर्माण र संस्थागत व्यवस्था (यस अन्तर्गत ऐन, कानून कार्यविधिहरुको तर्जुमा, नियमावली निर्णयहरु निर्माण तथा पुराना काम नलाग्ने निर्णयहरुको खारेजी, करको ढाँचा र दरको निर्धारण तथा सभाबाट अनुमोदन र सशक्त र प्रभावकारी राजस्व शाखाको स्थापना गरी कर्मचारीको व्यवस्था समेत पर्दछन्) ।

(ख) करदाताहरुको गणना र दर्ता (राजस्वको नक्साँकन, करदाताहरुको पहिचान तथा लगत तयारी, फारामको उपलब्धता र सो फाराममा आम्दानीको स्रोतको अभिलेखीकरण) ।

(ग) राजस्वको बारेमा जानकारी, प्रचार प्रसार र करको अनुमान (करयोग्य स्रोत निर्धारण र सार्वजनिक छलफल तथा चेतनामुलक गोष्ठीहरुको आयोजना) ।

(घ) कर संकलन तथा करदाताहरुसँग सम्बन्ध निर्माण (तिरेको करको बिल बनाई वितरण गर्ने र करचुक्ता विधि तथा प्रणालीको प्रचार प्रसार, आम संचारको माध्यमबाट प्रचार प्रसार र छलफल कार्यक्रमको आयोजना)।

(ङ) कार्यान्वयन तथा अनुगमन, आन्तरिक नियन्त्रण (बिल र रसिद काटेको तथा कर संकलन भएको सुनिश्चित गर्ने, समयमा आर्थिक प्रशासन शाखामा कर रकम दाखिला तथा आम्दानी बाँधिएको सुनिश्चितता र आन्तरिक लेखापरीक्षण, समयमा कर नतिर्ने करदातालाई दण्ड जरिवाना भए नभएको अनुगमन र कानूनी कारबाही, अन्तिम लेखापरीक्षण आदि), र

**चित्र नं. ५** :राजश्व परिचालन प्रक्रिया र चक्र




(च) अभिलेखीकरण तथा प्रतिवेदन र उत्तरदायित्व वहन (नगरपालिकाको सेवा र राजस्वको आबद्धता, राजस्व संकलन तथा यसको उपयोगको सार्वजनिकीकरण, करको किसिम र स्थानको आधारमा राजस्वको प्रतिवेदन र नियमित रुपमा प्रकाशन गर्ने आदि) आदि पर्दछन्। यो चक्रका प्रत्येक खुडकिलामा नगरपालिकाको राजस्व प्रशासन र अन्य प्रशासकीय व्यवस्थार समग्र कार्यपालिकाको सहयोग, समन्वय, सहजीकरण र निगरानी आवश्यक पर्छ।

## २.४ राजस्व परिचालन सम्बन्धी प्रयासहरु

***<u>राजस्व परामर्श समितिको गठन र क्रियासिलता</u>***

नगर कार्यपालिकाले देहाय बमोजिमको ५सदस्यीय राजस्व परामर्श समिति गठन गरेको छ :

***तालिका२.३:स्थानीय राजस्व परामर्श समिति***

| क्र.सं. | नाम | पद | समिति (जिम्मेवारी) |
|---|---|---|---|
| १ | कविता ढुंगाना | उपप्रमुख, बेलकोटगढी नगरपालिका | संयोजक |
| २ | | प्रमुख प्रशासकिय अधिकृत | सदस्य |

| क्र.सं. | नाम | पद | समिति (जिम्मेवारी) |
|---|---|---|---|
| ३ | भोज प्रसाद पुडासैनी | कार्यपालिका सदस्यहरु मध्येबाट कार्यपालिकाले तोकेको महिला सदस्य | सदस्य |
| ४ | जयन्ती तामाङ्ग | कार्यपालिका सदस्यहरु मध्येबाट कार्यपालिकाले तोकेको सदस्य | सदस्य |
| ५ | | स्थानीय उ.वा.संघको प्रमुख वा निजले तोकेको प्रतिनिधि | |
| ६ | | घरेलु तथा साना उद्योग सम्बन्धी मान्यता प्राप्त संस्थाको नगर तहको प्रमुख वा निजले तोकेको प्रतिनिधि | |
| ७ | खिलानाथ बाँस्कोटा, लेखा अधिकृत | नगरपालिकाको राजस्व शाखा प्रमुख | सदस्य सचिव |

कानूनतः स्थानीय उद्योग वाणिज्य संघको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि र घरेलु तथा साना उद्योग सम्वन्धी मान्यता प्राप्त संस्थाको नगर तहको प्रमुख वा नीजले तोकेको प्रतिनिधि स्थानीय राजस्व परामर्श समितिका पदेन सदस्य हुने व्यवस्था भएतापनि यस नगरपालिकामा उक्त संस्थाहरु नभएका कारण समितिमा प्रतिनिधित्व हुन सकेको छैन । यसका लागि नगरपालिकाले जिल्लास्तरीय उद्योग वाणिज्य संघ तथा घरेलु तथा साना उद्योग सम्वन्धी संस्थासँग समन्वय गरी प्रतिनिधित्वको व्यवस्था गर्नुपर्ने देखिन्छ । हाल प्रतिनिधित्व नभएको अवस्थामा नगरपालिकाले अनौपचारिक रूपमा नगरमा रहेका यस्ता व्यवसायीहरुको प्रतिनिधिहरुलाई समितिको वैठकमा छलफलका लागि समावेश गर्न उपयुक्त हुन्छ। हाल राजस्व परामर्श समितिले विभिन्न छलफल तथा बैठकहरु सम्पन्न गरीराजस्वका दररेटहरु तथा आधारसम्बन्धी नीतिगत सुझावहरु नगर कार्यपालिका समक्ष निम्न बमोजिम पेश गरेको छ ।

***राजस्व नीति: (आ.व. २०७६/०७७)***

(१) करका दरहरु घटाई करका दायरा वृद्धि गरी कर प्रणाली व्यवस्थित गर्ने ।
(२) आन्तरिक श्रोतको अधिकतम उपयोग गर्ने ।
(३) उद्योग एंव विविध व्यवसायको प्रवर्द्धन गर्ने ।
(४) कृषि व्यवसायीकरण गर्ने ।
(५) उद्योग लागनी मैत्री वातावरण बनाउने ।
(६) बिशेष आर्थिक क्षेत्रको निर्माण गर्ने ।
(७) पर्यटन गन्तव्य स्थलको निर्माण गर्ने ।
(८) होमस्टे प्रवर्द्धन गर्ने ।
(९) करदाताहरुको अभिलेख अध्यावधिक गर्ने ।
(१०) करदाता शिक्षा संञ्चालन गर्ने ।

***राजस्व नीति : (आ.व. २०७७/२०७८)***

१. विविध विषयमा करका क्षेत्र पहिचान गरी करको दायरा बढाउने नीति लिइनेछ । सबैलाई करको दायरामा ल्याइने छ ।
२. करका दायरामा सूचिकृत हुने करदाताहरूको अभिलेखलाई कम्प्युटराइज्ड (Computerized) गरी अद्यावधिक गरिनेछ । नगरपालिकाले प्रवाह गर्ने सेवा सुविधालाई करसंग आवद्ध गरी नगरपालिकाको आन्तरिक आयमा वृद्धि गर्ने रणनीति अवलम्वन गरिने छ ।
३. राजस्व परामर्श समितिले दिईएको सुझावलाई आधारमानी अन्य कर दस्तुर, शुल्क आदि निर्धारण गरी नगरपालिकाको आयश्रोतलाई दिगो वनाइनेछ ।

४. नगरपालिकामा तोकिएको कर तोकिएको अवधिमा वुझाई उत्कृट कार्य गर्ने करदातालाई प्रोत्साहन स्वरुप सम्मान गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

५. राजस्व बढी संकलन गर्ने वडा,जनप्रतिनिधि तथा कर्मचारीलाई पुरस्कारको व्यवस्था गरी प्रोत्साहन गरिनेछ ।

६. करदाता शिक्षा मार्फत नगरवासीलाई कर तिर्न अभिप्रेरित हुने वातावरण तयार गरिनेछ ।

७. करको नयाँ क्षेत्र पहिचान गरी करको दायरालाई बढावा दिई करको दर घटाउदै कर प्रणालीलाई व्यवस्थित गरिनेछ ।

८. राजस्व सुधार कार्ययोजना निर्माण गरी लागु गरिने छ ।

# परिच्छेद- तीन : नगरपालिकाको राजस्व अधिकार तथा आय सम्भाव्यता

यस परिच्छेदमास्थानीय तहलाई प्राप्त राजस्व सम्बन्धी अधिकार र सो अधिकार कार्यान्वयनका लागि नगरपालिकाका तर्फबाट गरिएका कानुनी व्यवस्था लगायत यस नगरपालिकाको राजस्वसंकलनको अवस्था, सम्भावना, समस्या तथा चुनौतीहरु शिर्षकगत रुपमा विश्लेषण गरिएको छ ।

## ३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था

### ३.१.१ संवैधानिक व्यवस्था

नेपालको संविधानको अनुसूची ८ अनुसार स्थानीय तहको वित्तीय अधिकार अन्तरगत स्थानीय तहहरुले सम्पत्ति कर (एकीकृत घरजग्गा कर), घरवहाल कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, भूमिकर (मालपोत), मनोरञ्जन कर, विज्ञापन कर र व्यवसाय कर लगाउन सक्नेछन र गैरकर अन्तरगत सेवा शुल्क, दस्तुर, पर्यटन शुल्क र दण्ड जरिवाना लगाउन सक्नेछन। तर स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार प्रदेश र गाउँपालिका वा नगरपालिकाको दोहोरो अधिकार क्षेत्र भित्रका कर निर्धारण, संकलन तथा बाँडफाँड गर्ने सम्बन्धमा विशेष व्यवस्था गरेको छ। जसअनुसार सवारी साधन करको दर निर्धारण तथा संकलन प्रदेशले गर्ने तर टाँगा, रिक्सा, अटोरिक्सा र इ-रिक्साको सवारी करको दर निर्धारण तथा संकलन गाउँपालिका वा नगरपालिकाहरुले आफ्नो कोषमा जम्मा गर्न सक्ने छन्। राजस्व अधिकार सम्बन्धी विभिन्न तहहरुको एकल तथा साझा अधिकार सम्बन्धी विवरण तल तालिकामा प्रस्तुत गरिएको छ ।

***तालिका ३.१*** *: तहगत राजस्व अधिकार*

| संघ | प्रदेश | स्थानीय | साझा |
|---|---|---|---|
| • भन्सार<br>• अन्त:शुल्क<br>• मूल्य अभिवृद्धि कर<br>• स्थागत आयकर<br>• व्यक्तिगत आयकर<br>• पारिश्रमिक कर<br>• राहदानी शुल्क<br>• भिसा शुल्क<br>• पर्यटन दस्तुर<br>• सेवा शुल्क दस्तुर<br>• दण्ड जरिबाना | • घरजग्गा रजिष्ट्रेशन शुल्क,<br>• सवारी साधन कर<br>• मनोरञ्जन कर<br>• विज्ञापन कर<br>• पर्यटन<br>• कृषि आयमा कर<br>• सेवा शुल्क दस्तुर<br>• दण्ड जरिवाना | • सम्पत्ति कर<br>• घर बहाल कर<br>• घरजग्गा रजिष्ट्रेशन शुल्क<br>• सवारी साधन कर<br>• सेवा शुल्क दस्तुर<br>• पर्यटन शुल्क<br>• विज्ञापन कर<br>• व्यवसाय कर<br>• भूमिकर (मालपोत)<br>• दण्ड जरिवाना<br>• मनोरञ्जन कर<br>• मालपोत संकलन | • सेवा शुल्क,<br>• दस्तुर,<br>• दण्ड जरिवाना<br>• प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी,<br>• पर्यटन शुल्क |

*स्रोत: नेपालको संविधान, २०७२*


### ३.१.२ कानुनी व्यवस्था

#### (क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५४ देखि दफा ६३ सम्म स्थानीय तहको वित्तीय अधिकारका सम्बन्धी व्यवस्था रहेको छ। यसमा कर अन्तर्गत प्रत्यक्ष करहरु जस्तै सम्पत्ति कर, भूमिकर (मालपोत), घरजग्गा बहाल कर, बहाल बिटौरी शुल्क, पार्किङशुल्क, जडीबुटी, कबाडी र जीवजन्तु कर आदि छन् भने अप्रत्यक्ष कर जस्तै व्यवसाय कर जस्ता करहरु रहेका छन्। यसैगरी

गैरकर अन्तर्गत नगरपालिकाबाट विभिन्न सेवाहरु उपयोग गरे वापतको सेवाशुल्क जस्तै विभिन्न पर्यटन व्यवसायमा शुल्क, स्थानीय तहले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार उपयोग शुल्क, स्थानीय तहले उपलब्ध गराएको कुनै सेवा उपयोग गरे वापत सेवा उपयोगकर्ताहरुबाट असूल गरिने सेवा शुल्क, विभिन्न नियमन सेवा तथा सिफारिस वापत प्राप्त भएको दस्तुर वापतको रकम, नक्सापास दस्तुर र नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तु बिक्री र अन्य सम्पत्ति बिक्री, सामुदायिक वनको आय र जनसहभागिता वापतको रकम आदि रहेका छन् ।


**चित्र नं. ६ नगरपालिकाको राजस्व प्रकार**




प्रदेश र स्थानीय तह दुबैले साझेदारीमा संकलन गर्ने घरजग्गा रजिष्ट्रेशन दस्तुरको दर प्रदेशले तोक्ने रस्थानीय तहलेसंकलन गर्ने प्रावधान रहेको छ । हालसम्म संघीय तहबाट स्थानीय तहमा घरजग्गाको लगत स्थानान्तरण भइ नसकेको र संघीय सरकार मातहतको जिल्लास्थित मालपोत कार्यालयले प्रदेश कानून बमोजिम घरजग्गा रजिष्ट्रेशन दस्तुर असूल गरी त्यसको ६० प्रतिशत सम्वन्धित स्थानीय नगरपालिका र ४० प्रतिशत सम्वन्धित प्रदेशमा पठाउने गरेको छ ।

यसरी स्थानीय तहमा देहायको चित्रमा देखाए बमोजिमका स्रोतबाट रकम प्राप्त हुने गर्दछ ।

**चित्र नं. ७ नगरपालिकाले स्रोत प्राप्त गर्ने क्षेत्र**




१. **दफा ५५** (संशोधन सहित)**सम्पत्ति कर सम्बन्धी व्यवस्था:** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा सम्पत्ति कर लगाउने छ । (२) उपदफा (१) वमोजिम सम्पत्ति कर लगाउँदा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाएर वाँकी जग्गा र घर नभएका अन्य जग्गामा दफा ५६ वमोजिम भूमिकर (मालपोत) लगाउनु पर्नेछ । *स्पष्टीकरण : यस उपदफाको प्रयोजनका लागि घरले चर्चेको जग्गा भन्नाले घरले ओगटेको क्षेत्रफल*

*बराबरको जग्गा र अधिकतम सो बराबरको थप जग्गा सम्झनु पर्दछ ।* (३) उपदफा (१) बमोजिम सम्पत्ति कर लगाउँदा देहायबमोजिमका विषयलाई आधार लिनुपर्नेछ :

(क) घर र जग्गाको आकार प्रकार र बनौट
(ख) घर र जग्गाको प्रचलिन बजार मूल्य तथा घरको हकमा ह्रासमूल्य
(ग) घर र जग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था

२. **दफा ५६ भूमिकर (मालपोत):** गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगको आधारमा भूमिकर (मालपोत) लगाउनेछ। तर सम्पत्ति कर लगाएको अवस्थामा भूमिकर (मालपोत) लगाइने छैन ।

३. **दफा ५८ व्यवसाय कर :** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाउने व्यवस्था रहेको छ ।

**उद्यम व्यवसायको किसिम, दर्ता तथा नवीकरण सम्बन्धी**

**व्यवसायको किसिम**

(क) उद्योग व्यवसाय:
(ख) व्यापार व्यवसाय
(ख) सहकारी व्यवसाय

- **उद्यम व्यवसायलाई दर्ता तथा नवीकरण गर्नुपर्ने**
- **उद्यम व्यवसाय दर्ता तथा नवीकरण गर्न शुल्क वा दस्तुर बुझाउनु पर्ने**
- **उद्यम व्यवसायको नामसारी, नाम, उद्देश्य, पूंजी परिवर्तन, स्थानान्तरण**

**सहकारी व्यवसाय सम्बन्धी व्यवस्था**

- **संघीय औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा १७ (५)** मा उल्लेख भए बमोजिम प्रचलित कानून बमोजिम दर्ता भएका सहकारी संस्थाले सो संस्थाको स्वामित्व रहने गरी उद्योग दर्ता गर्न सक्ने ।
- **सहकारी ऐन, २०७४ दफा २१ उपदफा १**अनुसार सहकारी संघ वा संस्थाले आवश्यक कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्नसक्ने व्यवस्था गरेको छ। **उपदफा ३ को** प्रतिबन्धात्मक व्यवस्था अनुसार त्यस्तो कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न प्रचलित कानुन बमोजिम अनुमति लिनु पर्ने रहेछ भने सो बमोजिम मात्र गर्नुपर्नेछ भन्ने प्रावधान रहेको छ ।

४. **दफा ५९ बहाल विटौरी शुल्क :** नगरपालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग वापत बहाल विटौरी शुल्क लगाउन सक्ने व्यवस्था रहेको छ ।

५. **दफा ६१ जडिबुटी, कवाडी र जीवजन्तुको व्यवसायिक उपयोग कर :** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिवुटी, प्रचलित कानून वमोजिम निषेधित जीवजन्तु वाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सीङ, प्वाँख, छाला वा यस्तै प्रकृतिको वस्तुको व्यवसायिक उपयोग गरेवापत गाउँपालिकाले जडिवुटी, कवाडी तथा जीवजन्तु कर लगाउने व्यवस्था रहेको छ ।

६. **दफा ६२ क बिक्री गर्न सक्ने (प्राकृतिक एवं खानीजन्य वस्तु) :** खानीजन्य तथा प्राकृतिक वस्तुको बिक्री नगरपालिकाले गर्न सक्ने व्यवस्था रहेको छ। यसमा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको

परिमाणमा स्लेट, ढुंगा, गिट्टी, वालुवा, माटोजन्य वस्तु र सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ, दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्ने व्यवस्था रहेको छ ।

**बिक्री गर्न सक्ने** (ढुंगा, गिटी, बालुवा माटोजन्य वस्तु निर्माणाधिन संरचनाहरु सबै सडक आयोजना, सिंचाई आयोजनाहरुमा समेत बिक्रि गर्न सकिने छ। त्यस्ता संरचनाहरुको लगत, इष्टिमेटलाई आधार मानी परिमाण यकिन गर्न सकिन्छ । आवश्यकता भए अन्य स्थानीय तहसँग बाँडफाँट गर्नुपर्ने हुनसक्छ ।

७. **दफा ६२ख.सामुदायिक वनबाट आय प्राप्त गर्ने :**सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना नगरपालिकाबाट स्वीकृत गर्नुपर्ने र त्यसबाट भएको आम्दानीको १०% सम्बन्धित गाउँपालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ ।

### (ख) वन ऐन, २०७६

वन ऐन, २०७६ **दफा २२ (१)** अनुसार सामुदायिक वन उपभोक्ता समुहले कार्ययोजना बमोजिम आर्जन गरेको वार्षिक आयबाट कम्तीमा २५ प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकमको कम्तीमा ५० प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशक्तिकरण तथा उद्यम विकास कार्यमा खर्च गर्नुपर्ने प्रावधान छ । **दफा २२ (२)** अनुसार यसरीखर्च गरी बाँकी रहेको रकम उपभोक्ता समुहको हितमा प्रयोग गरिने प्रावधान छ ।

### (ग) एकल कर प्रशासन सम्बन्धी व्यवस्था

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्थानीय तहको वित्तीय अधिकारलाई थप स्पष्ट पार्न संघीय, प्रदेश सरकार र स्थानीय तहले परिचालन गर्ने कर र गैर करका शिर्षकहरु निर्धारण गर्नुको अलावा संविधानका अनुसूचीमा एकल अधिकारमा दोहोरो अधिकारक्षेत्रमा परेका र संयुक्त अधिकार क्षेत्रका राजस्वका शीर्षकहरुको सन्दर्भमा प्रदेश र स्थानीय तह बीच एकल कर प्रशासन सम्वन्धमा निम्नानुसारको व्यवस्था गरेको छ ।

***तालिका ३.२:****एकल कर प्रशासन अन्तर्गतको राजस्वलाई स्थानीय र प्रदेश तहबीच बाँडफाँट*

| करका क्षेत्रहरु | दर निर्धारण गर्ने | संकलन गर्ने तह | राजस्व बाँडफाँट (प्रतिशतमा) | |
|---|---|---|---|---|
| | | | प्रदेश | स्थानीय तह |
| सवारी साधन कर | प्रदेश | प्रदेश | ६० | ४० |
| रजिष्ट्रेशन शुल्क | प्रदेश | स्थानीय तह | ४० | ६० |
| मनोरञ्जन कर | प्रदेश | स्थानीय तह | ४० | ६० |
| विज्ञापन कर | स्थानीय तह | स्थानीय तह | ४० | ६० |
| अन्य सवारी साधन कर(टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सा ) | स्थानीय तह | स्थानीय तह | | १०० |

*स्रोत : अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ (आर्थिक ऐन २०७५ द्वारा संशोधित) दफा ५ र ६*

एकल कोषको व्यवस्थापन देहाय अनुसार हुनेछ :

- एकल कर बाँडफाँट प्रयोजनका लागि संकलन गर्ने तहले (प्रदेश र स्थानीय) संकलित रकम विभाज्य कोषमा जम्मा गर्नु पर्ने हुन्छ ।
- प्रदेशले सवारी साधन करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्ने ।
- प्रदेशले सवारी साधन करबाट उठेको रकम प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई बाँडफाँड गर्ने
- प्रदेशले मासिक रुपमा सम्वन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने

## ३.२ कर राजस्व बाँडफाँड सम्बन्धी व्यवस्था

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार मूल्य अभिबृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्त शुल्क रकममध्येबाट उठेको रकमलाई संघीय विभाज्य कोषमा राखी सोबाट रकममध्ये संघीय सरकारले ७०%, प्रदेशले १५% र स्थानीय सरकारले १५% बाडँफाँट गर्ने व्यवस्था रहेको छ।

***तालिका ३.३*** *:कर राजस्वको बाँडफाँट सम्बन्धी व्यवस्था (प्रतिशतमा)*

| श्रोतहरु | संघ | प्रदेश | स्थानीय तह |
|---|---|---|---|
| मूल्य अभिबृद्धि कर (भ्याट) | ७० | १५ | १५ |
| अन्तशुल्क | ७० | १५ | १५ |

*स्रोत : अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, परिच्छेद ३ (६)*

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ अनुसार विभिन्न तहका सरकारहरुका बीचमा अनुदान सिफारिस गर्दा लिइने आधारहरु, राजस्वको बाँडफाँट गर्दा लिईने आधारहरु र प्राकृतिक स्रोतको परिचालन गर्दा लिईने आधार र मापदण्डहरु तयार गरी कार्यान्वयनका लागि सहजिकरण गर्नु पर्ने व्यवस्था रहेको छ । प्राकृतिक स्रोतको बाँडफाँट सम्बन्धी विषयमा संघ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तहहरू बीच उठ्न सक्ने सम्भावित विवादको विषयमा अध्ययन अनुसन्धान गरी त्यसको निवारण गर्न समन्वयात्मक रूपमा काम गर्न राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सम्बन्धित तहहरुलाई सुझाव दिने संबैधानिक व्यवस्था रहेको छ । आयोगले प्राकृतिक स्रोतको बाँडफाँट गर्दा सोसँग सम्बन्धित वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धमा आवश्यक अध्ययन र अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस समेत गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ ।

हाल राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले जनसंख्या (कूल जनसंख्या र आश्रित जनसंख्या), क्षेत्रफल, मानव विकास सुचकांक, न्यून विकास सूचकांकको आधारमा प्रदेश तथा स्थानीय तहलाई राजस्व बाँडफाँड गर्ने गरी आगामी ५ बर्षको लागि सिफारिस गरेको छ ।

***तालिका ३.४*** *:कर राजस्वको बाँडफाँटका लागि सूचकांक (प्रतिशतमा)*

| क्र.सं. | आधारहरु | प्रदेश | स्थानीय तह |
|---|---|---|---|
| १ | जनसंख्या | ७० | ७० |
| | कूल जनसंख्या अनुपात ८० | | |
| | आश्रित जनसंख्या अनुपात २० | | |
| २ | क्षेत्रफल | १५ | १५ |
| ३ | मानव विकास सूचकांक | ५ | ५ |
| ४ | न्यून विकास सूचकांक<br>(पुर्वाधार सूचकांक ७०%, खर्चको आवश्यकता सूचकांक २०% र सामाजिक तथा आर्थिक असमानता सूचकांक १०%) | १० | १० |
| **जम्मा** | | **१००** | **१००** |

सूत्रबाट आएको रकममा ठूलो फरक देखिने र अन्तरसरकारी वित्त व्यवस्थापन ऐनको दफा २१ ले प्रदेश तथा स्थानीय तहले आफ्नो प्रशासनिक खर्च आन्तरिक राजस्व तथा राजस्व बाँडफाँडबाट पुऱ्याउनु पर्ने हुनाले वित्त आयोगले प्रत्येक स्थानीय तहलाई न्यूनतम रकम र त्यसमा सूत्र अनुसार रकम बाँडफाँड गर्ने गरेको छ। आयोगले गत आ.ब. २०७६/७७ मा ३ करोड ५० लाख र आ.ब. २०७५/७६ मा ३ करोड न्यूनतम रकम प्रत्येक स्थानीय तहलाई प्रदान गर्ने गरी नेपाल सरकारलाई राजस्व बाँडफाँड गर्न सिफारिस गरेको थियो।

## ३.३ बेलकोटगढी नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था


बेलकोटगढी नगरपालिकाको अधिकांश वित्तीय स्रोतहरुमा संघ र प्रदेशद्धारा प्रदान गरिने विभिन्न वित्तीय हस्तान्तरणका रकमहरु नै पर्दछन्। संघ तथा प्रदेशद्धारा प्रदान गरिने अनुदानका रकमहरुमा वित्तीय समानीकरण, सशर्त, विशेष र सम्पूरक अनुदानहरु पर्दछन्। साथै नगरपालिकाले संघवाट मूल्य ( अभिबद्धि कर तथा अन्तःशुल्क) तथा प्रदेशवाट (सवारी साधन कर समेत) तोकिए बमोजिमको राजस्व बाँडफाँड र प्राकृतिक स्रोतवाट रोयल्टी बाँडफाँडको रकम पनि प्राप्त गर्नेछ। यसैगरी संघको पूर्व स्विकृतिमा नगरपालिकाले आन्तरिक ऋण र बैदेशिक सहायता पनि प्राप्तगर्न सक्नेछ। नगरपालिकाले आन्तरिक स्रोतको रुपमा विभिन्न कर तथा गैर कर राजस्व परिचालन गर्नेछ। नगरपालिकाले आन्तरिक रुपमा के कति रकम जुटाउने भन्ने सन्दर्भमा नगरपालिकाको वार्षिक बजेट अनुमान तयार गर्दा संघ तथा प्रदेशवाट प्राप्त हुने विभिन्न अनुदान र अन्य रकमहरुको एकिन भएपछि न्यून हुने रकमका लागि आन्तरिक स्रोत अर्न्तगत विभिन्न कर तथा गैर कर राजस्वका दर निर्धारण गरी राजस्व परिचालन गरिन्छ।

बेलकोटगढीको तीन वर्षको समग्र तुलनात्मक आय स्थिति (आ.व २०७५/७६ को लेखापरीक्षणवाट प्रमाणित यथार्थ वित्तीय विवरण र आ.व २०७६/७७ तथा आ.व २०७७/७८ को अनुमान) तालिका३.५ मा चित्रण गरिएको छ। आर्थिक वर्ष २०७५/७६ को कूल यथार्थ प्राप्तिमा आन्तरिक राजस्वको अनुपात करिव २१ प्रतिशत रहेको थियो, जुन अनुपातलाई राम्रो मान्न सकिन्छ। यस आर्थिक वर्षमा दहत्तर बहत्तर वापत् रु.१३ करोड भन्दा बढी रकम प्राप्त भएकोले आन्तरिक आय बढी देखिएको हो। आर्थिक वर्ष २०७६/७७ मा कूल अनुमानित प्राप्तिमा आन्तरिक राजस्वको अनुमानित् अनुपात करिव १२ प्रतिशत रहने अनुमान गरिएको थियो। सो अनुमानित् रकममा दहत्तर बहत्तर वापत्को रकम समावेश गरिएको छैन।तर ढुङ्गा, बालुवा, गिट्टी, अन्य खानीजन्य पदार्थको ठेक्का रकम अलग्याएर देखाईएको छ। यसैगरी आर्थिक वर्ष २०७७/७८ मा पनि कूल अनुमानित प्राप्तिमा आन्तरिक राजस्वको अनुमानित अनुपात करिव १० प्रतिशतमा सीमित रहने अनुमान गरिएको छ। यसमा आर्थिक वर्षमा पनि दहत्तर बहत्तर वापतको रकम समावेश गरिएको छैन, तरः ढुङ्गा, बालुवा, गिट्टी, अन्य खानीजन्य पदार्थको ठेक्का रकम अलग्याएर देखाइएको छ ।


***तालिका ३.५ :****बेलकोटगढी नगरपालिकाको तुलनात्मक वित्तीय स्थिति (रु.हजारमा)*

| आर्थिक वर्ष | संघीय वित्तीय हस्तान्तरण | | प्रदेश वित्तीय हस्तान्तरण | | आन्तरिक राजस्व | | मौज्दात | | जम्मा प्राप्ति |
|---|---|---|---|---|---|---|---|---|---|
| | ***रकम*** | ***%*** | ***रकम*** | ***%*** | ***रकम*** | ***%*** | ***रकम*** | ***%*** | |
| २०७५/७६ यथार्थ | ४२४,१४६ | ५५ | ९७,५५६ | १२ | १६१,३४३ | २१ | ९१,३९३ | १२ | ७७४,४३८ |
| २०७६/७७ | ४६३,५०० | ५९ | ६२,८९६ | ८ | ९५,४०४ | १२ | १६०,००० | २१ | ७८१,८०० |
| २०७७/७८ | ५२६,०९२ | ६० | १२९,२५५ | १५ | ८५,७०० | १० | १३८,३४८ | १५ | ८७९,३९५ |

*द्रष्टव्य: संघीय तथा प्रदेशस्तरवाट प्रत्यायोजित कार्यक्रमहरुको लागि प्राप्त हुने रकमहरुलाई जम्मा प्राप्तिमा समावेश गरिएको छैन ।*




माथि उल्लेख भए बमोजिम बेलकोटगढी नगरपालिकाको तीन आर्थिक वर्षको आन्तरिक राजस्वको स्रोतगत विवरण ***तालिका३.६*** मा उल्लेख गरिएको छ। आर्थिक वर्ष २०७५/७६ मा नगरपालिकाकाले प्राप्त गरेको कूल यथार्थ आन्तरिक राजस्व रकम रु. १६ करोड १३ लाख मध्ये कर राजस्ववाट रु. ७२ लाख ८५ हजार (४.५२ प्रतिशत) र गैर कर राजस्ववाट १५ करोड ४१ लाख (९५.४८ प्रतिशत) प्राप्त भएको थियो। यस आर्थिक वर्षमा गैर कर राजस्ववाट बढी रकम प्राप्त हुनाको कारणमा माथी उल्लेख भए अनुसार ढुंगागिट्टी वालुवा र दहत्तर बहत्तर वापत् बढी रकम प्राप्त भएको कारणले हो ।




आर्थिक २०७६/७७ को अनुमान बमोजिम नगरपालिकाकाले आन्तरिक राजस्ववाट कूल रु.९ करोड ५४ लाख मध्ये कर राजस्ववाट रु.करिब १ करोड ३० लाख (१३.५७ प्रतिशत) र गैर कर राजस्ववाट करिब ८ करोड २५ लाख (८६.४३ प्रतिशत) प्राप्त गर्ने अनुमान गरिएको थियो। यसैगरी आर्थिक वर्ष २०७७/७८ मा नगरपालिकाकाले आन्तरिक राजस्ववाट कूल रु.८ करोड ५७ लाख मध्ये कर राजस्ववाट रु.८० लाख (९.३३ प्रतिशत) र गैर कर राजस्ववाट ७ करोड ७७ लाख (९०.६७ प्रतिशत) प्राप्त गर्ने अनुमान छ। आर्थिक वर्ष २०७७/७८ मा कोरोना महामारीको कारणले नगरपालिकाको आन्तरिक राजस्वको अनुपात कम हुने अनुमान गरिएको छ।

नगरपालिकाले हालसम्म सम्पत्ति कर उठाउन पहल गरेको पाइदैन। व्यवसाय करतर्फ आर्थिक वर्ष २०७५/७६ मा व्यवसाय दर्ता तथा नविकरण वापत् रु. ३० लाख प्राप्त गरेको छ भने व्यवसाय कर वापत् भने कुनै रकम प्राप्त गरेको छैन। जवकि आ.व २०७६/७७ मा व्यवसाय दर्ता तथा नविकरण शुल्क वापत् कुनै रकम प्राप्त हुने अनुमान गरिएको छैन। तर व्यवसाय कर वापत् रु.१० लाख प्राप्त हुने अनुमान गरिएको छ। आ.व २०७७/७८ मा भने व्यवसाय दर्ता तथा नविकरण शुल्क वापत् र व्यवसाय कर वापत् कुनै रकम प्राप्त हुने अनुमान गरिएको छैन।

***तालिका ३.६:****बेलकोटगढी नगरपालिकाको आन्तरिक राजस्व स्रोतको विवरण*

| क्र. सं | राजस्व स्रोत | आर्थिक वर्ष २०७५।७६ को यथार्थ | | आर्थिक वर्ष २०७६।७७ को अनुमान | | आर्थिक वर्ष २०७७।७८ को अनुमान | |
|---|---|---|---|---|---|---|---|
| | | *रु.हजारमा* | *प्रतिशत* | *रु.हजारमा* | *प्रतिशत* | *रु.हजारमा* | *प्रतिशत* |
| **१** | **कर राजस्व** | **७,२८५** | **४.५२%** | **१२,९५०** | **१३.५७%** | **८,०००** | **९.३३%** |
| १.१ | घर बहाल कर | १,०४९ | ०.६५% | ३० | ०.०३% | - | ०.००% |
| १.२ | घर जग्गा रजिष्ट्रेशन शुल्क | - | | ९,८७० | १०.३५% | ५,००० | ५.८३% |
| १.३ | भूमि कर (मालपोत) | ६,२३६ | ३.८७% | २,००० | २.१०% | ३,००० | ३.५०% |
| १.४ | विज्ञापन कर | - | | ५० | ०.०५% | - | |
| १.५ | व्यवसाय कर | - | | १,००० | १.०५% | - | |

| क्र. सं | राजस्व स्रोत | आर्थिक वर्ष २०७५।७६ को यथार्थ | | आर्थिक वर्ष २०७६।७७ को अनुमान | | आर्थिक वर्ष २०७७७८ को अनुमान | |
|---|---|---|---|---|---|---|---|
| | | रु.हजारमा | प्रतिशत | रु.हजारमा | प्रतिशत | रु.हजारमा | प्रतिशत |
| **२** | **गैर कर राजस्व** | **१५४,०५८** | **९५.४८%** | **८२,४५४** | **८६.४३%** | **७७,७००** | **९०.६७%** |
| २.१ | प्राकृतिक स्रोत ( ढुङ्गा, बालुवा, गिट्टी, अन्य खानीजन्य पदार्थ, दहत्तर बहत्तर समेत) | १३४,८२७ | ८३.५७% | ६२,७०० | ६५.७७% | ६४,७०० | ७५.४९% |
| २.२ | सिफारिस तथा अन्य दस्तुर | १२,६७७ | ७.८६% | १०,७०४ | ११.२२% | ८,००० | ९.३३% |
| २.३ | नक्सा पास दस्तुर | ३,५५४ | २.२०% | ९,००० | ९.४३% | ५,००० | ५.८३% |
| २.४ | व्यवसाय दर्ता तथा नविकरण शुल्क | ३,००० | १.८६% | | | - | |
| २.५ | दण्ड जरिवाना | | | ५० | ०.०५% | | |
| **जम्मा** | | **१६१,३४३** | **१००%** | **९५,४०४** | **१००%** | **८५,७००** | **१००%** |

*स्रोत : बेलकोटगढी नगरपालिका*

## ३.४ आन्तरिक स्रोत तर्फका राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

बेलकोटगढी नगरपालिकाले प्रचलित कानून बमोजिमसंकलन गर्दै आएको आन्तरिक राजस्वको वर्तमान अवस्था र भविष्यमा संकलन गर्न सकिने सम्भावित नयाँ राजस्वका क्षेत्रहरुको संक्षिप्त विश्लेषणयस शिर्षक अन्तर्गत गरिएको छ ।

### ३.४.१ कर राजस्व

नेपालको संविधान र कानुन बमोजिम नगरपालिकाहरुलाई प्राप्त वित्तीय अधिकार अन्तरगतको कर राजस्वका विद्यमान अवस्था,सम्भावना रसुधार गर्नुपर्ने पक्षहरु बारेमा निम्नानुसार विश्लेषण गरिएको छ ।

***तालिका ३.७** नगरपालिकाको आन्तरिक राजस्वको विद्यमान अवस्था, सम्भावना र सुधार गर्नुपर्ने पक्षहरु*

| क्र.सं. | आन्तरिक आय स्रोत | विद्यमान अवस्था | सम्भावना | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|---|---|---|
| १ | सम्पत्ति कर: स्थानीय सरकार सञ्चालन ऐनको दफा ५५ | • सम्पत्ति कर सम्बन्धमा न.पा. ले करको दर निर्धारण गरेको छैन । | • २०६८ को जनगणना अनुसार यस नगरपालिकामा ११,५४७ घरधुरी रहेको ।<br>• भुकम्प पछि पुन:निर्माणभएका तथा वार्षिक वृद्धिलाई मध्यनजर गर्दा घरहरुको संरचना तथा संख्यामा वृद्धि हुने कारण सम्पत्तिको मुल्याङ्कन र राजस्वमा वृद्धि हुने अनुमान | • क्षेत्रगत रुपमा घरजग्गाको मूल्यांकन कायम गरी करको दर निर्धारण गर्ने । घरको मूल्यांकन लगायत कर संकलन सम्वन्धी कार्यविधि निर्माण गर्नुपर्ने ।<br>• वडागत रुपमा करदाताहरुको सर्वेक्षण गरी व्यक्तिगत सम्पत्ति विवरण तयार गर्ने,<br>• नगरपालिकामा आवश्यक जनशक्तिको |

| क्र.सं. | आन्तरिक आय स्रोत | विद्यमान अवस्था | सम्भावना | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|---|---|---|
| | | | गरिएको ।<br>• २०६८ सालको घरधुरीलाई आधार मानी तल तालिकामा सम्पत्ति कर गणना गरिए बमोजिम हाल करिब रू ७३ लाख प्राप्त हुनसक्ने | व्यवस्था गरी कर्मचारी, वडा सचिव र जनप्रतिनिधिहरुलाई राजस्व सम्बन्धी अभिमुखीकरण एवं तालिम उपलब्ध गराउने,<br>• वडा कार्यालयमा आवश्यक भौतिक पूर्वधार (सफ्टवेयर, कम्प्युटर, प्रिन्टर, विलिङ्ग मेशिन आदि) को व्यवस्था गर्ने,<br>• सम्पत्ति करसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने । |
| २ | **भूमिकर (मालपोत):** स्थानीय सरकार सञ्चालन ऐनको दफा ५६ | नगरपालिकाले आ.व.२०७६/०७७ मा भूमिकर (मालपोत) शिर्षकमा रु. २० लाख प्राप्त हुने अनुमान गरेकोमा सोही आर्थिक वर्षको असार मसान्तसम्म रु. ३० लाख ८ हजार असुल भएको ।<br>आ.व.२०७७/०७८ का लागि रु. ३० लाख प्राप्त हुने अनुमान | जग्गालाई उत्पादकत्वका आधारमा वर्गीकरण गरी -पूर्ण सिञ्चित र बजार क्षेत्रका जग्गा सहित/ अर्धसिंचित र असिंञ्चित) जग्गा स्वामित्व न्यून देखि बढी कम्तिमा ५-७ तहमा वर्गीकरण गर्ने ।<br>कम जग्गा हुनेलाई न्यूनतम दर तोकि बढी जग्गावालालाई बढी कर दर लगाउने गरेमा आयमा वृद्धि हुने । | हरेक वडामा रहेको जमिन मध्ये सम्पत्ति कर प्रयोजन वाहेकको जमिनलाई मालपोत र भूमिकरका लागि वर्गीकरण अनुसारको लगत तयार गर्ने ।<br>जमिनको वर्गीकरण अनुसार र परिमाणलाई मध्यनजर प्रगतिशील किसिमको दर निर्धारण गरी स्वीकृत नीति नगरपालिका तथा वडास्तरबाट कार्यान्वयन, अनुगमन र मूल्यांकन गर्ने गराउने ।<br>बक्यौता मालपोतको विवरण तयार गरी सोको असुली गर्न पहल गर्ने ।<br>नगरपालिकाले लगाएको हालको दर प्रगतिशील नभएको हुनाले यसलाई पुनरावलोकन गरी जग्गाको क्षेत्रफललाई उत्पादकत्व तथा सेवाक्षेत्रका आधारमा थप वर्गीकरण गरी प्रगातिशिल करको दर निर्धारण गर्नुपर्ने देखिन्छ । |
| ३ | **घर जग्गा बहाल कर** (स्थानीय सरकार सञ्चालन | नगरपालिकाले आ.व. २०७५/०७६ मा घर जग्गा बहाल कर | केन्द्रीय तथ्याङ्क विभागबाट आर्थिक गणना २०७५ अनुसार यस | व्यवसायिक तथा आवासीय प्रयोजनका लागि बहालमा प्रयोग भएका घर तथा |

| क्र.सं. | आन्तरिक आय स्रोत | विद्यमान अवस्था | सम्भावना | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|---|---|---|
| | ऐनको दफा ५७) | शिर्षकमा रु. ३० हजार प्राप्त हुने अनुमान गरेकोमा सोही आर्थिक वर्ष रु. १० लाख ४९ हजार असुल भएको आ.व.२०७६/७७ मा रू. ३० हजार अनुमान गरिएको तर आ.व. ०७७।७८ मा अनुमान नगरिएको । | नगरपालिकामा ९४९ संख्यामा उद्योग, व्यापार, व्यवसायहरु सञ्चालनमा रहेको<br>ती व्यवसायहरु मध्ये २५ % बहालमा लिएको अनुमान र प्रति व्यवसाय क औसत रु. ५,००० दरले मासिक भाडाको हिसाव गर्दा वार्षिक भाडा रु. १ करोड४२ लाख ३५ हजार असुल हुने र उक्त बहाल रकममा १० % का दरले घरजग्गा बहाल कर लगाउँदा नगरपालिकालाई वार्षिक करिब रु. १४ लाख २४ हजारसम्म बहाल कर प्राप्त हुन सक्ने | जग्गाको परिमाण, मासिक वहालको दर अनुसारको लगत तयारी, व्यवसायिक तथा आवासीय प्रयोजनका लागि वहाल करको दर कार्यान्वयन गर्नुपर्ने ।<br><br>स्थलगत अध्ययन गरी भाडामा रहेका संरचनाको विवरण संकलन गरी लगत तयार गर्ने । |
| ४ | **व्यवसाय कर:** स्थानीय सरकार सञ्चालन ऐनको दफा ५८ | आ.व. २०७५/०७६ मा व्यवसाय कर शिर्षकमा रु. ७ लाख ९० हजार प्राप्त हुने अनुमान गरेकोमा आ.व. २०७६/०७७ मा रु. १० लाख प्रस्ताव गरेको । | आर्थिक गणना २०७५ अनुसार नगरपालिका क्षेत्रभित्र ९४९ वटा उद्योग र व्यापार व्यवसाय उल्लेख भएको । यी व्यवसायहरुको पूँजीगत लगानीका आधारमा कर निर्धारण गरी स्थानीय उद्योग वाणिज्य संघसँगको सहकार्यमा थप राजस्व प्राप्त गर्ने सम्भावना रहेको देखिन्छ । आ.व. २०७६/०७७ को अनुमान आधारलाई ६०% दायरा मान्दा आगामी वर्षमा रु. १४ लाखसम्म वृद्धि हुनसक्ने देखिन्छ । | व्यवसायको वर्गीकरण आधारमा कर दर लगाउनु पर्ने,<br>नगरपालिकाले प्रदान गर्ने सेवासँग कर असुलीलाई आवद्ध गरी व्यवसायीलाई करको दायरामा ल्याउन पर्ने,<br>सबै किसिमका व्यवसायीहरुलाई दर्ता प्रक्रियामा ल्याई राजस्व प्रशासन सञ्चालन गर्ने दक्ष जनशक्तिको व्यवस्था गर्नुपर्ने । |
| ५ | **जडिबुटी, कवाडी र जीवजन्तुको व्यवसायिक उपयोग कर** स्थानीय सरकार सञ्चालन ऐनको दफा ६१ | यस शिर्षकमा कर नीति भएतापनि राजस्व प्राप्त गरेको अवस्था देखिदैन । यहाँ उत्पादन हुन जडिवुटी, कवाडी र जीवजन्तु सम्बन्धी विवरणहरु प्राप्त नभएको कवाडी/मृत जीवजन्तुका हाड, सिङ, प्वाँख, खुर | सामुदायिक वन क्षेत्रमा जडीवुटी खेती प्रवर्द्धन गरी बजारीकरण गर्न सकिने सम्भावना देखिन्छ । बजारीकरणको विस्तार सँगै कवाडी सामान वृद्धि हुने सम्भावना छ । | जडिबुटी तथा कवाडीका सम्वन्धमा थप अध्ययन गर्नुपर्ने । निकासी दर निर्धारण, वडागत आधारमा परिमाण अनुमान गर्ने संकलन/निकासी गर्ने व्यवसायीको दर्ता गरी वार्षिक ठेक्का बन्दोबस्त गर्नुपर्ने । |

| क्र.सं. | आन्तरिक आय स्रोत | विद्यमान अवस्था | सम्भावना | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|---|---|---|
| | | सामानको परिमाण तथा निकासी दर निर्धारण नभएको, संकलन/निकासीगर्ने व्यवसायीको दर्ता गरी वार्षिक ठेक्का बन्दोबस्त नभएको । | | |
| ६ | **विज्ञापन कर** स्थानीय सरकार सञ्चालन ऐनको दफा ६४ (१) (ग) | बिज्ञापनको दर निर्धारण गरेको । आ.व.२०७६/०७७ मा विज्ञापन कर शिर्षक अन्तर्गत रु. ५० हजार राजस्व प्राप्त हुने अनुमान गरेको छ । | नगरपालिका हुँदै लोकमार्ग गएको तथा यहाँका बजार केन्द्रहरुमा विभिन्न व्यवसायिक निकायहरुको विज्ञापन राख्ने गरेको र भविष्यमा यसको बढोत्तरी हुने सम्भावना छ । | वडागत रुपमा निरीक्षण गरी अभिलेख राख्ने र कर उठाउने |
| ७ | **साना सवारी कर** स्थानीय सरकार सञ्चालन ऐनको दफा ६४ (१) (क) | आर्थिक ऐनमा टाँगा, रिक्सा, अटो रिक्सा र इ-रिक्सासवारी करको दर निर्धारण भएको देखिदैन । हालसम्म साना सवारी कर शिर्षक अन्तर्गत राजस्व प्राप्त गरेको अवस्था देखिदैन । | आगामी समयमा लोकमार्ग तथा पक्की सडक वृद्धि भएसँगै सम्भावना बढ्दै जाने | करदर निर्धारण, दर्ता गरी राजस्व संकलन गर्ने । |

माथि उल्लेख भए बमोजिम नगरपालिकाको प्रमुख स्रोतका रुपमा रहेका करहरु जस्तैः सम्पत्ति कर, घरजग्गा बहाल कर र व्यवसाय करका लागि देहाय बमोजिम रकम सहित करदातालाई समेत करको दायरामा ल्याई राजस्व संकलन गर्नुपर्ने भएकाले सो बमोजिम करदाताको संख्या र रकमको प्रक्षेपण गरिएको छः


**(क) सम्पत्ति करः**बेलकोट नगरपालिकाले एकीकृत सम्पत्ति कर लगाउने निर्णय गरेकाले हालको संघीय कानूनसम्मत नहुने भएको र हालसम्म सम्पत्ति करका दर समेत निर्धारण गरेको छैन । तसर्थ नगरपालिकाले आगामी समयमा सम्पत्ति कर र मालपोत अलग अलग ढंगले अशुल गर्नुपर्ने भएकाले सम्पत्ति करका लागि देहाय बमोजिम करका दर सहित संकलन हुन सक्ने संभावित रकमको गणना गरिएको छ । यसरी गणना गर्दा हालको कुल घरधुरी ११,५४७ बमोजिम करदाताको संख्यालाई आधार मानिएको छ । प्रगतिशिल करका सिद्धान्तका आधारमा कम सम्पत्ति हुने करदातालाई कम कर र बढी सम्पत्ति हुने करदातालाई बढी कर तिर्ने गरी क्रमशः बढ्दो दरका रुपमा प्रस्ताव गरिएको छ । यसरी करका दर निर्धारण गरी लागू गरेमा सम्पत्ति कर न्यायोचित एवं समन्यायिक हुने हुन्छ ।

***तालिका ३.८ :****सम्पत्ति करका लागि प्रस्तावित मूल्यांकनका आधार, दर र संकलन हुन सक्ने रकम रु.*

| सम्पत्ति मूल्यांकन रु. | सम्पत्ति मूल्यांकन रु. | कूल मूल्य रु. | करको दर (प्रति हजार) | अनुमानित करदाता संख्या | कर दर रु | कुल कर दर रु | संभाव्य रकम रु |
|---|---|---|---|---|---|---|---|
| १ देखि ५० हजारसम्म | ५०,००० | ५०,००० | न्यूनतम | ० | ५० | ५० | ० |
| ५० हजार १ देखि २ लाखसम्म | १५०,००० | २००,००० | ०.२ | १,७३२ | ३० | ८० | १३८,५६४ |
| २ लाख १ देखि ५ लाखसम्म | ३००,००० | ५००,००० | ०.२५ | ४,९०७ | ७५ | १५५ | ७६०,६५९ |
| ५ लाख १देखि १० लाखसम्म | ५००,००० | १,०००,००० | ०.३ | २,३०९ | १५० | ३०५ | ७०४,३६७ |
| १० लाख १ देखि २० लाखसम्म | १,०००,००० | २,०००,००० | ०.३५ | १,१५५ | ३५० | ६५५ | ७५६,३२९ |
| २० लाख १ देखि ४० लाखसम्म | २,०००,००० | ४,०००,००० | ०.४ | ५७७ | ८०० | १,४५५ | ८४०,०४४ |
| ४० लाख १ देखि ७० लाखसम्म | ३,०००,००० | ७,०००,००० | ०.४५ | ४६२ | १,३५० | २,८०५ | १,२९५,५७३ |
| ७० लाख १देखि १ करोड १० लाखसम्म | ४,०००,००० | ११,०००,००० | ०.५ | २३१ | २,००० | ४,८०५ | १,१०९,६६७ |
| १ करोड १० लाख १ देखि २ करोडसम्म | ९,०००,००० | २०,०००,००० | ०.६ | १७३ | ५,४०० | १०,२०५ | १,७६७,५५७ |
| २ करोड १ देखि ५ करोडसम्म | ३०,०००,००० | ५०,०००,००० | ०.७ | | २१,००० | ३१,२०५ | ० |
| ५ करोड १ देखि १० करोडसम्म | ५०,०००,००० | १००,०००,००० | ०.८ | | ४०,००० | ७१,२०५ | ० |
| १० करोड १ देखि २० करोडसम्म | १००,०००,००० | २००,०००,००० | १ | | १००,००० | १७१,२०५ | ० |
| २० करोड १ देखि ४० करोडसम्म | २००,०००,००० | ४००,०००,००० | १.५ | | ३००,००० | ४७१,२०५ | ० |
| ४० करोड १ देखि ७० करोडसम्म | ३००,०००,००० | ७००,०००,००० | २ | | ६००,००० | १,०७१,२०५ | |
| **जम्मा** | | | | | | | ७,३७२,७६० |

माथि तालिकामा उल्लेख भए बमोजिम प्रगतिशिल करका दर अनुसार र हालको करदाता संख्या बमोजिम रु ७३ लाख ७२ हजार ७६० संकलन हुने संभावना रहेको छ । नगरपालिकाले ग्राफमा उल्लेख भए बमोजिम आगामी आर्थिक वर्षमा करदाताको संख्यालाई करको दायरामा ल्याई सोही बमोजिम रकम संकलन गर्नुपर्ने हुन्छ । तलको ग्राफमा उल्लेख भए अनुसार संभावित कर रकम र करदाता संख्यालाई करको ल्याउने गरी आगामी आर्थिक वर्षहरुमा न्यूनत्तम रुपमा क्रमश: ७० प्रतिशत, ८० प्रतिशत र १०० प्रतिशतका रुपमा प्रक्षेपण गरिएको छ । यस अवधिमा घरको संख्या वृद्धि भई सम्पत्ति करमा समेत वृद्धि हुने अपेक्षा गरिएको छ ।

**ग्राफ ३:** सम्पत्ति कर र संभावित करको दायरामा ल्याउने करदाता संख्याको प्रक्षेपण




*माथि उल्लेख भए बमोजिम सम्पत्ति करको प्रगतिशिल दर निर्धारण गर्ने तरिकाको विस्तृत विवरण* ***अनुसूची*** *२ मा सुझाव गरिएको छ । सो अनुसार गरेमा बढी बैज्ञानिक र प्रगतिशिल हुनेछ ।*

**(ख) मालपोत (भूमिकर):** बेलकोट नगरपालिकाको आर्थिक ऐन, २०७७ मा मालपोत करका लागि एक देखि बिस रोपनीसम्मका लागि रु २० प्रति रोपनी र सो भन्दा माथिको हकमा रु २५ प्रति रोपनी दर तोकेको छ । प्रस्तावित दरले जमिनको उत्पादकत्व र सोबाट हुने आम्दानीलाई समेट्न नसक्ने भएकाले उत्पादकत्वका आधारमा दर तोक्नु उपयुक्त देखिन्छ ।

नगरपालिकाबाट प्राप्त विवरण अनुसार वार्षिक बजेट कार्यक्रममा उल्लेख भए बमोजिम न.पा. को जम्मा क्षेत्रफल १५५.६ बर्ग कि.मी र सो मध्येमा बनको क्षेत्रफल ३९.५० बर्ग कि.मी रहेको छ । अन्य क्षेत्रफलका लागि कुल क्षेत्रफलको २० प्रतिशत भएको अनुमान गरी बाँकी आउने क्षेत्रफललाई रोपनीमा रुपान्तरण गर्दा (१ बर्ग कि.मी बराबर १९६५.६५ रोपनी) १६७,०४१ रोपनी जग्गा बसोवास तथा कृषि प्रयोजनका लागि भएको अनुमान गरिएको छ । हालको कानून बमोजिम सम्पत्ति करका लागि घर र घरले चर्चेको जग्गाको दोब्बर जमिन सम्पत्ति कर प्रयोजनका लागि गणना हुने भएकाले यस नगरपालिका क्षेत्र भित्र बनेका घर र घरले चर्चेको जग्गाको क्षेत्रफलऔसतमा ८ आना भएको अनुमान गरिएको छ ।सोको दोब्बर बराबर १ रोपनी जग्गा सम्पत्ति करका लागि भएको अनुमान गरिएको छ । यसरी घरधुरी संख्या बराबर घरले ओगटेको जग्गाको क्षेत्रफल रोपनी कायम गरि बाँकी हुन आउने जग्गालाई मालपोत करका लागि कायम गरिएको छ ।

***तालिका ३.९ :मालपोत योग्य जमिनको अनुमानित विवरण***


| मालपोत (भूमिकरको) लागि गणना | जम्मा क्षेत्रफल बर्ग कि.मी | बनको क्षेत्रफल (बर्ग कि.मी) | अन्य क्षेत्रहरु खोला तथा सार्वजनिक जग्गा वर्ग कि.मं | बाँकी बसोवास र खेती योग्य जमिनको क्षेत्रफल (रोपनीमा) | घरधुरी बमोजिम घरले ओगटेको जग्गाको क्षेत्र भन्दा दोब्बर कायम गरी सम्पत्तिकरका लागि हुन आउने जग्गाको अनुमान (रोपनीमा) | मालपोतका लागि बाँकी खेती योग्य जमिन (रोपनीमा) |
|---|---|---|---|---|---|---|
| जम्मा क्षेत्रफल | १५५.६० | ३९.५० | ३१.१२ | १६७,०४१ | ११,५४७ | १५५,४९४ |

उक्त प्रस्तावत गरिएको दर बमोजिम हाल सिंचित तथा बजार क्षेत्रका जुनसुकै किसिमका जमिनहरु, अर्धसिंचित तथा असिंचित जग्गाको अनुमान गरि सो अनुसार अशुल हुने संभावित रकम र आगामी तीन आर्थिक वर्षका लागि नगरपालिकाले अशुल गर्न सक्ने अनुमानित रकम देहाय बमोजिम रहेको छ ।

***तालिका ३.१०** मालपोतबाट संकलन हुन सक्ने सम्भावित रकम र तीन आर्थिक वर्षका लागि प्रक्षेपण रकम रु.*


| विवरण | अनुमानित करदाता संख्या प्रतिशतमा | कायम हुन आएको जग्गा रोपनीमा | प्रस्तावित दर प्रति रोपनी रु | संभावित रकम रु | आगामी तीन आर्थिक वर्षका लागि प्रक्षेपण रकम रु | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. ०७८।७९ (८० प्रतिशत) | आ.व. ०७९।८० (८५ प्रतिशत) | आ.व. ०८०।८१ (९० प्रतिशत) |
| पूर्ण सिंचित तथा बजार क्षेत्रका जुनसुकै जमिन | १५% | २३,३२४ | ५० | १,१६६,२०५ | ९३२,९६४ | ९९१,२७४ | १,०४९,५८४ |
| अर्धसिंचित | १५% | २३,३२४ | ३० | ६९९,७२३ | ५५९,७७८ | ५९४,७६४ | ६२९,७५० |
| असिंचित | ७०% | १०८,८४६ | २० | २,१७६,९१५ | १,७४१,५३२ | १,८५०,३७८ | १,९५९,२२४ |
| **कुल जम्मा** | | **१५५,४९४** | | **४,०४२,८४२** | **३,२३४,२७४** | **३,४३६,४१६** | **३,६३८,५५८** |

माथि उल्लेख भए बमोजिम हालका लागि प्रस्तावित गरिएको दर बमोजिम अनुमानित रकम अशुल उपर सँगसँगै नगरपालिकाले आफ्नो क्षेत्रका जमिनहरुको बर्गिकरण सहित हरेक करदाताको जमिनको किसिम अनुसार लगत अद्यावधिक गर्दै जानुपर्दछ। तत्पश्चात वर्गिकरण गरिएको जमिनलाई उत्पादकत्वको आधारमा बैज्ञानिक तथा तथ्यमा आधारित भई प्रगतिशिल दरमा मालपोत संकलनका लागि नगरपालिकाले नगर क्षेत्रभित्रको जमिन जग्गाधनी अनुसारको विवरण अद्यावधिक गरी***अनुसूची २*** मा उल्लेख भए बमोजिमको प्रगतिशिल दर लगाउन उपयुक्त हुन्छ। यसो गरेमा जमिनको उत्पादकत्व र सेवा प्रवाहका आधारमा मालपोत थप प्रगतिशिल पनि हुने माथि उल्लेख भए बमोजिमको संभावित रकम भन्दा बढी रकम उठ्न सक्ने देखिन्छ ।




**ग्राफ ४:** मालपोतको संभावित तथा प्रक्षेपित रकम रु

**(ग) *घरजग्गा बहाल कर:*** हालको अनुमान अनुसार बहालमा बस्ने सवै २३७ जना मध्ये ९० प्रतिशत व्यवसायीहरुको लगत लिई आ.व. ०७८।७९ मा सवैलाई करको दायरामा ल्याउन पहल गर्नुपर्दछ। तत्पश्चातका दुई आर्थिक वर्षमा क्रमश: बहालमा बस्ने ९५ प्रतिशत र १०० प्रतिशत व्यवसायीहरुलाई पहिलो चरणमा करको दायरामा ल्याई कर अशुल हुने गरी प्रस्ताव गरिएको छ।। यसका अलावा नगरपालिकाले बहालमा बसेका विभिन्न संघसंस्था तथा नीजि आवासीय प्रयोजनमा रहेका घरहरुबाट समेत बहाल रकम संकलनका लागि लगत अद्यावधिक गर्नुपर्दछ। संघसंस्थाको हकमा घरधनीसँग भएको सम्झौता बमोजिम र नीजि आवासीय घरमा बहाल प्रयोजनका लागि नगरपालिकाले क्षेत्रगत रुपमा न्युनत्तम मासिक बहाल रकम वा स्वयं करदाताबाट स्वघोषणा बमोजिम जुन बढी आउँछ सोही बमोजिम तोकिएको दर अनुसार मासिक बहाल रकम लिएमा प्रक्षेपण गरिए भन्दा बढी रकम अशुल गर्न सक्दछ।




**ग्राफ ५:** घरजग्गा बहाल कर र सम्भावित करको दायरामा ल्याउने करदाता संख्याको प्रक्षेपण

(घ) ***व्यवसाय कर:*** नगरपालिकाले व्यवसाय कर अशुल गरेको देखिदैन । राष्ट्रिय आर्थिक गणना, २०७५ बमोजिम यस नगर क्षेत्रमा ९४९ व्यवसायीहरु रहेका छन्।


***तालिका ३.११:****बेलकोटगढी नगरपालिकामा रहेको व्यवसायीहरुको प्रकार र संख्या*

| कृषि, वन, माछा पालन | उद्योग/ प्रशोधन | खानी, विद्युत, खानेपानी तथा निर्माण | थोक तथा खुद्रा व्यापार | ढुवानी, भण्डारण, सूचना तथा सञ्चार | होटल, लज | वित्त, वीमा | शिक्षा | मानव स्वास्थ्य तथा समाजिक कार्य | घरजग्गा, पेशागत व्यवसाय, वैज्ञानिक, प्रशासनिक, कला, मनोरञ्जन तथा अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११२ | १२७ | १४ | ३८४ | १ | ९७ | ५९ | ६३ | ३४ | ५८ | ९४९ |

*स्रोत : आर्थिक गणना २०७५, केन्द्रीय तथ्याङ्क विभाग*

माथि उल्लेख भए बमोजिमका व्यवसायको प्रकृति बमोजिम हाल नगर क्षेत्रमा रहेका प्रति व्यवसायी औसतमा बार्षिक रु १,७०० हुने गरी प्रक्षेपण गरिएको छ । आगामी वर्षमा व्यवसायीहरुको संख्यामा वृद्धि हुने संभावना भएतापनि हालको संख्यामा रहेका सवै व्यवसायी करदाताहरुलाई तल ग्राफमा उल्लेख भए बमोजिमको न्यूनत्तम संख्यामा नगरपालिकाले आगामी आर्थिक वर्षहरुमा क्रमश: करको दायरामा ल्याई व्यवसाय कर अशुल उपर गर्नुपर्दछ । व्यवसाय कर सम्वन्धी नीति तथा कार्ययोजना **बेलकोटगढी नगरपालिकाको व्यवसाय कर सुधार योजना, २०७७** मा उल्लेख गरिएको छ ।

**ग्राफ ६:** व्यवसाय कर रकम र करको दायरामा ल्याउने करदाता संख्याको प्रक्षेपण




माथि उल्लेख भए बमोजिमको प्रमुख करका स्रोतहरुबाट प्रक्षेपण गरिएको रकम संकलनका लागि परिच्छेद पाँचमा उल्लेख भए बमोजिमका नीतिहरु अवलम्बनका साथै कार्ययोजनामा उल्लेख भएका क्रियाकलापलाई तोकिए बमोजिमको समयावधिमा सम्पन्न गर्नुपर्ने हुन्छ । कर सुधार कार्यहरु गर्दा महिला, अपाङ्ग, जोखिममा परेका र विपन्न वर्गहरुको लागि केहि सहुलियत र सुविधाको व्यवस्था सहित करमा केही छुटको पनि व्यवस्था गर्नु जरुरी हुन्छ ।

### ३.४.२ गैरकर राजस्व

नगरपालिकाको आन्तरिक राजस्वको नियमित स्रोतकारुपमा सेवा शुल्क, दस्तुर, विक्रीबाट प्राप्त आय लगायतका हुन् । नेपालको संविधान र कानुन बमोजिम नगरपालिकाहरुलाई प्राप्त वित्तीय अधिकार अन्तरगतको गैरकर राजस्वका विद्यमान अवस्था,सम्भावना रसुधार गर्नुपर्ने पक्षहरु बारेमा निम्नानुसार विश्लेषण गरिएको छ ।

***तालिका३.१२:****नगरपालिकाको आन्तरिक राजस्वको विद्यमान अवस्था, सम्भावना र सुधार गर्नुपर्ने पक्षहरु*

| क्र.सं. | आन्तरिक आय श्रोत | विद्यमान अवस्था | सम्भावना | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|---|---|---|
| १ | अन्य विक्रीबाट (प्राकृतिक एवं खानीजन्य वस्तु)<br><br>स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ क | त्रिशुली नदी किनारबाट विशेष गरी ढुंगा, गिट्टी र बालुवा संकलन भई बिक्रि हुने<br>नगरपालिकाले आ.व. २०७५/०७६ मा रु. १३ करोड ४८ लाख २७ हजार संकलन गरेको र आ.व.२०७६/०७७ को लागि रु. ५ करोड ६५ लाख ९२ हजार संशोधितअनुमान गरेको छ भने आ.व. ०७८।७९ का लागि ६ करोड ४७ लाख अनुमान गरेको छ ।<br>कोभिड १९ को कारण यो शिर्षक अन्तरगत आयमा गम्भिर असर पर्न गएको | यस नगरपालिका हुँदै लोकमार्गको साथै अन्य नगरपालिकास्तर सडक निर्माण कार्य भइरहेको, नयाँ बजार केन्द्रहरु विकास हुँदै गइरहेको अवस्था हुनाले निर्माण सामग्रीको माग बढ्न सक्ने देखिन्छ । यसबाट नगरपालिकाको राजस्व प्राप्तिमा वृद्धि हुँदै जाने देखिन्छ । | नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, वालुवा, माटोजन्य वस्तु र सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ, दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको विक्री गर्ने । |
| २ | **बहाल विटौरी शुल्क**<br>स्थानीय सरकार सञ्चालन ऐनको दफा ५९ | हालसम्म यस शिर्षकमा राजस्व अनुमान गरिएको देखिदैन । | लोकमार्गको अधिन, ऐलानी, सार्वजनिक, वनको स्वामित्वमा रहेको र संरचना निर्माण गरी बसेका परिवारलाई दायरामा ल्याउन सकिने | नगरपालिकाले बहाल विटौरी शुल्क निर्धारण गरी सम्भावना भएका हाट, बजार तथा सार्वजनिक एंव नगरपालिकाको स्वामित्वमा रहेका जग्गामा बनेका संरचनाहरुको पहिचान गरी कार्यान्वयन गर्नुपर्ने |
| ३ | **नक्सा पास दस्तुर**<br>स्थानीय सरकार सञ्चालन ऐनको दफा २७र<br>दफा ३३ (४)<br><br>**नगरपालिकाको आर्थिक ऐन २०७७/०७८** | आ.व. २०७५/०७६ का लागि रु. १० लाख प्रस्ताव गरेकोमा रु. ३५ लाख ५४ हजार असुल भएको<br>आ.व.२०७६/०७७ का लागि रु. ९० लाख राजस्व प्राप्त हुने अनुमान गरिएको<br>**नक्सा पास दस्तुरको दर प्रति वर्ग फिट** | बजारीकरण हुँदै गएको हुनाले आगामी दिनमा पक्की घरहरु निर्माण हुँदै जाने भएकोले नियमित आय हुने | भवन निर्माण मापदण्ड पालना गरी नक्सापासलाई अनिवार्य गर्नुपर्ने |


| क्र.सं. | आन्तरिक आय श्रोत | विद्यमान अवस्था | सम्भावना | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|---|---|---|
| | | आर.सि.सि.भवन बेसमेन्ट, जमिन पहिलो दोश्रो तला र सोभन्दा माथिको तल्लारु ५ **आवासिय भवन (जस्तापाता छाना)** सबै तलारु२.५० **व्यवसायिक तथा औद्योगिक भवन (आरसिसि)** बेसमेन्ट लगायत सबै तलारु ६<br><br>व्यवसायिक तथा औद्योगिक भवन (आरसिसि बाहेकरु ३ **अभिलेखीकरण प्रति तला**रु२.००देखि५.०० सम्म | | |
| ४ | **व्यवसाय दर्ता/नवीकरण शुल्क:**<br>स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ (२) ञ (६) | शुल्क निर्धारण भएको।<br><br>नगरपालिकामा व्यवसाय प्रतिष्ठानहरुको दर्ता/नवीकरण शुल्क शिर्षक अन्तर्गत रकम खुलेको देखिदैन। | नगरपालिकामा ९४९ भन्दा बढी व्यवसाय भएकाले दर्ता/नवीकरण शुल्क शिर्षक वापत बार्षिक रु ५०० प्रति व्यवसाय थप गरी लिएमा यस अन्तर्गत रु ४ लाख ७४ हजार ५०० रकम प्राप्त हुने। | दर्ता/नवीकरण शुल्क शिर्षक पृथक गर्ने, वर्गीकरण आधारमा वडागत रुपमा व्यवसायहरुको लगत, उद्यम/व्यवसायको वार्षिक कारोवार रकम अभिलेख राख्ने। सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने। |
| ५ | **सिफारिस तथा प्रमाणित दस्तुर**<br>स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ (२) घ (७)तथा दफा १२ (ङ) | आ.व.२०७६/०७७ मा रु. १ करोड७ लाख प्राप्त भएको।<br>यसैगरी आ.व.२०७७/०७८ मा रु. ८० लाख प्राप्त हुने प्रस्ताव गरेको। | | नगरपालिका तथा वडाहरुबाट वार्षिक रुपमा कुन सिफारिस कति दस्तुरको दर र परिमाणमा हुन्छ भन्ने विगत वर्षहरुको आधारमा अनुमान गरी राजस्व प्राप्त हुने अनुमान गर्नु उपयुक्तहुने। |
| ६ | **व्यक्तिगत घटना दर्ता (विलम्व) शुल्क**<br>स्थानीय सरकार सञ्चालन ऐनको | | | नगरपालिकाले विलम्ब शुल्क लिनुपर्ने अवस्थाको सिर्जना हुन नदिई समयमै नागरिकको दर्ता हुने |

| क्र.सं. | आन्तरिक आय श्रोत | विद्यमान अवस्था | सम्भावना | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|---|---|---|
| | दफा ११ (२) च (३) र ऐनको दफा १९ (३) | | | अधिकारबारे सचेतना गराउन उपयुक्त हुने । |
| ७ | **सेवा शुल्क** (पर्यटन शुल्क, फोहरमैला व्यवस्थापन शुल्क, स्थानीय सडक पूर्वाधार उपयोग शुल्क, एम्बुलेन्स सेवा शुल्क, अन्य सेवा शुल्क) स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ (१)र दफा ६२ (२) | • सेवा शुल्कलाई सिफारिस दस्तुरसँग समावेश गराई अन्य अनुमान गर्ने गरेको देखिन्छ ।<br>• स्थानीय पूर्वाधार उपयोग गरे वापत सेवा शुल्क दर निर्धारण नभएको । | • हाल मदनपुर सिंचाई आयोजना २३१६ रोपनीमा शुल्कसम्भावनाभएको,<br>• शुल्क दर रु. ५० प्रति रोपनीका आधारमा रु. १,१५,८०० प्राप्त हुने अनुमान सदहरुको स्तरमा वृद्धि हुँदै गएपछि शुल्क लगाउन सक्ने | • पूर्वाधार उपयोग महशुल निर्धारण गर्ने<br>• यस सम्बन्धी कार्यविधि तयार गरी नीजि क्षेत्र र उपभोक्ता समितिसँग सहकार्य गर्ने तथा सम्बन्धित मर्मत कोष खडा गरी परिचालन गर्ने |
| ८ | **सामुदायिक वनबाट आय**<br>स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ (ख) | हालसम्म यस शिर्षकमा राजस्व अनुमान नगरिएको | ४३ वटा सामुदायिक वन रहेको र प्रति वनको वार्षिक आय औसतमा रु २ लाख ५० हजार हुने अनुमान बमोजिम कुल रकम रु १ करोड७ लाख ५० हजार को १०% बराबर रु १० लाख ७५ हजार नगरपालिकाको संचित कोषमा जम्मा हुनेसंभावना भएको । | • सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना नगरपालिकाबाट स्वीकृत गर्नुपर्ने,<br>• यसबाट भएको आम्दानीको १०% नगरपालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने ।<br>• सामुदायिक वन उपभोक्ता समितिसँग अन्तरक्रिया/छलफल गर्ने । |

माथि उल्लेख भए बमोजिम गैरकर मध्ये नगरपालिकाको प्रमुख तथा नयाँ स्रोतका रुपमा सामुदायिक बनबाट प्राप्त हुने रकम समेत रहेको छ। स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ख. मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना नगरपालिकाबाट स्वीकृत गर्नुपर्ने र त्यसबाट भएको आम्दानीको १०% सम्बन्धितनगरपालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेकोछ। हाल यस नगर क्षेत्रमा

४३ वटा सामुदायिक वनहरु रहेको र वार्षिक आम्दानी प्रति वन औसतमा रु २ लाख ५० हजार हुने अनुमान गरिएको छ ।

यसैगरी वन ऐन, २०७६ को दफा १८(५) मा सामुदायिक वन उपभोक्ता समूहले समूहको चाहाना र आवश्यकताको आधारमा वन व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन उपभोक्ता समूहले सम्वन्धित स्थानीय तहको परामर्शमा सामुदायिक वनको कार्ययोजना बनाउन वा आवश्यकता अनुसार संशोधन गर्न सक्ने प्रावधान रहेको छ। यसैगरी सोही ऐनको दफा २२ मा सामुदायिक उपभोक्ता समूहले कार्ययोजना बमोजिम आर्जन गरेको बार्षिक आयबाट कम्तिमा पच्चिस प्रतिशत रकम वनको विकास, संरक्षण, व्यवस्थापन कार्यमा खर्चगरी बाँकी रहेको रकमको कम्तिमा पचास प्रतिशत रकम सम्वन्धित स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशक्तिकरण तथा उद्यम विकास कार्यमा खर्च गर्नुपर्नेछ र बाँकी रहेको रकम उपभोक्ता समूहको हितमा प्रयोग गरिने उल्लेख छ ।




उपर्युक्त स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्था र वन ऐनको व्यवस्था एक अर्कामा बाझिएको हो की भन्ने देखिएता पनि सामुदायिक वन समूहसँग सहमति गरी दुबैलाई फाइदा हुनेगरी व्यवस्थापन गर्न सकिने देखिन्छ। यस अनुसार सामुदायिक वन समूहले नगरपालिकाको परामर्शमा स्वीकृत गरेको कार्य योजना बमोजिम भएको आम्दानीको १० प्रतिशत स्थानीय सरकार सञ्चालन ऐनको प्रावधान बमोजिम स्थानीय सरकारको खातामा दाखिला गर्ने र बाँकी ९० प्रतिशतलाई शतप्रतिशत मानी त्यसको २५ प्रतिशत वनको विकासमा, ५० प्रतिशत नगरपालिकाको समन्वयमा गरिबी न्यूनीकरण, महिला सशक्तीकरण तथा उद्यम विकासमा खर्च गर्ने र बाँकी रकम समूहको हितमा खर्च गर्ने गर्दा सबै कानूनका प्रावधानलाई कार्यान्वयन गर्न सकिने हुन्छ। यसमा स्थानीय तहले यसरी सामुदायिक वन समूहबाट प्राप्त गरेको रकम सामुदायिक वनको हितमा र वातावरणीय संरक्षणमा मात्र खर्च गर्न पाउने प्रावधान अगाडि सारेर सामुदायिक वन समूहहरुसँग छलफल गरी सहमति गर्नु उपयुक्त हुन्छ ।

उपरोक्त कानून बमोजिम सामुदायिक वन उपभोक्ता महासंघ, वन कार्यालय र स्थानीय तहका वीचमा समान धारणा नभएको अवस्था हुनाले नीगित तहदेखि नै स्पष्टता हुन आवश्यक देखिन्छ। साथै सामुदायिक वन समितिलाई नगरपालिकाले प्राप्त गर्ने आयबाट गरिने विकासका क्रियाकलाप सम्बन्धमा विश्वस्त बनाई उक्त रकम स्थानीय कोषमा जम्मा गर्न पहल गर्नुपर्ने देखिन्छ। हाल नगर क्षेत्रमा रहेका सबै ४३ वटा सामुदायिक वनको अभिलेखीकरण गर्ने, कार्य योजना तर्जुमा गर्न प्राविधिक सहयोग उपलब्ध गराउने, वन संरक्षण र विकास तथा जडिबुटी खेती, कृषि वन लगायतका जीविकोपार्जन सम्वन्धी क्रियाकलापहरुको व्यवस्थापन गर्न सहयोग तथा सहजीकरण गर्ने, वन संरक्षण तथा उपयोग सम्वन्धी कार्यविधि स्वीकृत गरी लागु गर्नुपर्ने देखिन्छ।

# परिच्छेद- चार : आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था

बेलकोटगढी नगरपालिकाले राजस्व परिचालनमा गरेका प्रयासहरू तथा आय संकलनको अवस्थालाई यस परिच्छेदमा छोटकरीमा व्याख्या गरिएको छ। यसबाटनगरपालिकाको आय संकलनको लागि संस्थागत क्षमतामा सुधारका लागि गर्नुपर्ने कार्यहरू पहिचान गर्न मद्दत पुग्ने छ।

## ४.१ राजस्व परिचालन सम्बन्धी नीति

नगरपालिकाले आन्तरिक राजस्व परिचालन सम्बन्धमा लिने नीतिहरु यसप्रकार रहेका छन् :

(१) आन्तरिक राजस्वका स्रोतहरुमा विविधिकरण तथा सम्भाव्य नयाँ स्रोतहरुको पहिचान गर्ने।

(२) करदातालाई कर तिरेपछि नगरपालिकाबाट सेवामा सुधार हुन्छ भन्ने विश्वासको वातावरण निर्माणका लागि शुरुमा करको दर न्यून राखी प्रशासन र लगत चुस्त दुरुस्त बनाइनेछ।

(३) कर र सेवा शुल्कको संरचनालाई करदाता/सेवाग्राहीमैत्री तुल्याउन करदाता/सेवाग्राहीको तिर्न सक्ने क्षमता बढाउन करदाताको आयआर्जनमा सहयोग पुग्ने वातावरण निर्माण गरिनेछ।

(४) नगरपालिकामा सञ्चालनमा रहेका सम्पूर्ण उद्यम व्यवसायलाई औपचारिक रुपमा दर्ता हुन अनुरोध गरिनेछ। करमा दर्ताभएमा उनीहरुको व्यवसाय प्रवर्द्धनमा सहयोग गर्ने।

(५) औद्योगिक ग्राममा सञ्चालन हुने उद्योग व्यवसायलाई स्थानीय कर तथा सेवा शुल्कमा विशेष छुट प्रदान गरिनेछ।

(६) सम्भव भएसम्म प्रशोधन व्यवसाय नगरपालिकामा नै स्थापना गरी रोजगारी श्रृजना र मूल्य अभिवृद्धि गरी निकासी गर्ने नीति लिइने छ।

(७) करदाता शिक्षा, बढी कर तिर्नेलाई पुरस्कृत गर्ने आदि कार्यक्रम मार्फत करदाता मैत्री वातावरण सिर्जना गरिनेछ।

(८) कर प्रणालीको दायरा महिला, अपागं, जोखिममा परेका र विपन्न बर्गसम्म पुऱ्याउन विभिन्न लक्षित कार्यक्रमहरु गर्ने र अरु सुविधाहरु दिई प्रोत्साहन गर्ने।

## ४.२ आन्तरिक राजस्व संकलनका लागि संस्थागत क्षमता

आन्तरिक राजस्वलाई प्रभावकारी रुपमा संकलन गर्ने भूमिका राजस्व प्रशासनको हुन्छ। अधिकांश निकायहरुमा खर्च गर्ने विषय प्राथमिकतामा पर्ने तथा आम्दानी गर्ने विषय ओझेल पर्नाले खर्च आवश्यकता र सोको लागि आवश्यक सम्भाव्य स्रोत पनि नजुट्ने स्थिति सिर्जना हुन जान्छ। तल बेलकोटगढी नगरपालिकाको आन्तरिक राजस्व सम्बन्धी संस्थगत क्षमता विश्लेषण गरिएको छ।

### ४.२.१ स्थानीय राजस्व परामर्श समिति

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६५ मा स्थानीय राजस्व परामर्श समिति सम्बन्धी व्यवस्था रहेको छ। यस समितिले राजस्व सम्बन्धी नीति तथा कानून तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालना सम्बन्धी परामर्श, राजस्वको स्रोत, दर, दायरा विश्लेषण गरी प्राप्त हुनसक्ने राजस्वको विश्लेषण, अनुमान, कर, गैरकर, सेवा शुल्क, दस्तुर आदिको दर सम्बन्धमा परामर्श दिने जस्ता कार्यहरु गर्दछ। स्थानीय राजस्व परामर्श समितिको गठन देहाय अनुसार हुने व्यवस्था छ।

*तालिका ४.१ :स्थानीयराजस्व परामर्श समितिका पदाधिकारीको विवरण*

| क.सं. | पद | समिति (जिम्मेवारी) |
|---|---|---|
| १ | उपप्रमुख, नगरपालिका | संयोजक |
| २ | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३ | कार्यपालिकाले तोकेको कार्यपालिका सदस्यहरु मध्येबाट महिला सदस्य | सदस्य |
| ४ | कार्यपालिकाले तोकेको कार्यपालिका सदस्यहरु मध्येबाट कार्यपालिकाले तोकेको सदस्य | सदस्य |
| ५ | निजी क्षेत्रको उद्योग वाणिज्य सम्बन्धी मान्यता प्राप्त संस्थाको गाउँ तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि | सदस्य |
| ६ | घरेलु तथा साना उद्योग सम्बन्धी मान्यता प्राप्त संस्थाको गाउँ तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि | सदस्य |
| ७ | नगरपालिकाको राजस्व शाखा प्रमुख | सदस्य सचिव |

बेलकोटगढी नगरपालिकाको राजस्व परिचालनमा प्रभावकारिता ल्याउनका लागि नगरपालिका उप प्रमुख श्रीकविता ढुंगानाको संयोजकत्वमा राजस्व परामर्श समितिको बैठक गरी आवश्यक निर्णयहरु हुने गरेको छ। जसमा राजस्वको समीक्षा, लक्ष्य, वडास्तरमा उठेका राजस्व संचित कोषमा दाखिला, चोरी निकासी नियन्त्रण, राजस्वको अनुगमन, वार्षिक राजस्व अनुमान, आदि कार्य मुख्य हुन्। साथै राजस्व परामर्श समितिका सदस्यहरुलाई राजस्वका स्रोतगत आधारमा यथार्थपरक अनुमान गर्ने, स्रोतहरु पहिचान गर्ने र राजस्व नीतिको प्रभावकारी परिपालना सम्बन्धी क्षमता विकास गर्न आवश्यक हुन्छ।

### ४.२.२ नगरपालिकाको राजस्व प्रशासन

बेलकोटगढी नगरपालिकाले राजस्व प्रशासनलाई अझ प्रभावकारी बनाउनु पर्ने महसुस गरेको छ। यसको प्रभावकारिताका लागि गर्नुपर्ने कार्यहरुमा जनशक्ति व्यवस्थापन, राजस्व शाखाको संस्थागत विकास, राजस्वसम्बन्धी कार्य योजना तर्जुमा, मालपोतको लगत अद्यावधिक, करदाताहरुको पहिचान र लगत अभिलेखीकरण, कर तथा गैर करका स्रोतहरुको पहिचान गर्नुपर्ने रहेको छ। वडास्तरमा काम गर्ने कर्मचारीको व्यवस्थापन गरी वडाबाट प्रभावकारी सेवा प्रवाह र राजस्व संकलन कार्य संचालन गर्नुपर्ने हुन्छ। नगरपालिका तथा वडा कार्यालयका राजस्व प्रशासनसँग सम्बन्धित कर्मचारीहरुलाई आयका शिर्षकका विषयमा अभिमुखीकरण आवश्यक रहेको छ। साथै समितिको सदस्य सचिवलाई राजस्व परामर्श समितिको माइन्युट तथा अभिलेख व्यवस्थापन सम्बन्धी क्षमता विकास महत्वपूर्ण छ।

## ४.३ राजस्व परिचालनमा रहेका सवालहरु

संविधान तथा कानून प्रदत्त नगरपालिकाको वित्तीय अधिकार अनुरुप राजस्व परिचालनमा सुधार ल्याउनयोजनाबद्ध प्रयास अपरिहार्य देखिन्छ। राजस्व परिचालनका मुख्य सवालहरु नीतिगत व्यवस्था, कर प्रशासन, दर, दायरा आदि सम्बन्धी रहेका छन्।

### ४.३.१ कानुनी तथा नीतिगत सवाल

बेलकोटगढी नगरपालिकाकोराजस्व अधिकार सम्बन्धी प्रावधानहरुको प्रभावकारी कार्यान्वयन र राजस्व परिचालनका लागि आवश्यक आर्थिक ऐन, विभिन्न कार्यविधिहरु समयमै नगर सभाबाट पारित गराई कार्यान्वयन गर्नुपर्ने देखिन्छ। सम्पत्ति कर सम्बन्धी नीति तर्जुमा गरी यस

नगरपालिकाको आन्तरिक आयको मुख्य श्रोतका रुपमा देखिएका सम्पत्ति कर, व्यवसाय कर, सेवाशुल्क सम्बन्धी कर सचेतना कार्यक्रमहरु सञ्चालन गर्नु आवश्यक देखिन्छ ।

### ४.३.२ संगठन, क्षमता, पूर्वाधार सम्बन्धी सवाल

यस नगरपालिकाको संगठन संरचना अनुसार राजस्व शाखाको गठन भएको छैन । हाल लेखाशाखा बाटै राजस्व शाखाको कार्य सम्पादन भै रहेको अवस्था छ । कर्मचारीहरुलाई क्षमता विकास तालिम, प्रविधिमा आधारितराजस्व अभिलेख तथा सूचना प्रणाली, सक्षमराजस्व शाखाको व्यवस्था हुन आवश्यक छ। साथै वडा कार्यालयहरुको समेत क्षमता अभिवृद्धि गरि वडा कार्यालयहरु मार्फतराजस्व संकलनको व्यवस्थित प्रणालीको स्थापना भएमा राजस्व असुली प्रभावकारी हुन सक्ने देखिन्छ ।

वडा कार्यालयहरुबाट असूल भएको राजस्व नगरपालिकामा दाखिला गर्दा एकमुष्ट दाखिला गर्ने गर्दा कुन शिर्षकबाट उठेको राजस्व हो त्यसको लेखांकन गर्न समस्या परेको देखिन्छ । त्यसैले वडाबाट राजस्व बुझ्दा आर्थिक प्रशासन वा राजस्व शाखाले निम्न बमोजिमको फाराममा विवरण भर्न लगाई राजस्व प्राप्ति गर्दा हिसाव मिलान र अभिलेख गर्न स्पष्ट हुने देखिन्छ । यस्तो फाराम २ प्रति बनाई एक प्रति आर्थिक प्रशासन शाखा वा राजस्व शाखामा राख्ने र एक प्रति सम्वन्धित वडामा रकम बुझेको निस्सा सहित फिर्ता गर्नु पर्छ । राजस्व शाखा वा आर्थिक प्रशासन शाखाले यही फारामको आधारमा शिर्षकगत राजस्व खातामा आम्दानीको अभिलेख गर्नु पर्छ र एक प्रति रकम बैंक दाखिला गर्ने गोश्वारा भौचरमा समेत समावेश गर्नु पर्छ ।

**बेलकोटगढी नगर कार्यपालिकाको कार्यालय**
**बाघखोर, नुवाकोट**
**वडाबाट संकलन गरिएको राजस्व बुझ्ने फाराम**

**वडा नं :      राजस्व बुझ्ने वडा सचिव वा कर्मचारीको नामः                    मितिः**

| सिनं | काटिएको रसिद नं | रसिद काटिएको मिति | राजस्वको शिर्षक | राजस्व बुझाउने व्यक्ति वा संस्थाको नाम | संकलन गरिएको राजस्व रकम |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| जम्मा रसिद संख्या | | | | जम्मा रकम | |
| जम्मा रकम अक्षरमा : | | | | | |
| रकम बुझिलिनेको दस्तखत र मिति : | | | | | |

**बेलकोटगढी नगर कार्यपालिकाको कार्यालय**
**बाघखोर, नुवाकोट**
**राजस्व आम्दानी प्रतिवेदन २०७७.....**
**मासिक /पहिलो चौमासिक/दोस्रो चौमासिक/तेस्रो चौमासिक र वार्षिक**

| राजस्वशीर्षक | राजस्वको स्रोत | यस महिनाको आम्दानी रु. | गत महिनाको आम्दानी रु. | हाल सम्मको आम्दानी रु. | कैफियत |
|---|---|---|---|---|---|
| | **क. कर** | | | | |
| | सम्पत्तिकर | | | | |
| | भूमिकर | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | व्यवसाय कर | | | | |
| | **ख.गैर कर** | | | | |
| | | | | | |
| | **ग. शुल्क** | | | | |
| | | | | | |
| | **घ. दस्तुर** | | | | |
| | | | | | |
| | **ङ. महसुल** | | | | |
| | | | | | |

**तयार गर्ने** **प्रमाणित गर्ने** **बुझिलिने**

................ .................... ................

**न.पा. वडा सचिव** **न.पा. वडा अध्यक्ष** **न.पा. राजस्व शाखा**

### ४.३.३ अभिलेख व्यवस्थापन तथा स्रोतहरुको प्राथमिकीकरणको सवाल

बेलकोटगढी नगरपालिकामा सम्भावना भएका विभिन्न कर, शुल्क तथा दस्तुरका स्रोत पहिचान गरी दायरा फराकिलो पार्ने तथा दरहरु निर्धारण गरी आवधिक रुपमा अद्यावधिक गर्दै जानुपर्दछ। नगरपालिकाबाट राजस्वका नयाँ स्रोतहरु सिर्जना तथा प्राथमिकीकरणका आधारमा नयाँ स्रोतहरुको पहिचान र परिचालन गर्दै स्रोतहरुको दायरा विस्तार गर्दै अगाडि बढ्न आवश्यक हुन्छ।

### ४.३.४ स्थानीय आर्थिक विकासको सवाल

नगरपालिकाबाट बार्षिक कार्यक्रमका माध्यमबाट गरिने लगानी स्थानीय आर्थिक विकासका लागि व्यवसायिकता, आयआर्जन, स्थानीय कच्चा पदार्थको उत्पादन, प्रशोधन, बजारीकरण, आर्थिक विकास केन्द्रीत पूर्वाधार विकासका कार्यक्रमहरु सञ्चालन गरेर रोजगारीसिर्जना गर्नु पर्दछ। स्थानीय स्रोत साधनको अधिकतम उपयोग गर्दै स्थानीय जनताको नगरपालिकाप्रति सकारात्मक धारणाको विकास र विश्वासको वातावरण निर्माण गर्नु पर्दछ। यसबाट निजी क्षेत्रको लगानी र उद्यमशीलता आकर्षित हुनुका साथै जनताको कर तिर्ने क्षमतामा वृद्धि भै नगरपालिकाको राजस्ववृद्धिमा सहयोग पुग्दछ। नगरपालिकाले आन्तरिक प्रतिफल दिने आयोजना, चल अचल सम्पत्तिको परिचालन, कृषि, पर्यटन, औद्योगिक विकास लगायत सार्वजनिक जग्गाको उपयोग आदि जस्ता क्षेत्रमा लगानीका लागि लगानी नीति बनाउन आवश्यक छ। यस्ता पुँजीगत क्षेत्रमा छुट्टै योजना तय गरी लगानीमा जोड दिएमा स्थानीय आर्थिक विकासका साथै भविष्यमा दिगो आन्तरिक स्रोत भैरहने सम्भावना हुन्छ।

### ४.३.५ पारदर्शिता र जवाफदेहिताको सवाल

राजस्व प्रशासनलाई व्यवस्थित तथा प्रभावकारी बनाउनकालागि नगरपालिकाले प्रदान गर्ने वस्तु तथा सेवा गुणस्तरीय हुनुको साथै यसको प्रक्रिया पनि पारदर्शी र नागरिकप्रति जवाफदेही हुनु आवश्यक हुन्छ। नगरपालिकाको आयव्ययको विवरण आवधिक रूपमा प्रकाशन गर्नु, सङ्कलित राजस्व सार्वजनिक गर्नु पारदर्शिता अभिवृद्धिका उपयुक्त विधि हुन सक्दछ।साथै स्थानीय सञ्चार माध्यमहरुको प्रयोग गरी कर र गैरकर सम्वन्धमा सचेतना अभिवृद्धि र प्रचार प्रसार गर्नसके जनताको सहयोग प्राप्त हुन सक्दछ।

### ४.३.६ आन्तरिक नियन्त्रण, शीर्षकगत प्रविष्टि र प्रतिवेदन

राजस्व असुलीकालागि जारी गरिने रसीदको नियन्त्रण जरुरी हुन्छ । कति प्रति रसीद छपाई भएको हो प्रमुख प्रशासकिय अधिकृतबाट सबै प्रति प्रमाणित गराई त्यसको जानकारी राजस्व शाखा र लेखाशाखामा सुरक्षित रहनुपर्दछ । राजस्व शाखाले जिन्सीफाँटबाट रसीद एकमुष्ट निकासा लिई सम्बन्धित वडामा सचिवलाई वा अन्य कर्मचारीलाई सि.न. समेत प्रष्ट हुने गरी निकासा गरिनु पर्दछ र रसीद नियन्त्रण खातामा अभिलेख राखिनु पर्दछ । त्यसको विवरण लेखा शाखामा समेत पठाइनु पर्दछ । लेखा शाखाले सम्वन्धित कर्मचारी वा वडा सचिवबाट रकम दाखिला गरिदा जारी भएको रसीदको एक प्रति अधकट्टि सहित भिडाई रकम बुझ्ने गरिनु पर्दछ । सम्बन्धित कर्मचारीले रकम दाखिला गर्दा नगरपालिकाबाट जारी भएको राजस्व शिर्षकगत छुट्टिने फारममा राजस्व विवरण भरी दाखिला गरिनु पर्दछ। आ.ले.प. शाखाले समेत रसीद नियन्त्रण प्रक्रियालाई सुक्ष्म रुपमा हेर्ने गरिनु पर्दछ। यसरी प्राप्त रकमलाई नगरपालिकाको गोस्वारा खातामा शिर्षक अनुसार चढाई मासिक रुपमा प्रमाणित गरि राजस्वको शिर्षकगत प्रतिवेदन पठाउने व्यवस्था गरिनु पर्दछ ।

यदि राजस्वको लेखा सूत्र (SUTRA) आधारित भए सोही बमोजिम शिर्षकगत रुपमा प्रविष्टि गरी अनलाईन (Online) प्रतिवेदन पठाउने प्रणाली अबलम्न गरिनु पर्दछ ।

# परिच्छेद- पाँच : राजस्व सुधार कार्ययोजना

यस परिच्छेदमा प्राथमिक तथा द्वितीय स्रोतबाट संकलित सूचना विश्लेषण तथा सहभागितामूलक अन्तरक्रियाबाट तयार पारिएको यसबेलकोटगढी नगरपालिकाको राजस्व सुधार कार्ययोजना, राजस्व सुधारका लागि लिइने रणनीति, कार्यनीति प्रस्तुत गरिएको छ ।

## ५.१ नगरपालिकाको राजस्व सुधार कार्ययोजना

नगरपालिकाले राजस्व सुधारका लागि लिने रणनीति, कार्यनीति र कार्ययोजनाहरु यस प्रकार रहेका छन्:

### ५.१.१ राजनीति तथा कार्यनीति

यस नगरपालिकामा विद्यमान कानून प्रदत्त धेरै राजस्व अधिकारहरु हालसम्म प्रयोगमा ल्याउन सकिएको छैन। नगरपालिकाका कानूनहरु पनि सामयिक परिमार्जन एवं संशोधन गर्नुपर्दछ । यी तथ्यहरुलाई समेत मध्यनजर राखी आन्तरिक राजस्व परिचालन सम्बन्धमा देहाय अनुसारका रणनीतिहरु अवलम्बन गरिनेछ ।

| रणनीति | कार्यनीति |
|---|---|
| नगरपालिकामा तयार गरिएका राजस्वसँग सम्बन्धित ऐन तथा नियमहरुलाई अझ बढी व्यवहारिक बनाउन सुधार गरिनेछ । साथै ऐन, नियममा अपर्याप्त भएका पक्षहरुलाई समेटिने छ । | • राजस्वका विभिन्न क्षेत्र/स्रोत अनुसार ऐन, नियम तथा कार्यविधिहरु निर्माण एवं संशोधन गर्न विज्ञको समेत आवश्यकता अनुसार सहयोगमा विद्यमान ऐन, नियमको पुनरावलोकन गरिनेछ । संवैधानिक प्रावधान बमोजिम बनेका संघीय तथा प्रादेशिक ऐन अनुरुप नगरपालिका ऐन परिमार्जन गरिनेछ । |
| नगरपालिकाको समग्र राजस्व परिचालन सम्बन्धी नीतिहरुलाई कार्यान्वयन गर्न राजस्व शाखाको गठन तथा सुदृढीकरण गरी क्षमतावान बनाइनेछ । | • नगरपालिकाको राजस्व शाखामा आवश्यक दरबन्दी पूर्ति गरिनेछ ।<br>• स्थानीय राजस्व परामर्श समिति तथा राजस्व शाखा र वडा कार्यालयहरुका कर्मचारीहरुको क्षमता अभिवृद्धि गरिनेछ ।<br>• राजस्व शाखाका लागि आवश्यक उपकरण, सफ्टवेयर आदिको प्रबन्ध मिलाई वडा कार्यालयहरुसँग सूचना सञ्जालको व्यवस्था गरिनेछ । |
| राजस्वलाई वृद्धि गर्न करका दायरालाई फराकिलो गर्दै लगिनेछ । | • राजस्व स्रोतका दायराको यकिन तथ्याङ्क संकलन गरी सम्भाव्यताका आधारमा समय सापेक्ष रुपमा करदाताहरुको संख्या बढाउदै लगिनेछ ।<br>• आन्तरिक राजस्वका विभिन्न स्रोतहरुबारे सम्भावना अध्ययन, पहिचान, स्रोतहरुको यकिन तथ्याङ्क, सूचना संकलन गर्न |

| रणनीति | कार्यनीति |
|---|---|
| | कार्यदलहरु बनाई वडागत रुपमा परिचालन गरिनेछ । करका स्रोत अनुसारका तथ्याङ्क हरेक वर्ष अद्यावधिक गरिनेछ ।<br>● साविक जिविस मार्फत नगरपालिकामा निर्माण भएका विभिन्न पूर्वाधारहरुको वडागत तथ्याङ्क, सूचना संकलन गरिनेछ ।<br>● नगरपालिका स्तरीय पूर्वाधारहरु नगरपालिकामा हस्तान्तरण गर्न पहल गरिनेछ । भएका पूर्वाधारहरुको स्तरोन्नति गर्दै लगिनेछ ।<br>● राजस्वको स्रोत वृद्धि गर्ने पूँजी लगानीको सम्भाव्यता अध्ययन गरिनेछ । |
| कर तथा सेवा शुल्कलाई सम्बन्धित करदाता एवं विषय क्षेत्रसँग आबद्ध गराउदै लगानी गरिनेछ । | ● सम्बन्धित स्रोतबाट संकलन हुने राजस्वलाई सो स्रोतसँग सम्बन्धित करदाताहरुको हितमा सार्वजनिक खर्च गर्ने, पूर्वाधारहरुको विकास तथा स्तरोन्नति कार्यमा लगानी गर्दै लगिने<br>छ ।<br>● नगरपालिकामा पर्यटन प्रवर्द्धन गर्न पूर्वाधारहरुको विकास गरिनेछ । साथै पर्यटन विकासमा निजी क्षेत्रसँग साझेदारीको पहल गरिनेछ । |
| कर, शुल्क, सेवा शुल्क आदिको दर तथा दायरा निर्धारण गर्दा निजी क्षेत्र तथा सरोकारवालाहरुको सहभागिता जुटाईनेछ । यसैगरी कर संकलनमा यथासम्भव निजी क्षेत्र, उपभोक्ता समिति एवं सहकारी संस्थासँग सहकार्य गरिनेछ । | ● पूर्वाधार उपयोग महशुल, घर बहाल कर, व्यवसाय कर जस्ता स्रोत परिचालन गर्न निजी क्षेत्र, व्यवसायीसँग सहकार्य गरिनेछ । |
| राजस्व परिचालनलाई समावेशी एवं प्रगतिशील बनाइनेछ । | ● नियमित एवं बढी कर तिर्ने करदातालाई सम्मान गरिनेछ । साथै समयमा कर तिर्ने करदातालाई कर छुटको व्यवस्था गरिनेछ ।<br>● कर दायरा र कर तिर्न नसक्ने परिवारहरु जस्तै एकल महिला, अपाङ्ग, जोखिममा परेका, विपन्न र गरिव वर्गहरु पहिचान गरी उनीहरुको लागि आवश्यक सेवा, सुविधा र सहुलियतको व्यवस्था गर्ने । |
| कर प्रशासनलाई पारदर्शी गराउन कर सम्बन्धी सूचनाहरुमा नागरिकहरुको पहुँच पुऱ्याइनेछ । | ● स्थानीय कर बारे सर्वसाधारणलाई जानकारी गराउने कर सचेतना कार्यक्रम समुदाय/टोल एवं वडास्तरमा सञ्चालन गरिनेछ ।<br>● राजस्व लेखापालनलाई कम्प्यूटरकृत |

| रणनीति | कार्यनीति |
|---|---|
| | गरिनेछ ।<br>● कर/राजस्व सूचना जानकारी अर्धवार्षिक एवं वार्षिक प्रतिवेदन नगरपालिकाको वेभसाईटमा राखिने छ । साथै यस्तो सूचनाहरु स्थानीय स्तरमा पहुँच हुने एफ.एम. रेडियो मार्फत प्रसारण गरिनेछ । |
| राजस्व प्रशासनलाई प्रभावकारी बनाउन प्रदेश सरकार तथा जिल्ला समन्वय समितिसँगको सहकार्य तथा समन्वयमा जोड दिइनेछ । | ● राजस्वसँग सम्बन्धित विषयमा प्रदेश सरकार तथा जि.स.स.सँग नियमित अन्तरक्रिया गरिनेछ । यसैगरी अन्य छिमेकी स्थानीय तहसँग समन्वय वैठक आयोजना गरी राजस्व संकलनका सवालहरुबारे छलफल गरी समाधान गरिनेछ ।<br>● प्रादेशिक तथा जिल्लाका स्थानीय तह स्तरमा राजस्व परिचालन बारे ज्ञान-सीप, अनुभव आदान-प्रदान गरिनेछ ।<br>● राजस्व परिचालनमा आन्तरिक नियन्त्रण र अनुगमनलाई प्रभावकारी बनाइने छ र कर असुल गर्ने वडा तह वा व्यक्तिबाट मासिक रुपमा प्रतिवेदन लिने प्रणाली स्थापित गरिने छ । साथै भएका गरेका नीतिगत तथा कार्यगत व्यवहारलाई नियमित रुपमा अनगुमन गरी प्रतिवेदनका आधारका साथै गुनासा व्यवस्थापन गरी परामर्श समितिबाट सम्बोधन गरिने व्यवस्था अवलम्बन गरिनेछ । |

### ५.१.२ राजस्व सुधार कार्ययोजना

नगरपालिकाको सूचना तथा तथ्याङ्क अध्ययन र नगरस्तरीय अन्तर्क्रियाका आधारमा तयार गरिएको बेलकोटगढी नगरपालिकाको राजस्व सुधार योजना देहाय बमोजिमको तालिका प्रस्तुत गरिएको छ :

***तालिका ५.१:*** *राजस्व सुधार कार्ययोजना*

| सुधारका क्षेत्रहरु | सुधार गर्नुपर्ने क्रियाकलापहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | | | **क. कर तथा गैह्र कर राजस्व** |
| सम्पत्ति कर | - सम्पत्ति कर कार्यान्वयन गर्न कार्यविधि तयार गर्ने<br>- घरको वर्गीकरण अनुसार र घरले चर्चेको जग्गाको वडागत रुपमा लगत तयार गर्ने<br>- मूल्यांकन समिति गठन गरी घरजग्गा मूल्यांकन दर निर्धारण गर्ने,<br>- महिला, अपाङ्ग, जोखिममा परेका र विपन्न वर्गको हकमा केहि कर छुटको | २०७८ वैशाख मसान्तसम्म | • नगर कार्यपालिका<br>• राजस्व परामर्श समिति,<br>• प्रमुख प्रशासकीय अधिकृत र<br>• राजस्व शाखा<br>• वडा कार्यालय |

| सुधारका क्षेत्रहरु | सुधार गर्नुपर्ने क्रियाकलापहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | व्यवस्था गरी प्रोत्साहन गर्ने । | | |
| भूमि कर (मालपोत) | - भूमिको वर्गीकरण अनुसार वडागत रुपमा लगत तयार गर्ने<br>- वर्गीकरण अनुसार प्रगतिशील मालपोत दर कायम गर्न हाल कायम भएको दरको पुनरावलोकन गर्ने र नयाँ दर लागू गर्ने | २०७८ बैशाख मसान्त सम्म | • राजस्व परामर्श समिति,<br>• नगर कार्यपालिका<br>• प्रमुख प्रशासकीय अधिकृत र<br>• राजस्व शाखा<br>• वडा कार्यालय |
| व्यवसाय कर | - नगरपालिकाका सबै वडाका व्यवसायीहरुलाई व्यवसाय दर्ताका लागि सूचना जारी गर्ने<br>- लक्षित वर्ग जस्तै महिला, र विपन्न वर्गहरुलाई केही सहुलियत र छुटको व्यवस्था गर्ने । | २०७७ चैत्र मसान्तसम्म | • प्रमुख प्रशासकीय अधिकृत, राजस्व शाखा र वडा कार्यालयहरु |
| | - व्यवसायीहरुसँग नियमित छलफल र अन्तरक्रिया गर्ने<br>- लक्षित वर्ग जस्तै महिला, र विपन्न वर्गहरुसँग विशेष कार्यक्रम गर्ने | निरन्तर | • नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, राजस्व शाखा |
| जडिबुटी कवाडी | - जडिबुटी तथा कवाडी सम्वन्धीविज्ञ टोली गठन गरी विस्तृत अध्ययन गर्ने । | २०७८ पौष मसान्तसम्म | • राजस्व परामर्श समिति, नगरपालिका |
| पूर्वाधार उपयोग शुल्क | - पूर्वाधार उपयोग हुने संभावित क्षेत्रको अध्ययन गर्ने(सिचाई, सडक, खानेपानी आदि)<br>- साझा सडकमा शुल्क लगाउन छिमेकी स्थानीय तहसँग समन्वय गर्ने | २०७८भाद्र मसान्तसम्म | • राजस्व परामर्श समिति<br>• नगरपालिका |
| | - खानेपानी महशुल दर निर्धारण गर्ने<br>- सिचाईं महशुल दर निर्धारण गर्ने<br>- महशुल संकलन गर्ने | २०७९ असार मसान्तसम्म | • नगरसभा |
| घर जग्गा वहाल कर | - घरजग्गा बहाल सम्वन्धी कानून बनाउने<br>- वडागत रुपमा घर बहालमा लगाउने घरधनीहरुको विवरण संकलन गर्ने ।<br>- घरधनीहरुसँग अन्तरक्रिया गर्ने<br>- घरजग्गा बहाल कर संकलन गर्ने | २०७८ असार मसान्तसम्म<br>निरन्तर | • नगरसभा<br>• राजस्व परामर्श समिति<br>• राजस्व शाखा तथा वडा कार्यालय |
| वहाल विटौरी शुल्क | - सार्वजनिक जग्गाहरुमा उपयोग बारेको विवरण तयार गर्ने<br>- सार्वजनिक जग्गाहरुको पहिचान गरी नापनक्सा अद्यावधिक गर्ने<br>- बहाल विटौरी करको दर निर्धारण गर्ने | २०७८ असार मसान्तसम्म | • राजस्व परामर्श समिति<br>• नगरसभा<br>• राजस्व शाखा |
| | - सार्वजनिक जग्गाहरुमा बसपार्क, कृषि हाटबजार, शौचालय निर्माण गरी बहालमा लगाउने | आ.व. २०७८/०७९ देखि | • नगर कार्यपालिका |
| घरजग्गा | - महिला पुरुष छुट्टिने गरी घरजग्गाको | निरन्तर | • नगर कार्यपालिका |

| सुधारका क्षेत्रहरु | सुधार गर्नुपर्ने क्रियाकलापहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| रजिष्ट्रेशन दस्तुर | अभिलेख राख्ने र महिलाको नाममा दर्ता गर्नेमा केहि छुटको व्यवस्था गर्ने ।<br>- प्रदेश सरकारबाट महशुल दर निर्धारण भए बमोजिम घरजग्गा रजिष्ट्रेशन दस्तुर उठाउने/मालपोत कार्यालयबाट प्राप्त गर्ने | | |
| प्राकृतिक स्रोत बिक्रि | - जडिबुटीको पहिचानका लागि अध्ययन गर्ने।<br>- प्राकृतिक स्रोतहरुको बिक्री मुल्य निर्धारण गर्ने, संकलन गर्ने | २०७८ पौष मसान्तसम्म | • नगर कार्यपालिका र सम्बन्धित शाखा |
| | - ढुंगा, गिट्टि, बालुवा उत्खनन्/संकलन गर्न प्रारम्भिक वातावरणीय परीक्षण गर्ने | निरन्तर | • नगरपालिका, वडा कार्यालय, प्राविधिक शाखा |
| व्यवसाय रजिष्ट्रेसन दस्तुर | - वडागत रुपमा व्यापार व्यवसाय दर्ता गर्नुपर्ने संघसंस्थाहरुको विवरण संकलन गर्ने<br>- वर्गीकरण अनुसार व्यवसाय दर्ता तथा नवीकरण दस्तुर निर्धारण गर्ने<br>- महिला, र विपन्न वर्गहरुकोनाममा दर्ता भएमा केहि छुटको व्यवस्था गर्ने । | २०७८ असार मसान्तसम्म<br><br>निरन्तर | • नगरपालिका, वडा कार्यालय, राजस्व शाखा |
| अचल सम्पत्ति मूल्यांकन शुल्क | - घरजग्गा मूल्याङ्कन र अचल सम्पत्ति मूल्यांकन अभिलेखलाई एकरुपता कायम गर्ने | २०७८ श्रावण देखि निरन्तर | • वडा कार्यालय |
| नक्सा पास दस्तुर | - नक्सापास सम्बन्धमा जनचेतना जगाउने<br>- आवश्यक दक्ष प्राविधिक जनशक्तिको व्यवस्थापन गर्ने ।<br>- महिला, र विपन्न वर्गहरुको नाममा नक्सा पास गर्दा केहि सहुलियत र छुटको व्यवस्था गर्ने । | निरन्तर | • प्रमुख प्रशासकीय अधिकृत र प्राविधिक शाखा |
| सामुदायिक वनबाट आम्दानी प्राप्त गर्ने | - सामुदायिक वनबाट वार्षिक रुपमा बिक्रीयोग्य हुने काठजन्य तथा गैर काठ, जडिबुटीको आँकडा सहितको कार्ययोजना माग गर्ने<br>- स्वीकृत कार्ययोजना अनुसार वन पैदावार विक्रीबाट १० प्रतिशत आय प्राप्त गर्ने | २०७७ चैत्र मसान्तसम्म<br><br>निरन्तर | • नगरपालिका तथा राजस्व शाखा |
| **ख. आयआर्जन हुने पूँजीगत लगानीका क्षेत्र** | | | |
| पूर्वाधार निर्माण गर्ने | - सडकहरुलाई ग्राभेल तथा कालोपत्रे गर्ने<br>- होमस्टेहरुको विकास गर्ने | निरन्तर (बार्षिक योजना) | • नगरपालिका र प्राविधिक शाखा |
| **ग. मानवीय क्षमता विकास तथा राजस्व प्रशासन** | | . | |
| मानवीय क्षमता विकास | - नगरपालिकाको संस्थागत क्षमता स्वमूल्यांकन गर्ने *(संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालयबाट तयार गरिएको कार्यविधि बमोजिम)*<br>- प्रस्तावित संगठनात्मक ढाँचा अनुरुप राजस्व शाखाको दरबन्दी परिपूर्ति गर्ने | २०७८ असार मसान्तसम्म<br><br>२०७८ असार मसान्तसम्म | • नगरपालिका, राजस्व शाखा, प्रमुख प्रशासकीय अधिकृत |

| सुधारका क्षेत्रहरु | सुधार गर्नुपर्ने क्रियाकलापहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | र सोही बमोजिम राजस्व संकलनको जिम्मेवारी उक्त शाखालाई दिने<br>- नगरपालिकाका राजस्व अधिकारका क्षेत्रमा नगर कार्यपालिकाका पदाधिकारीहरुलाई अभिमुखीकरण गर्ने<br>- राजस्व परामर्श समितिका पदाधिकारीहरुलाई असल अभ्यासबारे जानकारी दिने कार्यक्रम आयोजना गर्ने<br>- नगरपालिका तथा वडा कार्यालयका कर्मचारीहरुलाई कर तथा राजस्व प्रशासन र अभिलेखन र सफ्टवेयर बारे तालिम प्रदान गर्ने<br>- व्यवसायीहरुलाई कर सम्बन्धी अभिमुखीकरण गर्ने<br>- निर्धारित समय भन्दा ढिलो कर तिर्नेलाई जरिवाना तथा समयमा तिर्नेलाई प्रोत्साहनको व्यवस्था गर्ने<br>- आन्तरिक नियन्त्रण र प्रतिवेदन प्रणाली व्यवस्थित गर्ने | २०७७ पौष मसान्तसम्म<br>२०७७ पौष मसान्तसम्म<br>२०७८ असोज मसान्तसम्म<br>२०७८ चैत्र मसान्तसम्म<br>निरन्तर<br>निरन्तर | |
| तथ्याङ्क तथा सूचना व्यवस्थापन | - सबै किसिमका (घरजग्गा कर, व्यवसाय कर, बहाल विटौरी कर, घर बहाल कर) करदाताहरुको तथ्याङ्क, सूचना संकलन गर्ने र खण्डिकृत तथ्याङ्कको व्यवस्था गर्ने<br>- करदाताको व्यक्तिगत फाईल (विवरण) तयार गर्ने<br>- महशुलयोग्य पूर्वाधारहरु (सडक, सिंचाई, खानेपानी, बसपार्क आदि) को अभिलेख तयार गर्ने | २०७८ श्रावण देखि | • वडा कार्यालय, राजस्व शाखा, प्राविधिक शाखा |
| राजस्व संकलन तथा अभिलेख | - राजस्व अभिलेख सम्बन्धी एकीकृत ( अनलाईन) सफ्टवेयर तयार पार्ने<br>- करदाताको विवरण सबै वडा तथा नगरपालिका कार्यालयको सोही सफ्टवेयरमा इन्ट्री गर्ने<br>- राजस्व प्रशासनमा सफ्टवेयर तथा कम्प्युटरकृत प्रणाली मार्फत सेवा दिने | नियमित | • नगरपालिका, राजस्व शाखा र वडा कार्यालयहरु |
| सूचना तथा पारदर्शिता | - स्थानीय सञ्चार माध्यमबाट करदाताहरुलाई कर तिर्न प्रोत्साहित गर्ने सम्बन्धी सूचना सम्प्रेषण गर्ने ।<br>- नगरपालिका र वडामा करको दररेट सहित नागरिक बडापत्र राख्ने<br>- कर तथा राजस्व असुलीका लागि घरदैलो कार्यक्रम सञ्चालन गर्ने<br>- राजस्व संकलनको विवरण त्रैमासिक एवं अर्ध वार्षिक रुपमा प्रकाशन गर्ने | नियमित | • राजस्व शाखा<br>• प्रमुख प्रशासकीय अधिकृत,<br>• वडा सचिवहरु |
| अनुगमन | - अनुगमन गरी छुटेका करदातालाई | प्रत्येक तीन महिनामा | • कार्यपालिका तथा |

| सुधारका क्षेत्रहरु | सुधार गर्नुपर्ने क्रियाकलापहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | करको दायरामा ल्याउने ।<br>- नीतिगत सुधार गरी सम्बोधन गर्नुपर्ने विषय भए परामर्श समिति वा कार्यपालिकाको वैठकबाट सम्बोधन गर्ने<br>- कर चुहावट नियन्त्रण गर्ने | | वडा कार्यालयहरु |
| करदाता तथा कर्मचारी प्रोत्साहन कार्यक्रम | - कर्मचारीलाई राजस्व असुलीको आधारमा कार्यसम्पादन मूल्यांकन गरी प्रोत्साहन गर्ने<br>- करदातालाई सम्मान (बढि कर तिर्नेलाई) | वार्षिक रुपमा (नगर सभा गर्ने दिनमा) | • नगर कार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत |
| राजस्व प्रशासनको प्रभावकारिताका लागि बन्दोवस्ती | - नगरपालिकामा राजस्व शाखाको लागि कार्यकक्ष, कम्प्यूटर, प्रिन्टर, विद्युत व्याकअप सहितको सुविधा उपलब्ध गराउने | २०७८ भाद्र मसान्तसम्म | • नगर कार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत |

# परिच्छेद- छ : आगामी तीन वर्षको आय प्रक्षेपण

यस राजस्व सुधार कार्ययोजनालाई नगरपालिकाले स्वीकृत गरी कार्यान्वयन गर्नका लागि गत आर्थिक वर्षहरुको वार्षिक वृद्धि दर उपलब्ध सूचना एवं तथ्याङ्कलाई अप्रत्यक्ष (Proxy)विधिबाट हिसाव गरी आगामी तीन आर्थिक वर्षहरु (आ.व २०७८/७९ - २०८०/८१) का लागि गरिएको राजस्व प्रक्षेपणको विवरण तलको परिच्छेदमा प्रस्तुत गरिएको छ ।

## ६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण रकम र प्रक्षेपणका आधारहरु

बेलकोटगढी नगरपालिकाको राजस्व सम्बन्धी संकलित तथ्याङ्क, माथि गरिएको विश्लेषण तथा मान्यता समेतका आधारमा राजस्व सुधार कार्ययोजना तथा विगत वर्षहरुमा भएको रकमलाई समेत आधारमानेरदेहाय अनुसार राजस्व प्रक्षेपण गरिएको छ ।

***तालिका ६.१:*** *बेलकोटगढी नगरपालिका राजस्व प्रक्षेपण (रु हजारमा)*

| राजस्व संकेत | राजस्व शिर्षक | यथार्थ | अनुमान | अनुमान | वार्षिक संभाव्य रकम रु | प्रक्षेपित आय | | | प्रक्षेपणका आधार |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ०७५/७६ | ०७६/७७ | ०७७/७८ | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | |
| ११३१३ | सम्पत्ति कर (*सम्पत्ति कर)* | | | | ७,३७३ | ५,१६१ | ५,८९८ | ७,३७३ | संभावित रकमको पहिलो वर्षमा ७० प्रतिशत, दोस्रोमा ८० प्रतिशत र तेस्रोमा सत्प्रतिशत हुने गरी |
| ११३१४ | भूमी कर/माल पोत | ६,२३६ | २,००० | ३,००० | ४,०४३ | ३,२३४ | ३,४३६ | ३,६३९ | संभावित रकमको पहिलो वर्षमा ८० प्रतिशत, दोस्रोमा ८५ प्रतिशत र तेस्रोमा ९० प्रतिशत हुने गरी |
| ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | | ९,८७० | ५,००० | ५,००० | ६,००० | ७,२०० | ८,६४० | कुल संभाव्यता बमोजिम वार्षिक २० प्रतिशत बृद्धि हुने अनुमान |
| ११३२१ | घर बहाल कर | १,०४९ | ३० | | १,४२४ | १,२८१ | १,३५२ | १,४२४ | बहालमा बसेका व्यवसायीहरुको संभावित रकमको पहिलो वर्षमा ९० प्रतिशत, दोस्रोमा ९५ प्रतिशत र तेस्रोमा १०० प्रतिशत हुने गरी |
| ११३२२ | बहाल विटौरी कर | | | - | - | | | | हाल नभएको कार्ययोजनामा उल्लेख भएबमोजिम सो क्षेत्रको पहिचान तथा क्षेत्र |

| राजस्व संकेत | राजस्व शिर्षक | यथार्थ | अनुमान | अनुमान | वार्षिक संभाव्य रकम रु | प्रक्षेपित आय | | | प्रक्षेपणका आधार |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ०७५/७६ | ०७६/७७ | ०७७/७८ | | ०७८/ ७९ | ०७९/ ८० | ०८०/ ८१ | |
| | | | | | | | | | निर्धारण गरी न.पा. ले प्रक्षेपण गर्न सक्ने । |
| ११४७२ | बाँडफाँड बाट प्राप्त हुने विज्ञापन कर | | ५० | | ६० | ६० | ६६ | ७३ | गतवर्षको अनुमान रकममा २० प्रतिशत रकम कुल संभावना मानी तत्पश्चात सोही रकम र वार्षिक १०% ले बृद्धि हुने अनुमान । सो रकम मध्ये ६०% न.पा.को आय हुने । |
| ११४७९ | अन्य मनोरंजन कर | | | | | | | | संभावना नभएको । |
| ११६११ | व्यवसायले भुक्तानी गर्ने (जडिबुटी, कवाडी र जीवजन्तु कर) | | | | | | | | हाल संभावना न्यून । बिज्ञ टोलीबाट अध्ययन गरी सो बमोजिम न.पा. ले पछि प्रक्षेपण गर्न सक्ने । |
| १४२१३ | अन्य बिक्रिबाट प्राप्त रकम (वालुवा, माटो, काठ आदि) | १३४,८२७ | ६२,७०० | ६४,७०० | १३४,८२७ | १३४,८२७ | १४८,३१० | १६३,१४१ | त्रिशुली नदीमा ढुंगा गिट्टी बालुवाको संभावना र आगामी वर्ष लोकमार्ग निर्माणका लागि अत्यधिक माग हुने भएकाले गत वर्षमा लागेको अंकलाई संभावना मानी आगामी वर्ष संभावना रकम बमोजिम र तत्पश्चात बमोजिम १० प्रतिशत वृद्धि गरिएको । |
| १४२४२ | नक्सापास दस्तुर | ३,५५४ | ९,००० | ५,००० | ५,००० | ५,२०० | ५,४०८ | ५,६२४ | चालु आ.व. को अनुमान बमोजिम कुल सम्भावना कायम गरी त्यसपछि राष्ट्रिय शहरी औसत वृद्धि |

| राजस्व संकेत | राजस्व शिर्षक | यथार्थ | अनुमान | अनुमान | वार्षिक संभाव्य रकम रु | प्रक्षेपित आय | | | प्रक्षेपणका आधार |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ०७५/७६ | ०७६/७७ | ०७७/७८ | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | |
| | | | | | | | | | दरका आधारमा ४% ले बृद्धि हुदै जाने अनुमान गरिएको । |
| १४२४३ | सिफारिस दस्तुर (प्रमाणित दस्तर/ सेवा शुल्क समेत) | १२,६७७ | १०,७०४ | ८,००० | ८,८०० | ८,८०० | ९,६८० | १०,६४८ | गतवर्ष बमोजिम १० प्रतिशत वृद्धि भई कुल संभावना कायम गरिएकोको र सोही बमोजिम आगामी आ.व.मा १००% र त्यसपछि वार्षिक १०% का दरले बृद्धिहुने अनुमान |
| १४२४४ | ब्यक्तिगत घटना दर्ता दस्तुर | | | | | | | | तथ्याङ्कको अभावमा नगरिएको |
| १४२४५ | नाता प्रमाणित दस्तुर (अन्य प्रमाणित समेत) | | | | | | | | तथ्याङ्कको अभावमा नगरिएको |
| १४२४९ | अन्य दस्तुर (दर्ता, अनुमति, इजाजत) (सेवा शुल्क दस्तुर) | | | | | | | | तथ्याङ्कको अभावमा नगरिएको |
| १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ३,००० | | | ७१२ | ५६९ | ६४१ | ७१२ | ९४९ व्यवसायी मध्ये प्रति व्यवसायी रु ७५० औसतमाका आधारमा आगामी वर्षमा कुल सम्भावनाको ८०%, दोस्रो वर्षमा ९०%, तेस्रो वर्षमा १००% प्राप्त हुने अनुमान |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | | ५० | | १०० | १०० | १०० | १०० | वार्षिक एकमुष्ठ रु.१ लाख प्राप्त हुने अनुमान |


| राजस्व संकेत | राजस्व शिर्षक | यथार्थ | अनुमान | अनुमान | वार्षिक संभाव्य रकम रु | प्रक्षेपित आय | | | प्रक्षेपणका आधार |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ०७५/७६ | ०७६/७७ | ०७७/७८ | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | |
| १४५२९ | अन्य राजस्व (सामुदायिक वन तथा अन्य क्षेत्र) | | | | १,०७५ | १,०७५ | १,१८३ | १,३०१ | ४३ वटा सामुदायिक वनको वार्षिक औसतमा रु २ लाख ५० हजार हुने र सोको १०% ले प्राप्त हुने अनुमानका आधारमा पहिलो वर्ष संभावित रकम र दोस्रो आ.व. देखि वार्षिक १० प्रतिशत वृद्धि हुने गरी |
| १४६११ | व्यवसाय कर | | १,००० | | १,६१३ | १,२९१ | १,४५२ | १,६१३ | हालको व्यवसायीसंख्या बमोजिम संभावित रकमको पहिलो वर्षमा ८० प्रतिशत, दोस्रोमा ९० प्रतिशत र तेस्रोमा १०० प्रतिशत हुने गरी |
| | **जम्मा** | १६१,३४३ | ९५,४०४ | ८५,७०० | १७०,०२७ | १६७,५९८ | १८४,७२५ | २०४,२८७ | |

## ६.२ नगरपालिकाको आगामी तीन आर्थिक वर्षको कूल राजस्व प्रक्षेपण सक्षेपमा

माथि तालिकामा उल्लेख भए बमोजिमसंभावित रकम अनुसार नगरपालिकाले पहिलो वर्षमा प्रक्षेपण गरिएको बराबर रकम संकलन गर्न सक्दैन ।कार्ययोजनामा उल्लेख भए बमोजिम नगरपालिकाले नीतिगत सुधार साथसाथै आवश्यक जनशक्तिको व्यवस्थापन गर्न आवश्यक छ। प्रक्षेपण गरिएको पहिलो वर्षमा नै चालु आर्थिक वर्षको अनुमानित रकम भन्दा झण्डै ९६ प्रतिशत आन्तरिक स्रोत अभिवृद्धि हुने देखिन्छ। तत्पश्चातका दुई आर्थिक वर्षमा १० देखि ११ प्रतिशतसम्म वृद्धि भई आ.व. ०८०।८१ मा नगरपालिकाको आन्तरिक स्रोत रु २० करोड ४३ लाख पुग्नेछ। ***अनुसूची ३***मा आन्तरिक स्रोत सहित अन्य वाह्य स्रोतको विस्तृत विवरण प्रस्तुत गरिएको छ। उक्त विवरण अनुसार तल देखाइएको ग्राफ बमोजिम कुल आम्दानीमा आन्तरिक स्रोतको अंश चालु आर्थिक वर्षको अनुमानित रकममा भएको करिब १० प्रतिशतरहेको मा प्रक्षेपण अवधिको अन्त्यमा करिब १९ प्रतिशतसम्म हुने देखिन्छ।


***तालिका ६.२:****कुल आयमा आन्तरिक आयको तुलनात्मक स्थिति र वृद्धिदर (रकम रुहजारमा)*

| सि. नं | विवरण | आ.व. ०७७७८ को प्रस्तावित | बर्षिक संभाव्य रकम रकम रु | आगामी तीन आर्थिक वर्षको प्रक्षेपित रकम | | |
|---|---|---|---|---|---|---|
| | | | | आ.व. ०७८/७९ | आ.व. ०७९/८० | आ.व. ०८०/८१ |
| १ | आन्तरिक राजस्व | ८५,७०० | १७०,०२७ | १६७,५९८ | १८४,७२५ | २०४,२८७ |
| २ | वित्तीय हस्तान्तरणा (संघ, प्रदेश) | ६५५,३४७ | ७२०,८८२ | ७२०,८८२ | ७९२,९७० | ८७२,२६७ |
| ३ | गतवर्षको मौज्दात | १३८,३४८ | ६९,१७४ | ३४,५८७ | १७,२९४ | ८,६४७ |
| ***जम्मा*** | | ८७९,३९५ | ९६०,०८२ | ९२३,०६७ | ९९४,९८९ | १,०८५,२०० |
| ***कूल आयमा आन्तरिक आयको %*** | | ९.७५% | १७.७१% | १८.१६% | १८.५७% | १८.८२% |
| ***आन्तरिक स्रोतको वृद्धि*** | | | ९८.४०% | -१.४३% | १०.२२% | १०.५९% |



# परिच्छेद- सात : अनुगमन तथा मूल्यांकन व्यवस्था

योजनाले सार्थकता पाउने मुख्य माध्यम नै योजनाको प्रभावकारी कार्यान्वयन हो । कार्यान्वयनमा प्रभावकारिताका लागि अन्य कुराको अतिरिक्त यसको अनुगमनको लागि भरपर्दो विधि र संयन्त्र किटान हुन आवश्यक भए जस्तै राजस्व सुधार कार्ययोजनामा समावेश भएका कृयाकलापहरुको कार्यान्वयन सुनिश्चितताका लागि पनि यसको नियमित र भरपर्दो अनुगमनको व्यवस्था गरिनु जरुरी हुन्छ । राजस्व सुधार कार्ययोजनाको अनुगमनमा मुख्य रुपमाराजस्व शाखा/महाशाखा, प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति तथा कार्यपालिकाको भूमिका महत्वपूर्ण हुन्छ ।




अनुगमनबाट नगरपालिकाको राजस्व सम्बन्धी नीति र योजनाको उचित रुपमा कार्यान्वयन भए नभएको, राजस्व असुलीको प्रवृत्ति लक्ष्य अनुरुप भए नभएको, राजस्व प्रशासनमा कुनै समस्या भए नभएको, सुधारका लागि गरिएका निर्णय कार्यान्वयन भए नभएको, अभिलेख दुरुस्त राखे नराखेको, निर्धारित अवधिमा राजस्व कोषमा दाखिला गरे नगरेको आदि कुराहरु नियमित रुपमा अनुगमन गरी अद्यावधिक सूचना प्राप्त गर्ने र आवश्यकता अनुसार निर्णय, निर्देशन तथा नगरपालिकामा सिफारिस लगायतको कार्यबाट मात्र स्वीकृत आर्थिक ऐनको प्रभावकारी कार्यान्वयन गर्न सहयोग पुग्दछ । प्रस्तुत राजस्व सुधार कार्ययोजना र सो वमोजिम संकलित राजस्वको अनुगमन तथा मूल्यांकनका लागि निम्न वमोजिम अनुगमन तथा मूल्यांकन गर्न उपयुक्त हुने देखिन्छ ।

*तालिका ७.१ :अनुगमन योजना*

| के अनुगमन गर्ने ? | कसले अनुगमन गर्ने ? | कहिले अनुगमन गर्ने ? | कसरी अनुगमन गर्ने ? |
|---|---|---|---|
| राजस्व असुली | राजस्व शाखा प्रमुख | दैनिक, मासिक, चौमासिक, र बार्षिक | • स्थलगत अनुगमन गर्ने<br>• नतिजामूलक अनुगमन खाका अनुसार लक्ष्य तथा प्रगति अनुगमन गर्ने |
| राजस्व प्रशासन | प्रमुख प्रशासकीय अधिकृत | मासिक, चौमासिक, र बार्षिक | • स्थलगत अनुगमन गर्ने<br>• नतिजामूलक अनुगमन खाका अनुसार लक्ष्य र प्रगतिको तुलना गर्ने |
| राजस्व सुधार योजना | प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति, कार्यपालिका | मासिक, चौमासिक र बार्षिक | • स्थलगत अनुगमन गर्ने<br>• नतिजामूलक अनुगमन खाका अनुसार लक्ष्य र प्रगतिको तुलना गर्ने |

| के अनुगमन गर्ने ? | कसले अनुगमन गर्ने ? | कहिले अनुगमन गर्ने ? | कसरी अनुगमन गर्ने ? |
|---|---|---|---|
| समन्वय तथा सहकार्य | राजस्व शाखा, प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति, कार्यपालिका | मासिक, चौमासिक र वार्षिक | • स्थलगत अनुगमन गर्ने<br>• समन्वय र सहजीकरण गर्ने<br>• मार्गदर्शन तथा निर्देशन दिने |
| राजस्व नीति | राजस्व शाखा, प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति, कार्यपालिका, सभा | चौमासिक र बार्षिक | • चौमासिक तथा वार्षिक कार्ययोजनाको लक्ष्य र प्रगति सम्बन्धी तुलनात्मक विश्लेषण गरी आवश्यक रणनीति सिफारिस, सुझाव तथा निर्देशन र पृष्ठपोषण प्रदान गर्ने |
| राजस्व प्रतिवेदन | राजस्व शाखा, प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति, कार्यपालिका, सभा, लेखापरीक्षक | मासिक, चौमासिक र वार्षिक | • मासिक, चौमासिक तथा वार्षिक लक्ष्य र प्रगति प्रतिवेदनहरु सम्बन्धी तुलनात्मक विश्लेषण गरी आवश्यक रणनीति सिफारिस, सुझाव तथा निर्देशन र पृष्ठपोषण प्रदान गर्ने |
| समीक्षा | उपाध्यक्ष | चौमासिक र बार्षिक | • लक्ष्य र उपलब्धि सहित सिकाईको प्रस्तुति र सुधारको पृष्ठपोषण प्राप्त गरी आगामी मार्गचित्र तयार गर्ने |

राजस्वका स्रोत अनुसार अनुगमन गर्दा हेर्नुपर्ने कुराहरुको सूची तयार गरी अनुगमन गर्दा प्रभावकारी हुन्छ। साथै अनुगमनको प्रतिवेदन तयार गर्ने कार्यलाई अनिवार्य गरिनु पर्दछ। मन्त्रालयबाट जारी गरिएको स्वःमूल्यांकन सम्वन्धी (LISA) कार्यविधिको प्रयोग समेतमा राजस्व वृद्धि सम्वन्धी सूचकहरुबाट समेत आवधिक मूल्यांकन गर्न सिफारिस गरिएको छ।

# cg';"rLx?

*अनुसूची १(क)*

## बेलकोटगढी नगरपालिका, नुवाकोटको बिद्युतीय माध्यमबाट राजस्व सुधार कार्ययोजना तथा उद्यम व्यवसाय स्थापना संचालन कार्यविधि सम्बन्धी अन्तरक्रिया

मिति २०७७ साल असौज महिना १ गते (तदनुसार १७ सेप्टेम्वर २०२०) विहीबारका दिन बेलकोटगढी नगरपालिकाको लागि पुर्णीमा कार्यक्रमको आर्थिक सहयोग र सेमिड–नेपालको प्राविधिक सहयोगमा तयार गरिएको नगरपालिकाको राजस्व सुधार कार्य योजना प्रथम मस्योदा (भाद्र, २०७७) र उद्यम व्यवसाय (स्थापना तथा संचालन) सम्बन्धी कार्यविधि २०७७, व्यवसायिक कर सुधार योजना २०७७, उद्यम व्यवसाय प्रवर्द्धन, दर्ता नियमन तथा सुविधा सहुलियत सम्बन्धी जानकारी पुस्तिका २०७७ माथि अन्तर्कृया गरिएको थियो। नगरपालिकाका पदाधिकारी तथा कर्मचारीहरुबाट आवश्यक राय सुझाव लिई राजस्व सुधार कार्य योजना एंव व्यवसाय संचालन तथा कर निर्धारण समेतको दस्तावेजलाई अन्तिम रुप दिने उद्वेश्य अनुरुप नगरपालिकाका प्रमुख, उप प्रमुख  प्रमुख प्रशासकीय अधिकृत, कर्मचारी र पुर्णिमा कार्यक्रमका विषय विशेषज्ञ र सेमिड–नेपालका विज्ञहरु समेत गरी जम्मा २१ जनाको सहभागितामा विद्युतीय माध्यम (जुम) बाट अन्तर्कृया गरिएको थियो । अन्तर्कृया कार्यक्रम देहाय बमोजिम संचालन गरिएको थियो ।

**अन्तरक्रिया संचालन कार्यक्रमः**

- अध्यक्षता ग्रहण,
- परिचयात्मक कार्यक्रम,
- अन्तर्कृयासंचालनको उद्देश्य र प्रस्तुति,
- छलफल,
- राय सुझाव संकलन र प्रतिवद्धता

(१) **अध्यक्षता ग्रहणः** नगरपालिकाका प्रमुख श्री राजेन्द्ररमण खनालज्युबाट गरिएको थियो ।

(२) **परिचयात्मक कार्यक्रमः** नगरपालिकाको तर्फबाट प्रमुख प्रशासकीय अधिकृत श्री लेखनाथ पोखरेलबाट गरिएको थियो भने सिमेड नेपालको तर्फबाट टिमलिडर श्री गंगा दत्त अवस्थीज्युबाट गराईएको थियो ।

(३) **अन्तरक्रिया कार्यक्रम संचालनको उद्वेश्यः** सिमेड नेपालका विषय विज्ञ श्री पुरुषोतम नेपालजयूबाट कार्यक्रमको उद्येश्य माथि प्रस्तुति गर्न भएको थियो ।

(४) **खुल्ला छलफलः** सहभागितात्मक पद्धति अनुसार उपस्थित सबै सहभागिहरुको राय सुझाव संकलन गरिएको थियो ।

(५) **प्रतिवद्धताः** अन्तमा नगरपालिकाका प्रमुख र उप प्रमुख तथा सिमेड नेपालका टिमलिडरबाट तयार भएको दस्तावेजहरुलाई प्रकृयागत रुपमा लागु गर्ने प्रतिवद्धता गरिएको थियो ।

**अन्तरक्रिया** प्रस्तुतिका विषय, सहभागिहरुको उपस्थिति, नगरपालिका भित्रका सवाल, सुझाव सल्लाह तथा प्रतिवद्धता एंव सहभागीहरुको फोटो फिचर्शः देहाय बमोजिम रहेको छन ।

*(क) अन्तरक्रिया प्रस्तुतिका विषय:*

- नगरपालिकाको राजस्व सुधार कार्ययोजनाको पृष्ठिभूमी
- राजस्वका चक्र
- आन्तरिक राजस्व अभिबृद्धिका आधारहरु
- नगरपालिकाको अपेक्षित प्रतिफल
- उद्यम व्यवसायको किसिम, दर्ता तथा नविकरण सम्बन्धी व्यवस्था
- नगरपालिकासंगको अपेक्षा

*(ख) अन्तरक्रिया सहभागिहरुको उपस्थिति विवरण:*

| सि.न. | सहभागीको नाम थर | पद | कार्यरत कार्यालय |
|---|---|---|---|
| १ | श्री राजेन्द्ररमण खनाल | मेयर | बेलकोटगढी नगरपालिका |
| २ | श्री कविता ढुगांना | उप मेयर | बेलकोटगढी नगरपालिका |
| ३ | लेखनाथ पोखरेल | प्रमुख प्रशासकिय अधिकृत | बेलकोटगढी नगरपालिका |
| ४ | श्री रमेश प्रशाद न्यौपाने | वडा अध्यक्ष २ | बेलकोटगढी नगरपालिका |
| ५ | श्री खिलानाथ बासकोटा | लेखापाल | बेलकोटगढी नगरपालिका |
| ६ | श्री छबिलाल शर्मा | कृषि विकस अधिकृत | बेलकोटगढी नगरपालिका |
| ७ | श्री शिवराम अधिकारी | योजना तथा प्रशासकिय अधिकृत | बेलकोटगढी नगरपालिका |
| ८ | श्री गिता अमात्य | वरिष्ट उपाध्यक्ष | नुवाकोट उद्योग वाणिज्य संघ |
| ९ | श्री रविन्द्र बहादुर सिह | लिड विज्ञ | पुर्णिमा कार्यक्रम |
| १० | श्री महेश नेपाल | बरिष्ट क्षमता विकास विज्ञ | पुर्णिमा कार्यक्रम |
| ११ | श्री चक्रपाणि तिमिलसिना | इन्टरप्राईज संयोजक | पुर्णिमा कार्यक्रम |
| १२ | श्री कमल खनाल | योजना तथा सुशान विज्ञ | पुर्णिमा कार्यक्रम |
| १३ | श्री गंगादत्त अवस्थी | टिम लिडर | सेमिड नेपाल |
| १४ | श्री पुर्णचन्द्र भट्टराई | विषय विशेषज्ञ | सेमिड नेपाल |
| १५ | श्री पुरुषोतम नेपाल | विषय विशेषज्ञ | सेमिड नेपाल |
| १६ | श्री बालगोविन्द विष्ट | विषय विशेषज्ञ | सेमिड नेपाल |
| १७ | श्री रुद्र सापकोटा | विषय विशेषज्ञ | सेमिड नेपाल |
| १८ | श्री भगीरथ भट्ट | विषय विशेषज्ञ | सेमिड नेपाल |
| १९ | श्री लक्ष्मन पाण्डे | विषय विशेषज्ञ | सेमिड नेपाल |
| २० | श्री नवराज कोइराला | विषय विशेषज्ञ | सेमिड नेपाल |
| २१ | श्री बिदुर बस्नेत | विषय विशेषज्ञ | सेमिड नेपाल |

### *(ग) राजस्व सुधारका क्षेत्रका प्रमुख सवाल/समस्या/चुनौति*

- संघ प्रदेश र स्थानीय तहका व्यवसाय कर सम्बन्धी ऐनहरु बाझिएकाले सबैलाई दायरामा ल्याउन नसकिएको ।
- ग्रामीण नगरपालिका भएकोले हाल पुर्वाधार कर लगाउन नसकिएको ।
- नगरपालिकाले राजस्व निर्धारणका सबै क्षेत्र समेट नसकिएको ।
- कोभिड १९का कारणले लक्ष अनुसार कर उठाउन नसकिएका, दायरा पनि बढाउन नसकिएको ।
- नगरपालिका क्षेत्र भित्र संचालित फर्निचर उद्योगलाई कुन कानून अन्तर्गत दर्ता गर्न सकिन्छ ।
- प्रदेशका व्यवसाय सम्बन्धी ऐन बाझिएकाले व्यवसाय दर्ता प्रकृयामा दोहरोपना ।
- हाल क्रसर उद्योगहरु वन्द रहेको अवस्थाले व्यवसाय कर प्राप्त गर्न नसकेको ।
- सामुदायिक वन पैदावार जडीबुटी निकासी दस्तुर प्राप्त गर्न नसकेको । साथै सामुदायिक वन योजनालाई नगरपालिकाको योजना तर्जुमा प्रकृयामा समावेश हुन नसकेको ।

### *(घ) राजस्व सुधार कार्ययोजनाको दस्तावेज तयारीका लागि केही महत्वपूर्ण सूचना, तथ्यांक तथा स्पष्ट हुनुपर्ने सवालहरु*

- आर्थिक ऐन २०७७ अनुसार निर्धारित गरिएका कर तथा दायराहरुको खण्डिकृत तथ्यांक उपलव्ध हुन सकेको । (जस्तैः सम्पत्ति कर अन्तर्गत घरहरुको विस्तृत तथ्यांक, भूमिकर अन्तर्गत भू वर्गिकरण र क्षेत्रफल, व्यवसायक कर अन्तर्गत व्यवसायको लगानीका आधारमा कर को दर, घर नक्सापास आदि)
- सामुदायिक बन क्षेत्रबाट आय प्राप्त हुन नसकेको ।
- आर्थिक क्षेत्रका विवरणहरुमा कति प्रस्तावित गरेको थियो र कति प्राप्त भयो यथार्थ विवरण प्राप्त हुन नसकेको ।
- वडागत रुपमा राजस्वका दायराहरुको अभिलेखीकरण हुन नसकेको ।
- रजिष्टेशन र मालपोत करको रकम एउटै शिर्षकमा राख्ने गरेको ।
- तथ्यांक व्यवस्थापन सवालको रुपमा रहेको ।
- वडागत रुपमा राजस्वको महत्वबारेको अनुशिक्षण हुन नसकेको ।
- राजस्व शाखाको क्षमता विकास हुन नसकेको ।
- राजस्वको शिर्षकगत प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण पद्धति लागु गरि प्रतिवेदन व्यवस्थित गर्ने ।

### *(ङ) सहभागिबाट प्राप्त भएका सुझाव तथा सल्लाहहरु*

- नगरपालिकाले आफनो क्षेत्र भित्र आर्थिक विकास तथा पुर्वाधार विकास क्षेत्रका कार्यक्रमहरुको पहिचान तथा विश्लेषण गरी त्यसता क्षेत्रहरुलाई करको दायरामा ल्याई कर लगाउन सकिन्छ ।
- नगरपालिकाले कर निर्धारण गर्दा सबै क्षेत्रको सहभागितामा कर निर्धारण गरि लागु गर्न सकिन्छ । साथै हालको करको दर तथा दायराहरुको पुर्नमूल्यांकन गर्ने ।
- बेलकोटगढी नगरपालिकालाई भौगोलिक हिसावले तिन क्षेत्रमा विभाजित गरी करका दायराहरुको पहिचान तथा विश्लेषण गरी करका दर लगाउन सकिन्छ ।

- नगरपालिका क्षेत्र भित्रका करदाता तथा दायराहरुको विस्तृत अध्ययन गरी कर असुलीको कार्य योजना र करदाताले पाउने सेवा सुविधा सहितको विस्तृत कार्ययोजना वनाई लागु गर्न सकिन्छ। साथै नुवाकोट उद्योग वाणिज्य संघ र नगरपालिकाले पाउने प्रतिशत सहितको वाडँफाँडको योजना बनाउने।

- नगरपालिकाको लागि हाल तयार गरिएको व्यवसायिक कार्य योजनामा बैकिग सुविधाहरु के के हुन ति सुविधाको विवरण समेत समावेश गनु पर्ने।

- कर प्रशासन लाई वढी प्रभाविकारी बनाउन लेखा शाखा र राजस्व शाखाले रशिद नियन्त्रण प्रणाली लागु गर्नु पर्दछ। साथै कर क्षेत्रको वर्गिकरणको आधारमा रशिद व्यवस्थापन हुनु पर्दछ। यसको अतिरिक्त व्यवसाय करको रशिद र मालपोलको रशिद फरक फरक हुन पर्दछ। मलेप फारम अनुसार राजस्व शिर्षक प्रतिवेदन तयार गर्नु पर्दछ।

- वडागत रुपमा कर दाता शिक्षा अभियान चलाउने। साथै स्थानीय पत्र पत्रिका एंव एफ.एम. मार्फत जागरण अभियान चलाउन पर्दछ।

- राश्व शाखाको क्षमता विकास तथा संस्थागत विकासका लागि राजस्व परामर्श समितिले सबै सरोकारवालाको उपस्थितिमा चौमासिक रुपमा कर तथा दायराहरुको छलफल गर्ने परिपाटीको विकास गर्दै जानु पर्ने।

- नगरपालिकाले कानून सम्बद्ध प्राप्त अधिकार अनुसार करका क्षेत्रहरुको पहिचान तथा विश्लेषण सहितको पार्श्व चित्र तयार गर्ने।

- प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत र लेखा तथा राजस्व शाखाका कर्मचारी र ्अन्य सम्वद्ध सरोकारवालाले छलफल गर्ने राजस्व सुधार कार्ययोजना तथा व्यवसाय संचालन तथा कर निर्धारण दस्तावेजलाई अध्ययन गरी आफनो राय सुझावसहित एक हप्ताभित्र उपलब्ध गराउने।

### *(च) सेमिड नेपालका तर्फबाट बिज्ञहरुको प्रतिवद्धताः*


हाल कोभिड–(१९) को महामारीका कारण नगरपालिका/गाउँ कार्यपालिकाका सदस्य, वडा अध्यक्ष, वडा सचिव तथा पालिकाका कर्मचारी र अन्य सरोकारवालाहरु समेतको प्रत्यक्ष उपस्थितिमा कार्यशाला गोष्ठी गर्न नसकिएता पनि यस विद्युतीय माध्यम (जुम) बाट संचालन भएको कार्याशाला गोष्ठीका सहभागिहरुबाट प्राप्त सुझाव सल्लाहहरुलाई राजस्व सुधार कार्ययोजना एव व्यवसाय कार्यसंचालन प्रतिवेदनमा समावेश गरी अन्तिम रुप दिन सकिने। तर कोभिड–(१९) को अवस्था समयानुकुल भएको अवस्थामा स्वयम नगरपीलकाको व्यवस्थापनमा नगरपीलका पदाधिकारी, वडा सचिव, कर्मचारी तथा अन्य सरोकारवाला समेतको प्रत्यक्ष उपस्थितिमा सेमिड–नेपालका विज्ञहरुको सहजिकरणमा गोष्ठीको आयोजनाबाट सहभागीहरुबाट प्राप्त थप राय सुझाव समेत समावेश गरी राजस्व सुधार कार्य योजनाको दस्तावेजलाई थप परिष्कृत गर्न सकिने।


### *(छ) नगरपालिकाका मेयर तथा उप मेयरज्युको तर्फबाट प्रतिवद्धताः*

अन्तमा मेयर तथा उप मेयरबाट भएका प्रतिवद्धताहरुः

- प्राप्त भएका कार्य योजना तथा कार्य विधिहरुलाई वडा अध्यक्ष र कर्मचारी विच छलफल गराई पुनः परिमार्जनको लागि एक हप्ता भित्र पठाउने ।
- तयार भएका कार्यविधि तथा कार्य योजनालाई सरोकारवालाको प्रक्ष्यक्ष सहभागितामा छलफल गराई बोर्ड बैठकबाट स्वीकृत गराई लागु गर्ने प्रतिवद्धता ।
- उद्यम व्यवसाय तथा सम्पति कर, मालपोत कर, तथा अन्य कर एंव गैर राजस्व सम्बन्धी दायराहरुको खण्डिकृत रुपमा पाश्र्व चित्र तयार गर्ने प्रतिवद्धता ।
- नगरपालिकाको आन्तरिक आय बृद्धि तथा संस्थागत विकासका लागि सरोकारका सबै पक्षसंग सहकार्य गरी व्यवसाय कर तथा अन्य कर योजनालाई प्रभावकारी रुपमा संचालनमा ल्याउने ।

### *(ज) सहभागीहरुको फोटो फिचर्स*



*अनुसूची १(ख)*

**बेलकोटगढी नगरपालिका, नुवाकोट**

मिति २०७७।०६। २१ का दिन आयोजना गरिएको उद्यम व्यवसाय विकास तथा राजस्व सुधार कार्ययोजना व्यवस्थापन र संचालन सम्वन्धमा आयोजित मूल्यांकन तथा अभिमुखिकरण कार्यक्रममा उपस्थित महानुभावहरुको नामावली

| सि.नं | नामथर | पद |
|---|---|---|
| १ | श्री राजेन्द्ररमण खनाल | प्रमुख, बेल्कोट नगारपालिका |
| २ | श्री लेखनाथ पोखरेल | प्रमुख प्रशासकीय अधिकृत |
| ३ | श्री रमेशप्रसाद न्यौपाने | वडा अध्यक्ष, वडा नं २ |
| ४ | श्री जनककुमार धिमिरे | वडा अध्यक्ष, वडा नं ३ |
| ५ | श्री चन्द्रबहादुर लामा | वडा अध्यक्ष वडा नं ४ |
| ६ | श्री अम्बिका तामाङ्ग | वडा अध्यक्ष, वडा नं ६ |
| ७ | श्री हेमनिधि नेपाल | वडा अध्यक्ष, वडा नं ७ |
| ८ | श्री भोजप्रसाद पुडासैनी | वडा अध्यक्ष, वडा नं ८ |
| ९ | श्री पूर्णबहादुर त्रिपाठी | वडा अध्यक्ष, वडा नं १० |
| १० | श्री रामहरि पाण्डे | वडा अध्यक्ष, वडा नं ११ |
| ११ | श्री डिल्लिराम सिलवाल | वडा अध्यक्ष, वडा नं १२ |
| १२ | श्री पशुपति लोहनी | वडा अध्यक्ष, वडा नं १३ |
| १३ | श्री जयन्ती नामाङ्ग | महिला सदस्य,वडा नं ११ |
| १४ | श्री छविलाल शर्मा | कृषि विकास अधिकृत, |
| १५ | श्री अमरबहादुर तामाङ्ग | वडा सचिव, वडा नं ६ |
| १६ | श्री पुरुषोत्तम लामिछाने | वडा सचिव, वडा नं ५ |
| १७ | श्री कमलाकुमारी | वडा सचिव, वडा नं १० |
| १८ | श्री दीपेन्द्र थापामगर | का.वा .अध्यक्ष, वडा नं ५ |
| १९ | श्री विपना शर्मा | वडा सचिव, वडा नं १ |
| २० | श्री शर्मिला पौडेल | वडा सचिव, वडा नं ९ |
| २१ | श्री सुरेश सिलवाल | वडा सचिव, वडा नं ६ |
| २२ | श्री सुमन नेपाल | आन्तरिक लेखापरिक्षक |
| २३ | श्री मधुसुधन पाण्डे | वडा सचिव, वडा नं ११ |
| २४ | श्री तुलसी गौतम | वडा सचिव, वडा नं ७ |
| २५ | श्री रामचन्द्र लामा | वडा सदस्य, वडा नं ९ |
| २६ | श्री प्रशान्त राई | वडा सचिव, वडा नं १२ |
| २७ | श्री चक्रपाणी तिमिल्सीना | विकास संयोजन, पूर्णीमा कार्यक्रम |
| २८ | श्री भद्रबहादुर कठायत | वडा सचिव, वडा नं १३ |
| २९ | श्री युबराज पन्थी | सहायक पाँचौं, लेखापाल |
| ३० | श्री ऋषि पोखरेल | सहलेखापाल |
| ३१ | श्री आविन्द्रकुमार श्रेष्ठ | योजना इन्जिनियर, पूर्णीमा कार्यक्रम |
| ३२ | श्री कमल खनाल | योजना सल्लाहकार, पूर्णीमा कार्यक्रम |
| ३३ | घनेन्द्रप्रसाद रिजाल | नुवाकोट, उद्योग वाणीज्य संघ |
| ३४ | श्री शम्भू राई | सहायक पाँचौं, वडा सचिव उदयपुर |

*अनुसूची २*

## सम्पत्ति कर, मालपोत तथा भूमिकरको प्रगतिशील दर निर्धारण

नगरपालिकाले प्रत्येक बर्ष आर्थिक ऐन जारी गरी तय गरेको मालपोतको दरलाई विश्लेषण गर्दा न्यूनतम शुल्क रसिद समेत छपाउन नपुग्ने, कम जग्गा हुनेलाई बढी पर्ने र बढी जग्गा हुनेलाई कम रकम पर्ने खालको देखिएको छ। यसलाई परिमार्जन गरी कम परिमाणमा जग्गा हुनेलाई कम दरले मालपोत रकम अशुल गर्ने र बढी परिमाणमा जग्गा हुनेसंग बढी बढी दरमा मालपोत रकम अशुल गर्ने किशिमको प्रगतिशील दरमा मालपोत लगाउनु उपयुक्त हुने देखिन्छ। यसको लागि देहायमा उल्लेख गरिएको तरिकाले मालपोत लगाइएमा प्रगतिशील दर र रकम समेत सबैलाई समानुपातिक र समता उन्मूख हुने देखिन्छ। यस दरमा गरिब र सिमान्तकृत समूदाय तथा व्यवसायिक रुपमा कृषि तथा फलफुल खेती गर्ने किसानलाई गाउँपालिकाले प्रोत्साहन स्वरुप छुट दिनसक्ने प्रावधान समेत समावेश गरिएको छ।

नगरपालिकाले देहायमा उल्लेख गरे बमोजिम मालपोत निर्धारण गरिएमा प्रगतिशील र समतामुखी मालपोत लगाउन सकिने देखिएकोले सिफारिश गरिएको छ।

### १. सम्पत्ति करको प्रगतिशील दर निर्धारण गर्ने तरिका

सम्पत्ति करको प्रयोजनको लागि सम्पत्तिको मूल्यांकन गर्दा चलनचल्तीको मूल्य र घरजग्गा रजिष्ट्रेशन प्रयोजनको लागि निर्धारण गरिएको न्यूनतम मूल्यांकनको औसतलाई आधार मानी सम्पत्तिको स्वामीले स्वघोषणा गर्ने र वडाले प्रमाणित गर्ने परिपाटी अपनाउनु उपयुक्त हुन्छ। यस्तो मूल्यांकन गर्दा मन्त्रालयबाट २०७४ सालमा जारी गरेको नमूना ऐन र २०७५ सालको संशोधन पछि जारी निर्देशन अनुसार एक समिति गठन गरी सम्पत्ति कर लाग्ने सम्पत्तिको लगत तयार गर्ने, मूल्य कायम गर्दा स्वघोषणा विधि अपनाउने र एक पटक गरेको मूल्यांकन ३ बर्षसम्म परिवर्तन नहुने गर्नुपर्छ। तर यसरी कायम गरिएको सम्पत्तिको मूल्यांकन रकमलाई जुनसुकै प्रयोजनको लागि पनि नगरपालिकाले सिफारिश गर्दा परिवर्तन गर्न पाइदैन। विभिन्न स्थानीय तहमा सम्पत्ति कर प्रयोजनको लागि मूल्यांकन गर्दा कम मूल्य घोषणा गर्ने तर सोही सम्पत्ति ऋण लिन सिफारिश गर्दा वा विदेश जान सम्पत्ति प्रमाणित गर्दा बढी मूल्यमा सिफारिश माग गर्ने परिपाटी रहेको देखिएकोले यसमा मन्त्रालयले जुनसुकै प्रयोजनको लागि पनि एउटै मूल्य कायम गर्ने अनुरोध गरेको थियो।

सम्पत्ति मूल्यांकन अनुसार कर निर्धारण गर्दा शुरुमूल्य रु. ५० हजारसम्म रु.५०।- र त्यसपछि सम्पत्तिको मूल्य अनुसार थप प्रतिहजार सम्पत्तिमा २० पैसादेखि सम्पतिको मूल्य बढ्दै जाँदा थप प्रति हजारमा रु. २।- सम्म बार्षिक कर लाग्ने गरी सम्पत्ति कर लगाउन सिफारिश गरिएको छ।
सम्पत्ति कर हिसाब गर्दा देहाय बमोजिम गर्नु उपयुक्त हुन्छ।

यो पद्धति लागू गर्दा हिसाब गर्न सजिलोको लागि राजस्व शाखामा कम्प्युटर सफ्टवेयर जडान गरी कर निर्धारण तथा बिल काट्ने गरिएमा सजिलो हुने तथा मानवीय कमजोरी तथा त्रुटीबाट हुने नकारात्मक असरलाई कम गर्न सकिन्छ।

| सम्पत्ति मूल्यांकन रु. | सम्पत्ति मूल्यांकन रु. | कूल मूल्य रु. | करको दर (प्रति हजार) | कर रकम रु. | कुल कर रकम रु. |
|---|---|---|---|---|---|
| १ देखि ५० हजारसम्म | ५०,००० | ५०,००० | न्यूनतम | ५० | ५० |
| ५० हजार १ देखि २ लाखसम्म | १५०,००० | २००,००० | ०.२० | ३० | ८० |
| २लाख १देखि ५ लाखसम्म | ३००,००० | ५००,००० | ०.२५ | ७५ | १५५ |
| ५लाख १देखि १० लाखसम्म | ५००,००० | १,०००,००० | ०.३० | १५० | ३०५ |

| सम्पत्ति मूल्यांकन रु. | सम्पत्ति मूल्यांकन रु. | कूल मूल्य रु. | करको दर (प्रति हजार) | कर रकम रु. | कुल कर रकम रु. |
|---|---|---|---|---|---|
| १०लाख १ देखि २० लाखसम्म | १,०००,००० | २,०००,००० | ०.३५ | ३५० | ६५५ |
| २०लाख १ देखि ४० लाखसम्म | २,०००,००० | ४,०००,००० | ०.४० | ८०० | १,४५५ |
| ४०लाख १ देखि ७० लाखसम्म | ३,०००,००० | ७,०००,००० | ०.४५ | १,३५० | २,८०५ |
| ७०लाख १देखि १करोड १० लाखसम्म | ४,०००,००० | ११,०००,००० | ०.५० | २,००० | ४,८०५ |
| १ करोड १०लाख १ देखि २ करोडसम्म | ९,०००,००० | २०,०००,००० | ०.६० | ५,४०० | १०,२०५ |
| २ करोड१ देखि ५ करोडसम्म | ३०,०००,००० | ५०,०००,००० | ०.७० | २१,००० | ३१,२०५ |
| ५ करोड१ देखि १० करोडसम्म | ५०,०००,००० | १००,०००,००० | ०.८० | ४०,००० | ७१,२०५ |
| १०करोड १ देखि २० करोडसम्म | १००,०००,००० | २००,०००,००० | १.०० | १००,००० | १७१,२०५ |
| २० करोड१ देखि ४० करोडसम्म | २००,०००,००० | ४००,०००,००० | १.५० | ३००,००० | ४७१,२०५ |
| ४० करोड१ देखि ७० करोडसम्म | ३००,०००,००० | ७००,०००,००० | २.०० | ६००,००० | १,०७१,२०५ |

## २. मालपोत तथा भूमिकरको प्रगतिशील दर निर्धारण गर्ने तरिका

१ मालपोत तथा भूमिकरको दर निर्धारण गर्दा जग्गाको उत्पादकत्व, उपलब्ध सिंचाई सुविधा र उक्त जग्गाबाट हुने बार्षिक उत्पादनलाई विश्लेषण गरी निर्धारण गर्नु पर्छ ।

२ सवारी साधन चल्ने बाटोको छेउमा परेका प्लटहरूको व्यवसायिक महत्व हुने हुँदा त्यस्ता प्लटहरूमा भूमिकर थप लगाउनु पर्छ । तर त्यस्ता प्लटहरुमा कुनै संरचना बनेमा सम्पत्ति करको दायरामा आउने हुनाले कृषि कार्यमा प्रयोग हुन्जेल यातायातको सुविधाको हिसाबलेमात्र थप भूमिकर लगाउनु उपयुक्त हुन्छ, अर्थात थप भूमिकरको दर सामान्य हुनु पर्छ ।

३ मालपोतको दर निर्धारण गर्दा सर्वप्रथम प्रति रोपनी जग्गा बारी वा खेत जे भएपनि त्यसमा हुने मुख्य बालीको आयस्तालाई मूल्यमा रुपान्तरण गर्ने र यसमा सो बाली लगाउन के कति मल, बिउ र श्रम खर्च हुन्छ त्यस वापतको रकम मूख्य बालीको आयस्ताबाट घटाउने र बाँकी रहेको बचत रकमको ५ देखि १० प्रतिशतसम्म बार्षिक मालपोत लगाउनु पर्छ । मानौ, एक रोपनी बारीमा मुख्यबाली मकै लगाउँदा १ मुरी फल्छ र यसमा १२ पाथी जतिको खर्च लाग्छ भने बाँकी ८ पाथीको रु.१००।- का दरले रु.८००।- भयो र यसको ५ प्रतिशत रु.४०।-भयो । यस्तो जग्गामा प्रति रोपनी रु.४०।- सम्म शुरु मालपोत दर लगाउँदा उपयुक्त हुने देखिन्छ ।

४ मालपोतको दरलाई प्रगतिशील बनाउन शुरु दर कम राखी जग्गाको परिमाण अनुसार क्रमश दर बढाउँदै जानु उपयुक्त हुन्छ । सम्पत्ति कर लाग्ने घरजग्गा बाहेकको बाँकी जग्गामा न्यूनतम रसिद काट्दा रु. ३०।- बाट शुरु गरी पहाडमा १ रोपनीसम्म र तराइमा १.५ कठ्ठा (डेढ कठ्ठा) सम्म मात्र जग्गा हुनेलाई रु.३०।- मात्र लगाउने । त्यसपछि पहाडमा पाखो बारी ७ रोपनीसम्म र धनहर खेत ५ रोपनीसम्म तथा तराइमा पाखो बारी १० कठ्ठासम्म र धनहर खेत ७ कठ्ठासम्म मालपोतको दर न्यूनतममात्र लगाउने र त्यसपछिको पहाडमा पाखो बारी १० रोपनीसम्म र धनहर खेत १० रोपनीसम्म तथा तराइमा पाखो बारी १५ कठ्ठासम्म र धनहर खेत १० कठ्ठासम्म शुरु दरमा ५% थपगरी दर कायम गर्ने, त्यसपछिको पहाडमा पाखो बारी १० रोपनीसम्म र धनहर खेत १० रोपनीसम्म तथा तराइमा पाखो बारी १.५ बिगाहा सम्म र धनहर खेत १ बिगाहासम्म शुरु दरमा २५% थपगरी दर कायम गर्ने, त्यसपछिको पहाडमा पाखो बारी २० रोपनीसम्म र धनहर खेत २० रोपनीसम्म तथा तराइमा पाखो बारी ५ बिगाहा सम्म र धनहर खेत ३ बिगाहासम्म शुरु दरमा ५०% थपगरी दर कायम गर्ने, र त्यसपछिको पहाड तथा तराइमा पाखो बारी तथा धनहर खेत जति भएपनि शुरु दरमा शतप्रतिशत थपगरी दर कायम गर्ने ।

५ उपर्युक्त दरमा मालपोतको रकम हिसाव निकालेपछि सहकारी मार्फत गरिने सामुहिक खेती, गरिबीको प्रमाणपत्र प्राप्त गरिब किसान, र महिलाका नाममा भएको कृषि जग्गामा स्थानीय कानून अनुसार ५०% सम्म छुट दिन सकिने । यसैगरी उद्योग प्रयोजन तथा व्यवसायिक चिया, कफि, अलैंची, केरा, आँप, स्याउ लगायत फलफूल बगैंचा लगाउने किसानलाई स्थानीय कानून अनुसार प्रोत्साहन स्वरुप २५% सम्म रकम छुट दिन सकिने ।

६ उपर्युक्त प्रकरण ४ अनुसार आएको मालपोत रकममा मोटरेवल पिच सडकले छोएको प्लटमा ३०%, ग्राभेल गरिएको सडकले छोएको जग्गामा २०% र कच्ची मोटरेवल सडकले छोएको जग्गामा १०% भूमिकर रकम थप गरी असुल उपर गरिने ।

७ अब यसलाई मालपोत कसरी हिसाब गर्ने भन्ने बिषयमा उदाहरणबाट प्रष्ट पारौं । मानौं नगरपालिकाले न्यूनतम मालपोतको दर पाखो बारी प्रति रोपनी रु.२०।- र धनहर खेत प्रति रोपनी रु.३०।- राखेको रहेछ ।उदाहरणको लागि एकजना व्यक्तिको १ रोपनी जग्गामा घर छ, थप ४० रोपनी खेतमध्ये ५ रोपनी कच्चीबाटोले छोएको र अन्य सामान्य खेती हुने तथा ३० रोपनी बारीमध्ये ३ रोपनीमा पिचबाटोले, अर्को ४ रोपनीमा ग्राभेल बाटोले र अर्को५ रोपनीमा कच्ची सडकले छोएको छ भने छ भने उक्त व्यक्तिलाई लाग्ने मालपोत हिसाव गर्ने तरिका यस प्रकार छ ।

| | |
|---|---|
| १. सम्पत्तिकरः१रोपनीमा भएको घर र जग्गामा सम्पत्ति कर - मानौं १० लाख आएकोमा | **३०५** |
| २. धनहर खेतको मालपोतः ४० रोपनी खेतमध्ये पहिलो ५ रोपनीको प्रतिरोपनी रु. ३०।- ले | १५० |
| त्यसपछिको १० रोपनीको दरमा ५% थप गरी प्रतिरोपनी ३१।५० ले | ३१५ |
| त्यसपछिको१० रोपनीको दरमा २५% थप गरी प्रतिरोपनी ३७।५० ले | ३७५ |
| त्यसपछिको १५ रोपनीको दरमा ५०% थप गरी प्रतिरोपनी ४५।- ले | ६७५ |
| मोटरेबल कच्ची सडकले छोएको ३ रोपनीमा थप ३० प्रतिशत (४५*३*०.१०) | १४ |
| धनहर खेतको जम्मा | **१५२९** |
| ३. पाखो बारीको मालपोतः३० रोपनीबारीमध्ये पहिलो ७ रोपनीको दर २०।- ले | १४० |
| त्यसपछिको १० रोपनीको दरमा ५% थप गरी प्रति रोपनी२१।- ले | २१० |
| त्यसपछिको १० रोपनीको दरमा २५% थप गरी प्रति रोपनी २५।- ले | २५० |
| त्यसपछिको ३ रोपनीको दरमा५०% थपगरी प्रति रोपनी ३०।- ले | ९० |
| पाखो बारीको मालपोत जम्मा | **६९०** |
| ४. भूमीकरः मोटरेबल पिच सडकले छोएको ३ रोपनीमा थप ३० प्रतिशत (३०*३*०.३०) | २७ |
| मोटरेबल ग्राभेल सडकले छोएको ४ रोपनीमा थप २० प्रतिशत (२५*४*०.२०) | २० |
| मोटरेबल पिच सडकले छोएको ५ रोपनीमा थप ३० प्रतिशत (२५*३*०.१०) | ८ |
| सडक सुविधायुक्त जग्गाको थप जम्मा कर | ५५ |
| **कूल जम्मा** | **२५७९** |

नोटः यो विधि वैज्ञानिक तथा प्रगतिशील छ । तर यसमा हिसाब निकाल्न अलि जटिल छ तर कम्प्युटर सफ्टवेयरबाट हिसाव गर्ने व्यवस्था गरेमा सरल हुनुका साथै मानवीय कमजोरी तथा त्रुटीबाट हुने नकारात्मक असरलाई कम गर्न सकिन्छ ।

*अनुसूची ३*

## *कुल आय सहित आन्तरिक स्रोतको प्रक्षेपण रकम (रु. हजारमा)*

| राजस्व संकेत | राजस्व शिर्षक | यथार्थ | अनुमान | अनुमान | बार्षिक संभाव्य रकम रु | प्रक्षेपित आय | | | प्रक्षेपणका आधार |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ०७५/७६ | ०७६/७७ | ०७७/७८ | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | |
| ११३१३ | सम्पत्ति कर *(सम्पत्ति कर)* | | | | ७,३७३ | ५,१६१ | ५,८९८ | ७,३७३ | संभावित रकमको पहिलो वर्षमा ७० प्रतिशत, दोस्रोमा ८० प्रतिशत र तेस्रोमा सत्प्रतिशत हुने गरी |
| ११३१४ | भूमी कर/मालपोत | ६,२३६ | २,००० | ३,००० | ४,०४३ | ३,२३४ | ३,४३६ | ३,६३९ | संभावित रकमको पहिलो वर्षमा ८० प्रतिशत, दोस्रोमा ८५ प्रतिशत र तेस्रोमा ९० प्रतिशत हुने गरी |
| ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | | ९,८७० | ५,००० | ५,००० | ६,००० | ७,२०० | ८,६४० | कुल संभाव्यता बमोजिम वार्षिक २० प्रतिशत बृद्धि हुने अनुमान |
| ११३२१ | घर बहाल कर | १,०४९ | ३० | | १,४२४ | १,२८१ | १,३५२ | १,४२४ | बहालमा बसेका व्यवसायीहरुको संभावित रकमको पहिलो वर्षमा ९० प्रतिशत, दोस्रोमा ९५ प्रतिशत र तेस्रोमा १०० प्रतिशत हुने गरी |
| ११३२२ | बहाल विटौरी कर | | | - | - | | | | हाल नभएको कार्ययोजनामा उल्लेख भएबमोजिम सो क्षेत्रको पहिचान तथा क्षेत्र निर्धारण गरी न.पा. ले प्रक्षेपण गर्न सक्ने । |
| ११४११ | बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | | | | | | | | न.पा. बाट विस्तृत विवरण प्राप्त नभएको र वित्तीय हस्तान्तरणमा एकमुष्ठ राखिएकाले सोही बमोजिम तल समावेश गरिएको ।चालु आवमा संघीय सरकारवाट मु.अ.कर तथा आन्तरिक अन्तशुल्क बापत प्राप्त सिलिंगका आधारमा वार्षिक १०% बृद्धिहुने अनुमान |
| १४४२१ | बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क | | | | | | | | |

| राजस्व संकेत | राजस्व शिर्षक | यथार्थ | अनुमान | अनुमान | बार्षिक संभाव्य रकम रु | प्रक्षेपित आय | | | प्रक्षेपणका आधार |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ०७५/७६ | ०७६/७७ | ०७७/७८ | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | |
| ११४५१ | सवारी साधन कर (साना सवारी) | | | | | - | - | - | |
| ११४५२ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | | | | | | | | |
| ११४७१ | बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | | | | | | | | |
| ११४७२ | बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | | ५० | | ६० | ६० | ६६ | ७३ | गतवर्षको अनुमान रकममा २० प्रतिशत रकम कुल संभावना मानी तत्पश्चात सोही रकम र वार्षिक १०% ले बृद्धि हुने अनुमान। सो रकम मध्ये ६०% न.पा.को आय हुने। |
| ११४७९ | अन्य मनोरंजन कर | | | | | | | | संभावना नभएको। |
| ११६११ | व्यवसायले भुक्तानी गर्ने ( जडिबुटी, कवाडी र जिवजन्तु कर) | | | | | | | | हाल संभावना न्यून। बिज्ञ टोलीबाट अध्ययन गरी सो बमोजिम न.पा. ले पछि प्रक्षेपण गर्न सक्ने। |
| १३३११ | समानिकरण अनुदान (संघ र प्रदेश) | ५२१,७०२ | ५२६,३९६ | ६५५,३४७ | ७२०,८८२ | ७२०,८८२ | ७९२,९७० | ८७२,२६७ | सवै किसिमका अनुदान र बाँडफाँटको रकम विस्तृत विवरण प्राप्त हुन नसकेको र एकमुष्ठ रकमलाई चालु आवको अनुमान रकममा १०% ले बृद्धि हुने गरी अनुमान गरिएको |
| १३३१२ | शसर्त अनुदान चालु (संघ र प्रदेश) | | | | | | | | |
| १३३१३ | शसर्त अनुदान पूँजीगत | | | | | | | | |

| राजस्व संकेत | राजस्व शिर्षक | यथार्थ | अनुमान | अनुमान | बार्षिक संभाव्य रकम रु | प्रक्षेपित आय | | | प्रक्षेपणका आधार |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ०७५/७६ | ०७६/७७ | ०७७/७८ | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | |
| १३३१४ | विषेश अनुदान चालु | | | | | | | | |
| १३३१५ | विषेश अनुदान पूँजीगत (प्रदेश प्रशा. भवन) | | | | | | | | |
| १३३१६ | समपुरक अनुदान चालु (प्रदेश) | | | | | | | | |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | | | | | | | | |
| १३३१८ | अन्य अनुदान चालु *(सामाजिक सुरक्षा)* | | | | | | | | |
| १३३१९ | अन्य अनुदान पूँजीगत | | | | | | | | |
| १४२१३ | अन्य बिक्रिबाट प्राप्त रकम (वालुवा, माटो, काठ आदि) | १३४,८२७ | ६२,७०० | ६४,७०० | १३४,८२७ | १३४,८२७ | १४८,३१० | १६३,१४१ | त्रिशुली नदीमा ढुंगा गिट्टी बालुवाको संभावना र आगामी वर्ष लोकमार्ग निर्माणका लागि अत्यधिक माग हुने भएकाले गत वर्षमा लागेको अंकलाई संभावना मानी आगामी वर्ष संभावना रकम बमोजिम र तत्पश्चात बमोजिम १० प्रतिशत वृद्धि गरिएको । |
| १४२४२ | नक्सापास दस्तुर | ३,५५४ | ९,००० | ५,००० | ५,००० | ५,२०० | ५,४०८ | ५,६२४ | चालु आ.व. को अनुमान बमोजिम कुल सम्भावना कायम गरी त्यसपछि राष्ट्रिय शहरी औसत वृद्धि दरका आधारमा ४% ले बृद्धि हुदै जाने अनुमान गरिएको । |

| राजस्व संकेत | राजस्व शिर्षक | यथार्थ | अनुमान | अनुमान | बार्षिक संभाव्य रकम रु | प्रक्षेपित आय | | | प्रक्षेपणका आधार |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ०७५/७६ | ०७६/७७ | ०७७/७८ | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | |
| १४२४३ | सिफारिस दस्तुर (प्रमाणित दस्तर/सेवा शुल्क समेत) | १२,६७७ | १०,७०४ | ८,००० | ८,८०० | ८,८०० | ९,६८० | १०,६४८ | गतवर्ष बमोजिम १० प्रतिशत वृद्धि भई कुल संभावना कायम गरिएकोको र सोही बमोजिम आगामी आ.व.मा १००% र त्यसपछि वार्षिक १०% का दरले बृद्धिहुने अनुमान |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | | | | | | | | • तथ्याङ्कको अभावमा नगरिएको |
| १४२४५ | नाता प्रमाणित दस्तुर (अन्य प्रमाणित समेत) | | | | | | | | • तथ्याङ्कको अभावमा नगरिएको |
| १४२४९ | अन्य दस्तुर (दर्ता, अनुमति, इजाजत) (सेवा शुल्क दस्तुर) | | | | | | | | • तथ्याङ्कको अभावमा नगरिएको |
| १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ३,००० | | | ७१२ | ५६९ | ६४१ | ७१२ | ९४९ व्यवसायी मध्ये प्रति व्यवसायी रु ७५० औसतमाका आधारमा आगामी वर्षमा कुल सम्भावनाको ८०%, दोस्रो वर्षमा ९०%, तेस्रो वर्षमा १००% प्राप्त हुने अनुमान |
| १४२५४ | रेडियो/एफ.एम. सञ्चालन दस्तुर | | | | | | | | |
| १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | | | | | | | | |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | | ५० | | १०० | १०० | १०० | १०० | वार्षिक एकमुष्ठ रु.१ लाख प्राप्त हुने अनुमान |
| १४३१३ | धरौटी | | | | | | | | |

| राजस्व संकेत | राजस्व शिर्षक | यथार्थ | अनुमान | अनुमान | बार्षिक संभाव्य रकम रु | प्रक्षेपित आय | | | प्रक्षेपणका आधार |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ०७५/७६ | ०७६/७७ | ०७७/७८ | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | |
| | सदरस्याहा | | | | | | | | |
| १४५२९ | अन्य राजस्व (सामुदायिक वन तथा अन्य क्षेत्र) | | | | १,०७५ | १,०७५ | १,१८३ | १,३०१ | ४३ वटा सामुदायिक वनको वार्षिक औसतमा रु २ लाख ५० हजार हुने र सोको १०% ले प्राप्त हुने अनुमानका आधारमा पहिलो वर्ष संभावित रकम र दोस्रो आ.व. देखि वार्षिक १० प्रतिशत वृद्धि हुने गरी |
| १४६११ | व्यवसाय कर | | १,००० | | १,६१३ | १,२९१ | १,४५२ | १,६१३ | हालको व्यवसायीसंख्या बमोजिम संभावित रकमको पहिलो वर्षमा ८० प्रतिशत, दोस्रोमा ९० प्रतिशत र तेस्रोमा १०० प्रतिशत हुने गरी |
| | गत वर्षको मौज्दात | ९१,३९३ | १६०,००० | १३८,३४८ | ६९,१७४ | ३४,५८७ | १७,२९४ | ८,६४७ | आगामी आ.व. मा खर्चमा वृद्धि भई ५० प्रतिशत मौजदात रकम घट्दै जाने अनुमानका आधारमा |
| | **जम्मा** | **७७४,५०८** | **७८१,८००** | **८७९,३९५** | **९६०,०८२** | **९२३,०६७** | **९९४,९८९** | **१,०८५,२००** | |

**अनुसूची ४**

**बेलकोटगढी नगरपालिकाको घरजग्गा रजिष्ट्रेशनका लागि निर्धारण दर रु.**

| सि.न. | साविक गाविस/वडा नम्वर | हालको वडा नं. | खेत प्रति रोपनी न्यूनतम मूल्य रु. | पाखोप्रति रोपनी न्यूनतम मूल्य रु. |
|---|---|---|---|---|
| १ | बेलकोट ४ र ९ | १ | ६९५०० | ५३००० |
| २ | कुमारी ६, ८ र ९ | २ | ८८००० | ५५००० |
| ३ | कुमारी १, २, ३, ४ र ७ | ३ | ८८००० | ५५००० |
| ४ | कुमारी ५ | ४ | ८८००० | ५५००० |
| | दुईपिपल ५ र ९ | | ६९५०० | ४६५०० |
| ५ | दुईपिपल ३, ४, ६ र ८ | ५ | ६९५०० | ४६५०० |
| ६ | दुईपिपल १, २ र ७ | ६ | ७०००० | ४६५०० |
| ७ | रातमाटे १ देखि ९ | ७ | १४०००० | ८८००० |
| ८ | जिलिङ्ग १ देखि ५ | ८ | १४०००० | १०५००० |
| ९ | जिलिङ्ग ६ देखि ९ | ९ | ११०००० | ८७००० |
| १० | बेलकोट १ देखि ३ | १० | १०१००० | ६९५०० |
| ११ | बेलकोट ५ देखि ८ | ११ | ८५००० | ६९५०० |
| १२ | मदानपुर ३ देखि ५ | १२ | ८५००० | ५२००० |
| १३ | मदानपुर १, २, ६ देखि ९ | १३ | ८८००० | ५५००० |

# अनुसूचि ५. सन्दर्भ सामग्रीहरु


- नेपालको संविधान, २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- सहकारी ऐन, २०७४
- वन ऐन, २०७६
- नेपाल सरकारको वजेट वक्तब्य, २०७७७८
- नेपाल सरकारको आर्थिक ऐन, २०७७
- बागमती प्रदेश आर्थिक ऐन, २०७७
- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४
- राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण ऐन, २०७६
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन २०७६
- सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन २०७५
- औद्योगिक नीति २०६७, व्यापार नीति २०७२, आपूर्ति नीति २०६९
- औद्योगिक व्यवसाय ऐन २०७३ (संशोधन २०७६)
- प्राइभेट फर्म दर्ता ऐन, २०१४ (संशोधित २०७५) तथा नियमावली, २०३४ (संशोधित २०७६)
- साझेदारी ऐन, २०२० (संशोधन २०७५)
- कम्पनी ऐन, २०६३ (संशोधन २०७५)
- स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी ब्यवस्था, २०७४
- एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७६
- बेलकोटगढी नगरपालिकाको आर्थिक ऐन २०७७
- प्रदेश तथा स्थानीय कर सम्बन्धी अध्ययन तथा सुझाव प्रतिवेदन, २०७५ - नेपाल सरकार (मन्त्रिपरिषद्) निर्णयबाट गठित कार्यदलले अर्थ मन्त्रालय समक्ष पेश गरेको
- बेलकोटगढी नगरपालिकाका विभिन्न आर्थिक वर्षहरूको योजना, बजेट तथा कार्यक्रमहरू
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रगति प्रतिवेदनहरू
- गाउँपालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शन २०७६
- ढुंगा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
- RK Shah, Fiscal federalism in Nepal :Challenges and Opportunities, Research Nepal Journal of Development Studies, 2019
- Sepulveda and Vazquez, Explaining property tax collections in developing countries: the case of Latin America,2012
- Federalism in Nepal, Local Bodies Fiscal Commission - LBFC, Nepal